सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ असोज २०८२, बिहीबार (9 Oct 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १७३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ लिचीबारी घुस प्रकरण
पूर्वमन्त्रीद्वय गुप्ता र श्रेष्ठसहित सातविरुद्ध भ्रष्टाचार मुद्दा दायर



■ पूर्वमन्त्रीद्वयलाई जनही ७८ लाख बिगो र ११ वर्षसम्म कैद माग दाबी



राजकुमार गुप्ता | रञ्जिता श्रेष्ठ

अख्तियारले पूर्वसामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र पूर्वभूमि व्यवस्थामन्त्री रञ्जिता श्रेष्ठलाई जनही ७८ लाख बिगो दाबी गरेको छ। घुस लिएसम्बन्धीको कसुरमा ६ देखि आठ वर्षसम्म कैद माग दाबी गरेको छ भने उनीहरू विशिष्ट पदाधिकारी भएकाले थप तीन वर्ष कैद सजाय पनि मागेको छ।

■ अरू प्रतिवादीलाई कति बिगो र सजाय ?

● **रामचन्द्र अधिकारी**
कास्की मालपोतका तत्कालीन प्रमुख मालपोत अधिकृत
बिगो : ५३ **लाख**
कैद : **६ देखि आठ वर्ष**

● **सुजन लामा तामाङ**
बिचौलिया
बिगो : **७८ लाख**
कैद : **६ देखि आठ वर्ष**

● **यामकुमारी गुरुङ र तुल्सीराम बुढा**
बिगो : **जनही ७८ लाख**
कैद : **६ देखि आठ वर्ष**

● **खेमबहादुर पुन**
एमाले गण्डकी प्रदेश सदस्य
बिगो : २५ **लाख**
कैद : **दुई देखि चार वर्ष**

सुवास भट्ट, रोहितराज पराजुली

पोखराको बाटुलेचौरस्थित लिचीबारी जग्गा प्रकरणमा ७८ लाख रुपैयाँ घुस लेनदेन भएको ठहर गर्दै त्यसमा संलग्न दुई पूर्वमन्त्रीसहित सातविरुद्ध बुधबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियारले पूर्वसामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र तत्कालीन भूमि व्यवस्थामन्त्री रञ्जिता श्रेष्ठलाई प्रमुख प्रतिवादी कायम गरेर अन्य पाँच बिचौलियाविरुद्धसमेत घुस रिसवत लिई भ्रष्टाचार गरेको

» पृष्ठ २ मा क्रमशः

उन्मुक्ति पाइरहेका पूर्वमन्त्री बलराम अधिकारीमाथि पनि अब अनुसन्धान हुने



३२ लाख घुस लिएको दाबीसहितको अडियो सार्वजनिक हुँदा पनि सत्ताशक्तिको आडमा अनुसन्धानबाहिरै राखिएका पूर्वभूमि व्यवस्थामन्त्री बलराम अधिकारीमाथि पनि अब अनुसन्धान हुने भएको छ। एमाले नेतासमेत रहेका मन्त्री अधिकारीले पार्टी अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी ओलीकै आडमा अनुसन्धानबाट उन्मुक्ति पाउँदै आएका थिए। जेन-जी आन्दोलनले ओलीलाई सत्ताच्युत गरेपछि अहिले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार छ भने जेन-जी अगुवा, सहिदका परिवार र घाइतेहरूले अख्तियार प्रमुख प्रेम राईसहित सबै आयुक्तहरूले राजीनामा दिनुपर्ने दबाब बढाइरहेका छन्। यसैवेला अख्तियारले पूर्वमन्त्रीद्वयसहित सातजनालाई मुद्दा दायर गर्दै अर्का पूर्वमन्त्री अधिकारीसहित तत्कालीन सचिव अर्जुनप्रसाद पोखरेल (हाल अवकाश) लाई अनुसन्धानमा तान्ने जनाएको हो।

बिचौलिया सुजनसँग पूर्वमन्त्री अधिकारीले ३२ लाख घुस लिएको आरोप छ। त्यस्तै, पोखरेलले पाँच लाख नगदसहित १० हजार मूल्यका सामान, रक्सी र दुई वनकुखुरा लिएको आरोप छ। यी विषयका सम्बन्धमा छुट्टै मिसिल खडा गरी अनुसन्धान अधिकृत तोकी थप अनुसन्धान गर्ने निर्णय भएको अख्तियारले आरोपपत्रमा उल्लेख गरेको छ। घुस प्रकरणमा संलग्न बिचौलियाले अधिकारीलाई पनि घुस दिएको आरोप लगाएका थिए। मुद्दा दायर भएका पूर्वमन्त्री गुप्ताले समेत अधिकारीलाई पोलेका थिए।

अधिकारीमाथि छानबिन चलिरहेको, उनीविरुद्ध मुद्दा जाने प्रमाणहरू भेटिएको र दोस्रोचरणमा उनलाई समेत प्रतिवादी बनाएर मुद्दा दायर गर्ने अख्तियार स्रोतले बतायो। 'अधिकारी पनि छानबिनको दायरामा छन्,' स्रोत भन्छ, 'थप प्रमाणहरूसमेत हेरेर उहाँविरुद्धसमेत दोस्रो मुद्दा दायर गर्ने तयारी छ।'

फेरि सत्ताकै छिनाझपटी

जेन-जी आन्दोलनले संघ सरकारबाट च्युत गरेको महिना दिन पुग्दानपुग्दै दुई ठुला दल कांग्रेस र एमाले मधेशमा मुख्यमन्त्री हटाएर अर्को सरकार बनाउने समीकरणमा, नयाँ मुख्यमन्त्रीमा कांग्रेस संसदीय दलका नेताको दाबी पेस

■ कुर्सी कब्जाका आ-आफ्ना दाउ

● मुख्यमन्त्रीका दाबेदार यादवको तर्क- **दलीय सहमति निचोडमा पुऱ्याउन दाबी पेस गऱ्यौं**

अल्पमतमा परेको एक महिना हुँदा पनि उहाँले कुर्सी छाड्नुभएन, २४ असोजभित्र विश्वासको मत वा राजीनामा दिनुपर्छ। अहिले दलीय सहमतिलाई निचोडमा पुऱ्याउन मुख्यमन्त्रीमा मेरो नाम दाबी पेस भएको हो। सरकार ढलेपछि प्रदेश प्रमुखबाट नयाँ सरकार गठनको आह्वान हुन्छ, फेरि दाबी पेस गर्छौं।



कृष्णप्रसाद यादव

● मुख्यमन्त्री सिंहको अडान- **सत्ताभन्दा प्रतिष्ठा मेरो लागि ठुलो हो, सदन फेस गर्छु**



सतिशकुमार सिंह

३० दिनभित्र विश्वासको मत लिने संवैधानिक व्यवस्था छ, सोहीअनुसार म प्रदेश सभामा विश्वासको मत फेस गर्छु। उहाँहरूले कुन कानुनअनुसार नयाँ सरकार गठनका लागि दाबी पेस गर्नुभयो, उहाँहरूलाई थाहा होला। केको हतार थियो उहाँहरूले नै जान्ने हो। सत्ताभन्दा प्रतिष्ठा मेरो लागि ठुलो हो।

■ विश्लेषकको टिप्पणी

जेन-जी आन्दोलनले दिएको धक्काबाट पनि दलहरूले चेतेनन्

● **रोशन जनकपुरी**



जेन-जी आन्दोलन भए पनि व्यवस्था उही छ, राजनीतिक महोल पुरानै छ। अझ उनीहरूले प्रदेश सरकारसँग खासै चासो राखेकै छैनन्। त्यसैले प्रदेशमा दलको पुरानै प्रवृत्ति देखिएको छ। सरकारको नेतृत्व हेरफेर भए पनि केही फरक पर्नेवाला छैन। कुनै अपेक्षा गर्न सकिँदैन।

● **राकेश मिश्रा**



खासमा त जेन-जी आन्दोलन काठमाडौंमै केन्द्रित रह्यो। तैपनि काठमाडौंमै संस्थागत प्रभाव परेको छैन। काठमाडौंबाहिर त भन्नै देखिएन। त्यसैकारण प्रदेशमा अहिले पनि सत्ताको छिनाझपटी देखिएको छ। जेन-जी आन्दोलन पछि पनि दलहरूले चेतेनन्।

जनकपुरधाममा **हरिश खुद्दार**

जेन-जी आन्दोलनले संघ सरकारबाट सत्ताच्युत गरेको महिना दिन पुग्दानपुग्दै दुई ठुला दल कांग्रेस र एमाले मधेश प्रदेशमा नयाँ सरकार बनाउने छिनाझपटीमा लागेका छन्। जनमत पार्टीभित्रको आन्तरिक विवादबिच मुख्यमन्त्री सतिशकुमार सिंहलाई हटाएर कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवलाई मुख्यमन्त्री बनाउन बुधबार प्रदेश प्रमुखसमक्ष दाबी पेस गरेका हुन्। उनीहरूले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीको

» पृष्ठ २ मा क्रमशः

मधेशको पछिल्लो सत्तासंघर्षको टाइमलाइन

● २४ भदौ : **जेन-जी आन्दोलनका क्रममा मुख्यमन्त्री सतिशकुमार सिंहको राजीनामा घोषणा**

● २८ भदौ : **तर, संविधान र संघीयता जोगाउने भन्दै राजीनामा फिर्ताको घोषणा**

● २८ भदौ : **सरकारको नेतृत्व गरिरहेको दल जनमत, संसदीय दलद्वारा मुख्यमन्त्री सिंह र आफ्ना मन्त्रीहरूलाई फिर्ता बोलाउने निर्णय। जनमतले प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता।**

● २ असोज : **मुख्यमन्त्री सिंहलाई कारबाहीका लागि जनमतले केन्द्रमा सिफारिस गऱ्यो।**

● ८ असोज : **एमाले, कांग्रेस र जनमतबिच कांग्रेस नेतृत्वमा सरकार बनाउने सहमति।**

● ८ असोज : **कांग्रेसद्वारा सरकारलाई दिएको समर्थन फिर्ता।**

● २२ असोज : **एमालेद्वारा सरकारलाई दिएको समर्थन फिर्ता।**

● २२ असोज : **कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवलाई मुख्यमन्त्री बनाउन प्रदेश प्रमुखको कार्यालयमा दाबी पेस।**

■ प्रदेश बने मन्त्री उत्पादन गर्ने 'कारखाना'

साढे दुई वर्षमा २५ मुख्यमन्त्री, २६७ मन्त्री

■ कोशी
६ मुख्यमन्त्री, ६२ मन्त्री
हिक्मत कार्की
२४ पुस ०७९ देखि १५ असार ०८०
उद्धव थापा
२१ असार ०८० देखि ११ साउन ०८०
उद्धव थापा
१६ साउन ०८० देखि २१ भदौ ०८०
हिक्मत कार्की
२२ भदौ ०८० देखि २० असोज ०८०
केदार कार्की
२६ असोज ०८० देखि २६ वैशाख ०८१
हिक्मत कार्की
२७ वैशाख ०८१ देखि बहाल

■ बागमती
३ मुख्यमन्त्री, ४५ मन्त्री
शालिकराम जम्कट्टेल
२५ पुस ०७९ देखि ६ साउन ०८१
बहादुरसिंह लामा
८ साउन ०८१ देखि १८ साउन ०८२
इन्द्रबहादुर बानियाँ
२० साउन ०८२ देखि बहाल

■ लुम्बिनी
४ मुख्यमन्त्री, ४१ मन्त्री
लीला गिरी
२७ पुस ०७९ देखि १४ वैशाख ०८०
डिल्लीबहादुर चौधरी
१४ वैशाख ०८० देखि २३ चैत ०८०
जोखबहादुर महरा
२३ चैत ०८० देखि ६ साउन ०८१
चेतनारायण आचार्य
७ साउन ०८१ देखि बहाल

■ मधेश
२ मुख्यमन्त्री, ३७ मन्त्री
सरोजकुमार यादव
२७ पुस ०७९ देखि २१ जेठ ०८१
सतिशकुमार सिंह
२२ जेठ ०८१ देखि बहाल
२२ असोज ०८२ : **मुख्यमन्त्रीमा कृष्णप्रसाद यादवको दाबी पेस**

■ गण्डकी
४ मुख्यमन्त्री, २७ मन्त्री
खगराज अधिकारी
२५ पुस ०७९ देखि ९ वैशाख ०८०
सुरेन्द्रराज पाण्डे
१४ वैशाख ०८० देखि २१ चैत ०८०
खगराज अधिकारी
२५ चैत ०८० देखि १४ जेठ ०८१
सुरेन्द्रराज पाण्डे
१६ जेठ ०८१ देखि बहाल

■ कर्णाली
२ मुख्यमन्त्री, २० मन्त्री
राजकुमार शर्मा
२७ पुस ०७९ देखि २१ चैत ०८०
यामलाल कँडेल
२७ चैत ०८० देखि बहाल

■ सुदूरपश्चिम
४ मुख्यमन्त्री, ३४ मन्त्री
राजेन्द्रसिंह रावल
२७ पुस ०७९ देखि २६ माघ ०७९
कमलबहादुर शाह
२६ माघ ०७९ देखि २२ चैत ०८०
दीर्घबहादुर सोडारी
६ वैशाख ०८१ देखि १८ साउन ०८१
कमलबहादुर शाह
२० साउन ०८१ देखि बहाल

पहिलो कार्यकाल अस्थिरतामै बिताएका प्रदेशहरूको दोस्रो कार्यकाल पनि सत्ता खिचातानीमै बित्दै छ। ०७९ मंसिरको निर्वाचनयताको साढे दुई वर्षमा सातवटै प्रदेशले २५ मुख्यमन्त्री पाइसकेको छ। प्रदेश सरकारमा यस अवधिमा २६७ मन्त्री बनेका छन्। अब मधेशमा फेरिन नयाँ सरकार बनाउने गृहकार्य भइरहेको छ। बुधबार मात्रै प्रमुख दुई दल कांग्रेस र एमालेले जनमतको साथ लिएर नयाँ सरकारका लागि प्रदेश प्रमुखकहाँ दाबी पेश गरेका छन्।

■ संसद् परिसरमा थुपारिए जलाइएका गाडी



२३-२४ भदौको जेन-जी आन्दोलनमा काठमाडौं उपत्यकामा जलाइएका सरकारी सवारीसाधन नयाँ बानेश्वरस्थित संसद् भवन परिसरमा। सरकारले क्षतिग्रस्त सबै सवारीसाधन जम्मा गरिसकेपछि लिलाम बिक्री गर्ने निर्णय गरेको छ। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

नेतृत्व हस्तान्तरण गर्न शीर्ष नेतामाथि चौतर्फी दबाब



क्षमायाचनासहित राजीनामा दिएर स्वेच्छिक अवकाश लिन नागरिक अगुवाको सुझाव, नयाँ नेतृत्व र नयाँ नीतिको आधारमा निर्वाचनमा सहभागी हुन आह्वान

(विस्तृत पृष्ठ ३)

दुई दिनमा १०३.९१ अंकले घट्यो नेप्से, राष्ट्र बैंकले हटायो २५ करोडको सीमा



बढ्दो राजनीतिक अन्योल र बाढीपहिरोले लगानीकर्ताको मनोबल कमजोर

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ इलाम पहिरोबाट जोगिएकाहरू भन्छन्-
सोच्दै नसोचेको विपत्ति आयो, सरकार आएन

देउमाई (इलाम)मा **चिरञ्जीवी घिमिरे**

इलाम देउमाई नगरपालिका- ५, धुसेनीकी मैया राई (लिम्बू) र उनका श्रीमान् गत शनिबारको पहिरोबाट बल्लतल्ल जोगिए। बाँसको टाटीले बनाएको घरमा मध्यराति पहिरो खसेपछि उनीहरूले भागेर ज्यान जोगाए।

■ **पहिरोले पुरेको विकट बस्तीमा राहत र पुनर्स्थापनामा ढिलाइ**

तर, एउटै आँगनमा घर भएका देवरदेउरानीको परिवारलाई पहिरोले आँखैअगाडि लगेको घटना उनको आँखामा ताजै छ। पहिरोमा परी मैयाका देवर दीपक, देउरानी ऋषिका र उनीहरूका छोरी दीपशिखा अनि ऋषिकाका भदा सौगात र सौजनले ज्यान गुमाए। एक बालिकाको स्थानीयले सकुशल उद्धार गरे।

मैया अहिले आफन्तको घरमा बसिरहेकी छिन्। तर, उनी त्यस दिनको घटना भुल्न सक्ने अवस्थामा छैनन्। 'घर भत्किएपछि आत्तिँदै छिमेकी र आफन्त बोलाउन गएँ,' उनी भन्छिन्,

» पृष्ठ २ मा क्रमशः



देउमाई नगरपालिका- ५, धुसेनीका दीपक लिम्बूको पहिरोले पुरेको घर। जहाँ दीपकदम्पती र छोरीसहित पाँचजनाको ज्यान गएको थियो।



मैया राई (लिम्बू)

> **आँगन जोडिएको देवरको घर पहिरोमा पुरियो, देवरको परिवारकै ज्यान गयो**

शनिबार रातिको पहिरो भुल्न सक्दिनँ। घरमा पहिरो खसेपछि श्रीमान्-श्रीमतीले भागेर ज्यान जोगायौं। आँगन जोडिएको देवरको घर पहिरोले पुऱ्यो। देवर, देउरानी, छोरीसहित पाँचजनाको ज्यान लग्यो। यस्तो विपत्ति सोचेका थिएनौं।

बाढीपहिरोपीडितलाई कोशी सरकारले स्थायी घर बनाउने

इलामका सात पालिकालाई संकटग्रस्त घोषणा गर्न संघमा सिफारिस

उदयपुरमा **विदुर कटुवाल**

बाढीपहिरोबाट प्रभावित इलामका सातवटा पालिकालाई संकटग्रस्त घोषणा गर्न कोशी प्रदेश सरकारले संघीय सरकारलाई सिफारिस गरेको छ। मुख्यमन्त्री हिक्मतकुमार कार्कीको अध्यक्षतामा बुधबार बसेको प्रदेश विपत् व्यवस्थापन परिषद्को बैठकले देउमाई, इलाम र सूर्योदय नगरपालिका तथा माईजोगमाई, सन्दकपुर, माङसेबुङ र फाकफोकथुम गाउँपालिकालाई संकटग्रस्त घोषणाका लागि सिफारिस गरेको हो।

त्यस्तै, बाढीपहिरोमा आवासविहीन भएकालाई प्रदेश सरकारले स्थायी घर बनाइदिने निर्णय भएको आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले बताए। आंशिक, पूर्ण रूपमा क्षति भएका सबै घर प्रदेश सरकारले बनाउने उनले बताए। भण्डारीका अनुसार बाढीपहिरोले इलाम, झापा, पाँचथर, सुनसरी, मोरङ, खोटाङ र उदयपुरमा घर क्षति भएको र तथ्यांक संकलन भइरहेको छ। बैठकले चालू बजेटका खर्च र योजना कटौती गरी पुनर्निर्माणमा खर्च गर्न प्रदेश सरकारलाई सिफारिस पनि गरेको छ।

■ जेन-जी आन्दोलनमा २१ मालपोत कार्यालयमा क्षति

सर्वसाधारणलाई नयाँ स्रेस्ता बनाउनुपर्ने झन्झट

डिजिटल रेकर्ड भएका जग्गाधनीको हकमा लामो प्रक्रिया आवश्यक नपरे पनि स्रेस्ता डिजिटलाइज नभएको जग्गाधनीले भने ११ थरी कागजपत्र लिएर निवेदन दिनुपर्ने

नयाँ पत्रिका

● **खिमानन्द आचार्य**, निर्देशक, भूमि व्यवस्थापन तथा अभिलेख विभाग



आन्दोलनमा २१ वटा मालपोत कार्यालयमा क्षति पुगेको छ। ती कार्यालयले भूमि प्रशासन निर्देशिकाअनुसार नयाँ स्रेस्ता बनाउन सूचना जारी गरेका छन्। धेरै जग्गाको स्रेस्ता डिजिटलाइज भइसकेको छ, कतिपयको बाँकी नै थियो। डिजिटलाइज भएको हकमा नयाँ स्रेस्ता बनाउन सहज हुन्छ, अन्यको हकमा प्रक्रिया लामो हुन सक्छ।

जेन-जी आन्दोलनका क्रममा मालपोत कार्यालयहरूमा भएको आगजनीमा अभिलेखहरू जलेपछि सर्वसाधारणले नयाँ जग्गाधनी दर्ता स्रेस्ता बनाउनुपर्ने भएको छ। खास गरेर डिजिटलाइज नभएका ठाउँमा जग्गाधनी स्रेस्ता बनाउन लामो र झन्झटिलो प्रक्रिया पूरा गर्नुपर्नेछ।

सबै जग्गाको स्रेस्ता डिजिटलाइज भइनसकेकाले आगजनीमा स्रेस्ता नष्ट भएको छ। यस्तो ठाउँमा नयाँ जग्गाधनी स्रेस्ता बनाउन विभिन्न मालपोत कार्यालयले ११ थरी कागजपत्र लिएर निवेदन दिन सर्वसाधारणलाई सूचना जारी गरेका छन्।

भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक खिमानन्द आचार्यका अनुसार जेन-जी आन्दोलनको क्रममा २१ वटा मालपोत कार्यालयमा क्षति पुगेको छ। त्यसमध्ये कतिपय कार्यालयमा अभिलेख जलेपछि भूमि प्रशासन निर्देशिका, २०८१ अनुसार नयाँ

» पृष्ठ २ मा क्रमशः

सोच्दै नसोचेको...

पृष्ठ १ बाट क्रमशः

'त्यहाँ आएकी भान्जीलाई जीवित नै निकालियो । पाँचजना एकैठाउँमा बिते । यस्तो आपत्ति त कहिल्यै सोचेका थिएनौँ । के-कसो गर्ने आजसम्म केही सोच्न सकेको छैन ।'

मिर्गौलापीडित रहेका उनका देवर दीपक दिनभर अर्काकोमा हाते ट्र्याक्टरले खेत जोत्थे । साथै, काठ काट्ने काम पनि गर्थे । छिमेकी र आफन्तले पैसा उठाएर उनको उपचार गरेका थिए । ज्यालामजदुरी गरेर नै ६ महिनाअघि नयाँ घर बनाएका थिए । घरसँगै उनको परिवार पनि पहिरोमा पुरियो । १२ असोजमा दीपककी छोरी दीपशिखा लिम्बूको जन्मदिन थियो । त्यही जन्मदिनमा आएका थिए देउरानी ऋषिकाका भदा सौगात र सौजन ।

माङसेबुङ-१, पाटीगाउँकी सादना लिम्बूको घर पनि पहिरोले लगेको छ । सादना आफू जसोतसो बाँच्न सफल भइन् । तर, जब रातको १ बज्छ, तब अझै उनलाई झस्काउँछ । पहिरोले नै पुरिएको समयमा पाँच दिनदेखि उनी निन्द्रामै बर्बराउँछिन्, झस्किएर उठ्छिन् ।

मिक्लाजुङबाट आएकी मामाकी छोरी बहिनी नेहा राईसँगै उनी सुतेकी थिइन् । राति एक्कासि घरमाथिबाट पहिरो गयो । दुई महिनाकी गर्भवती सादना घरसँगै पहिरोमा पुरिइन् । घरमा सातजना थिए । तीमध्ये बहिनी नेहासँगै उनकी सासुआमा र दिदीले पहिरोमा परी ज्यान गुमाए । दुई घण्टापछि श्रीमान् मदनसँगै छोराको जीवितै उद्धार भयो ।

केहीबेरपछि उद्धार गर्न गाउँले आएपछि भने सादनालाई बाँच्ने आशा जाग्यो । उनीसँगै छोरा संयोग र श्रीमान् मदनको जीवितै उद्धार भयो । त्यसपछि सादना बेहोस भइन् । उद्धार गरिएका तीन जनालाई नेपाली सेनाको हेलिकोप्टरमार्फत उद्धार गरेर बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगियो ।

सादनाको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मात्रै होस खुल्यो । 'सँगै सुतेका बहिनी र म पहिरो गएपछि एकअर्काको अँगालोमा बाँधियौँ । दुवैजना चिच्यायौँ । तर, एक घण्टासम्म कोही आउन सकेन । जेठाजु घरबाट निस्किन सफल भएकाले गाउँमा गएर छिमेकी बोलाउनुभयो,' उनी गहभरि आँसु पार्दै भन्छिन्, 'बहिनी ब्लड क्यान्सरकी बिरामी थिई । औषधि खाँदै थिई । त्यसबिचमा म बेहोस भएँ । बहिनीले रगत छादेपछि मेरो अनुहारमा परेछ । त्यसले म ब्युँझिएँ । त्यसवेला बहिनीले दिदी म बाँच्दिनँ भनिन् ।'

अहिले उनीहरू उपचारपछि गाउँ फर्किएका छन् । घर भत्किएकाले गजुरमुखीस्थित आफन्तकहाँ शरण लिएर बसेका छन् । 'अन्तिम अवस्थाबाट जीवन जोगियो । तर, अब केही बाँकी छैन । आफन्तकहाँ बसेका छौँ । अब त्यो पुरानो घरमा बस्न सकिँदैन । त्यो दिनको झल्को आउँछ,' श्रीमान् मदन भन्छन्, 'अब सरकारले हामीलाई कतै राख्छ भन्ने अपेक्षा छ । नसोचेको घटनाबाट बाँचेका छौँ । बाँच्ने दिन रहेछ । यस्तो विपत्ति कहिल्यै सोचेका थिएनौँ ।'

पहिरोपीडित विकट बस्तीमा पुगेन सरकार

पहिरोले पुरेको विकट बस्तीमा राहत र पुनर्स्थापनामा ढिलाइ भएको छ । इलाम देउमाई नगरपालिका-५, धुसेनीकी मैँया राई घरबारविहीन भएको पाँच दिन भएको छ । पहिरोले आफन्त गुमाएर आफू विस्थापित भएकी मैँयाको घरमा सरकार पुग्न सकेको छैन । घर भत्किएर आफन्त गुमाएको बिहान वडाध्यक्ष आए । तर, त्यसपछि कोही पनि आएको छैन । उनको बस्तीदेखि केही तल गजुरमुखीमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की हेलिकोप्टर लिएर पुगे । तर, त्यहीँमाथि रहेको धुसेनीमा कोही पनि पुगेको छैन । 'अर्काको घरमा बसेको छु । म भएको ठाउँमा त कोही आएन । अरूतिर त्रिपाल र खानेकुरा लिएर आएको सुनेको छु,' उनी भन्छिन्, 'तर, हाम्रोमा कोही पनि आएन ।'

इलामको बाढी र पहिरो भएको विभिन्न स्थानमा प्रभावितलाई भेट्न पुगेका रास्वपा नेता मिलन लिम्बूले सरकारले राहत र पुनर्स्थापनामा ढिलाइ गरेको बताए । देउमाई नगरपालिका-५, धुसेनीको पहिरो प्रभावित परिवारसँग बुधबार भेटिएका लिम्बूले राहतको नाममा सरकारले प्रभावितलाई दुःख दिएको बताए ।

'यो गाउँमा राहत लिएर कोही आएको पाइएन । पुनर्स्थापना त परको कुरा भयो । यो वेला नागरिकले सरकारसँग अपेक्षा गर्छन् । तर, सरकारको उपस्थिति हुन सकेन,' उनी भन्छन्,' यसवेला पहिरोले सदरमुकाम जाने धेरै ग्रामीण सडक अवरुद्ध छ । पीडितलाई राहतस्वरूप दिने रकमका लागि सदरमुकाम बोलाएको पाइयो । यो वेला प्रशासन आफैँ घरमा आएर पीडितलाई सहानुभूतिसँगै राहत दिन आवश्यक छ ।'

खानेपानी अभाव

पहिरो प्रभावित क्षेत्रमा खानेपानीको अभाव देखिएको छ । देउमाई नगरपालिका-५, धुसेनी क्षेत्रमा खानेपानीको मुहानमा पहिरोले क्षति पुर्‍याउँदा खानेपानी अभाव देखिएको हो । लुतिमाई खानेपानी आयोजनाको मुहानका धेरै ठाउँमा पहिरोले क्षति पुर्‍याएपछि खानेपानी समस्या भएको स्थानीय विपना लुइँटेलले बताइन् । 'यो खानेपानी १२० घर परिवारले प्रयोग गर्थ्यौँ । मुहान बन्द भएपछि खानेपानीको संकट आएको छ,' उनले भनिन्, 'अहिले आधा घण्टासम्म पानी बोकेर खाइरहेका छौँ ।'

आवतजावतका लागि बाँसको पुल

देउमाई खोलाले माङ्सेबुङ-१ र देउमाई-५ जोड्ने पक्की पुलको पश्चिमी भाग बगाएपछि आवतजावतका लागि बाँसका पुल बनाइएको छ । पैदल हिँडेर भए पनि आवतजावतका लागि सहज होस् भनेर स्थानीय र जनप्रतिनिधि मिलेर बाँसको फड्के बनाएका हुन् । 'दसैँको समयमा आफन्तकहाँ देउमाईबाट यहाँ आएका र माङ्सेबुङबाट उता गएका धेरै नागरिक रोकिएका छन्,' माङ्सेबुङ गाउँपालिकाका उपाध्यक्ष विनोद नेम्वाङले भने, 'बाँसको फड्के बनाएका छौँ । यहाँबाट सवारीसाधन आवतजावत हुँदैन । तर, पैदल भए पनि हिँड्न सहज होस् भनेर बनाएका हौँ ।'

एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सूचना

(प्रकाशित मितिः २०८२/०६/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति २०८२।०६।३० (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । गोप्य शिलबन्दी बोलपत्र सम्बन्धि सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंबाट रु. १०००/- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

लिलाम हुने गैह्र बैकिङ्ग सम्पत्तिहरुको विवरण:

क्र.स.	जिल्ला	गा.वि.स./न.पा.	वडा नं./ नक्सा सिट नं.	कित्ता नं.	क्षेत्रफल (व.मि.)	कैफियत
१.	रुपन्देही	मक्रहर	८/८ग	११६	४४३५.४४	जग्गा
			८/८ग	४	७७८.७४	जग्गा
२.	बांके	रझेना	८/८ख	५४०१	२२४.३२	घरजग्गा
३.	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	सरावल	८/८क	४२८	३३८.५८	घरजग्गा
४.	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	सरावल	८/८घ	१३१	१९६४.११	जग्गा
५.	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	सरावल	८/८क	४३६	१८६.२२	जग्गा
				४९५	२५६.०५	जग्गा

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO
Member of : Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

शिव श्री हाइड्रोपावर लिमिटेड
Shiva Shree Hydropower Limited
रजिष्टर्ड कार्यालय : का.म.न.पा , वडा नं. १०, बुद्धनगर, काठमाण्डौं
फोन : ०१–४७९६३४६, इमेलः info@shivashreehydro.com.np, वेवसाइटः www. shivashreehydro.com.np
को

हकप्रद शेयर निष्काशन तथा बिक्री बन्द बारेको सूचना !

शिव श्री हाइड्रोपावर लिमिटेडको मिति २०८२/०४/१६ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा रु.१००/– अङ्कित दरको १,४७,६४,००० कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुला मिति २०८२ भदौ १९ गतेदेखि निष्काशन तथा बिक्री खुला भईरहेको र उक्त हकप्रद शेयर खरिदका लागि दरखास्त बुझाउने अन्तिम म्याद मिति २०८२/०६/२३ गतेसम्म रहेको हुँदा हकप्रद शेयर खरिदका लागि दरखास्त बुझाउन बाँकी शेयरधनी महानुभावहरुले **आज मिति २०८२/०६/२३** गते बिहीबार (बैंकिङ्ग समय) सम्ममा हकप्रद शेयर खरिदका लागि दरखास्त बुझाई आफ्नो हक कायम गर्नु हुन अनुरोध गरिन्छ ।

क्र.सं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१	श्री सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौं ।
२	श्री सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको शाखा कार्यालयहरु : कुमारीपाटी, ठीमी, बिराटनगर, बिर्तामोड, बिरगंज, सुर्खेत, जनकपुर (भानुचोक), नेपालगंज, नारायणगढ, धनगढी, पोखरा (न्यूरोड), बुटवल र हेटौंडा ।
३	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिटिजन्स क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियर द्वारा सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री शिव श्री हाइड्रोपावर लिमिटेडको वेवसाइट www.shivashreehydro.com.np तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिटिजन्स क्यापिटल लिमिटेडको वेवसाइट www.citizenscapital.com.np मार्फत हेर्न सक्नेछन् ।

अन्य विस्तृत जानकारीका लागि **मिति २०८२/०५/०१ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा** प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइटः www.citizenscapital.com.np वा निष्काशन कम्पनीको वेवसाइटःwww.shivashreehydro.com.np मा हेर्नुहुन समेत अनुरोध गर्दछौं ।

Citizens Capital Ltd. (A Subsidiary Of Citizens Bank International Limited)
धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
सिटिजन्स क्यापिटल लिमिटेड
बाटुलेचर, डिल्लीबजार, काठमाडौं, नेपाल फोन नं. ०१-४५१७७२३/४५१७४५७
इमेलः info@citizenscapital.com.np, वेवसाइटः www.citizenscapital.com.np

फेरि सत्ताकै...

पृष्ठ १ बाट क्रमशः

अनुपस्थितिमा निमित्त सचिव सत्रुधन यादवलाई ५८ सांसदको हस्ताक्षर बुझाएका छन् । १०७ सदस्यीय प्रदेश सभा रहेको मधेशमा सरकार बनाउन ५४ सांसद भए बहुमत पुग्छ ।

जेन-जी आन्दोलनको दोस्रो दिन २४ भदौमा मुख्यमन्त्री सतिशकुमार सिंहले पार्टी अध्यक्ष डा. सिके राउतकै निर्देशनमा राजीनामा दिएका थिए । तर, चार दिनपछि २८ भदौमा सिंहले संविधान र संघीयता जोगाउने भन्दै राजीनामा फिर्ताको घोषणा गरेका थिए । सिंहको निर्णयप्रति राउत रुष्ट बने । त्यही दिन जनमतले आफ्ना मन्त्रीहरू फिर्ता बोलाएर सरकारलाई दिएको समर्थन पनि फिर्ता लियो । त्यसपछि जनमतभित्रको विवादमा टेकेर कांग्रेस-एमाले सरकार बदल्ने खेलमा लागे । कांग्रेसलाई नेतृत्व दिने सर्तमा दुई पार्टीले डा. राउतसँग बार्गेनिङ गरे । उनीसँगको सहमतिअनुसार कांग्रेस र एमालेले मुख्यमन्त्री सिंहलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरे । तीनवटै दलका मन्त्रीहरूले राजीनामा दिइसके । तर, अल्पमतमा परेपछि पनि सिंहले मुख्यमन्त्री छाड्न मानेका छैनन्, विश्वासको मतको सामना गर्ने अडान लिएका छन् । उनलाई समर्थन दिएको दल लोसपाकी शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारी पनि पदमै छिन् ।

८ असोजमै एमाले, कांग्रेस र जनमतबिच कांग्रेस नेतृत्वमा सरकार बनाउने सहमति भएको थियो । सोही दिन कांग्रेसले सिंहलाई दिएको समर्थन फिर्ता लियो । बुधबार एमालेले पनि समर्थन फिर्ता गरेको छ भने तीन दलको समर्थनमा यादवलाई नयाँ मुख्यमन्त्री बनाउन दाबी पेस गरिएको छ । संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नयाँ सरकार बनाउन एमालेका २३, कांग्रेसका २२ र जनमतका १३ गरी ५८ जना सांसदको समर्थनमा दाबी पेस गरिएको छ । सिंहलाई राजीनामा दिन कांग्रेस, एमाले र जनमतले बुधबारसम्मको अल्टिमेटम दिएकामा नमानेपछि नयाँ प्रक्रियामा गएको बताएका छन् ।

एमाले मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले अहिलेको विषम परिस्थितिमा एमालेले नेतृत्वको दाबी नगरी कांग्रेस नेतृत्वलाई समर्थन गरेको बताए । 'अहिले जे परिस्थिति उत्पन्न भएको छ, त्यसमा एमालेले नेतृत्व गर्ने कुरा हुँदैन । हामीले अहिलेको सत्तागठबन्धनकै सरकार बनाउने भनेर आन्तरिक समझदारी कायम गरेका छौँ,' उनले भने, 'कांग्रेसलाई नै नेतृत्व दिने भन्ने सहमति भएको छ ।' तर, सत्तागठबन्धनमा रहेको लोसपाले भने नयाँ गठबन्धनमा नरहने जनाइसकेको छ । लोसपा अध्यक्ष महन्थ ठाकुरले आफ्नै दलको नेतृत्वमा सरकार चाहेका थिए । लोसपा दलका नेता जयनुल राइनले मधेश प्रदेशमा मधेशकेन्द्रित दलको सरकार हुनुपर्ने बताए ।

नयाँ मुख्यमन्त्रीका दाबेदार कांग्रेस संसदीय दलका नेता यादवले अल्पमतमा परेका सिंहले विश्वासको मत नपाएपछि नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढ्ने बताए । 'अल्पमतमा परेको एक महिना हुँदा पनि उहाँले कुर्सी छाड्नुभएको छैन, २४ असोजभित्र विश्वासको मत वा राजीनामा दिनुपर्छ । अहिले दलीय सहमतिलाई निचोडमा पुर्‍याउन मुख्यमन्त्रीमा मेरो नाम दाबी पेस भएको हो,' उनले भने, 'सरकार ढलेपछि प्रदेश प्रमुखबाट नयाँ सरकार गठनको आह्वान हुन्छ, हामी फेरि दाबी पेस गर्छौँ ।'

मधेशमा साढे दुई वर्षमा बनिसके ३७ मन्त्री, फेरि नयाँ सरकार बन्दै

मधेश सरकारमा पनि केन्द्रको राजनीतिक अस्थिरताको असर देखिएको छ । साढे दुई वर्षमा दुई मुख्यमन्त्रीसहित ३७ मन्त्री बनिसकेका छन् । यहाँ फेरि तेस्रो सरकार गठन हुँदै छ । १२ सदस्यीय मन्त्रिपरिषद् बन्नेछ । ०७९ को संसदीय निर्वाचनबाट जसपा नेपालका सरोजकुमार यादवको नेतृत्वमा सरकार बन्यो । तर, २२ जेठ ०८१ मा जनमतका सतिशकुमार सिंह मुख्यमन्त्री बने । उनकै दल जनमतले नै समर्थन फिर्ता लिएपछि अहिले कांग्रेसको नेतृत्वमा सरकार गठनको गृहकार्य थालिएको हो ।

जनमतका संसदीय दलका नेता महेशप्रसाद यादवले मुख्यमन्त्री सिंहले २४ भदौमा सामाजिक सञ्जालमार्फत राजीनामा दिएको, तर पछि पार्टीको निर्देशन उल्लंघन गर्दै पद नछोडेकाले विकल्प खोजिएको बताए । यादवले पार्टीको बदनाम हुने अवस्था आएपछि एमाले र जनमत दुवै कांग्रेस नेतृत्वमा नयाँ सरकार बनाउन बाध्य भएको दाबी गरे ।

राजनीतिक विश्लेषकहरू जेन-जी आन्दोलनले दिएको धक्काबाट पनि दलहरूले नचेतेको बताउँछन् । विश्लेषक राकेश मिश्रा जेन-जी आन्दोलनले दलको नेतृत्वमा अझै प्रभाव नपरेकाले सत्ताका लागि छिनाझपटी गर्ने प्रवृत्ति कायमै रहेको टिप्पणी गर्छन् । 'खासमा त जेन-जी आन्दोलन काठमाडौँमै केन्द्रित रह्यो । तैपनि काठमाडौँमै संस्थागत प्रभाव परेको छैन । काठमाडौँबाहिर त प्रभाव देखिएन । त्यसैकारण हो प्रदेशमा अहिले पनि सरकारका लागि दलहरूको छिनाझपटी गर्ने प्रवृत्ति विगतमा जस्तै देखिएको,' उनले भने, 'जबसम्म देशको संरचनागत सुधारका लागि संविधान आउँदैन, तबसम्म सुधार हुँदैन ।'

अर्का विश्लेषक रोशन जनकपुरी पनि जेन-जी आन्दोलनले व्यवस्था र राजनीतिक माहोल बदल्न नसकेको बताउँछन् । अझ जेन-जीको मुद्दा संघ सरकारसँग केन्द्रित रहेकाले प्रदेशमा खासै चासो नदेखाउँदा छिट्टै दलको पुरानै प्रवृत्ति देखिएको उनको विश्लेषण छ ।

'जेन-जी आन्दोलन भए पनि व्यवस्था उही छ, राजनीतिक महौल पुरानै छ । अझ उनीहरूले प्रदेश सरकारसँग खासै चासो राखेकै छैनन् । त्यसैले प्रदेशमा दलको पुरानै प्रवृत्ति देखिएको छ,' उनले भने, 'सरकारको नेतृत्व हेरफेर भए पनि केही फरक पर्नेवाला छैन । कुनै अपेक्षा गर्न सकिँदैन ।'

राजीनामा नदिने मुख्यमन्त्री सिंहको अडान, सदन फेस गर्ने

मुख्यमन्त्री सतिशकुमार सिंहले आफूले राजीनामा नदिने बरु विश्वासको मत लिने अडान लिएका छन् । विश्वासको मत लिने समय हुँदाहुँदै केही कांग्रेस, एमाले र जनमत पार्टीले नयाँ सरकारमा दाबी गर्नुको कुनै औचित्य नभएको उनको भनाइ छ ।

'३० दिनभित्र विश्वासको मत लिने संवैधानिक व्यवस्था छ, सोहीअनुसार म प्रदेश सभामा विश्वासको मत फेस गर्छु,' उनले भने, 'उहाँहरूले कुन कानुनअनुसार नयाँ सरकार गठनका लागि दाबी पेस गर्नुभयो, उहाँहरूलाई थाहा होला । केको हतार थियो उहाँहरूले नै जान्ने हो, तर म विश्वासको मत फेस गर्छु । सत्ताभन्दा प्रतिष्ठा मेरा लागि ठुलो कुरा हो ।' आफूलाई राजीनामा नदिन भनेर सुरुमा कांग्रेस-एमालेले नै रोकेको उनको दाबी छ ।

यस्तो छ समीकरण

मधेश प्रदेश सभामा १० दलको सहभागिता छ । १०७ सिट रहेको प्रदेश सभामा सरकारका लागि ५४ मत आवश्यक पर्छ । सभामा २५ सिटसहित एमाले पहिलो र २२ सिटसहित कांग्रेस दोस्रो दल हुन् । दुईपटक सरकारको नेतृत्व गर्ने अवसर पाएको जसपा नेपालको १९, जनमत १३, लोसपा र माओवादीको नौ-नौ सिट छ । एमाले र लोसपाका एक-एक सांसद निलम्बित अवस्थामा छन् । एमालेका एक सांसद सभामुख छन् । एकीकृत समाजवादीका सात, नेपाल संघीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीको एक-एक सिट छ ।

पूर्वमन्त्रीद्वय...

पृष्ठ १ बाट क्रमशः

कसुरमा बुधबार मुद्दा चलाएको हो । ३२ लाख खुस खाएको दाबीसहितको अडियो सार्वजनिक हुँदा पनि सत्ताशक्तिको आडमा अनुसन्धानबाहिरै राखिएका पूर्वभूमि व्यवस्थामन्त्री बलराम अधिकारीमाथि पनि अब अनुसन्धान हुने भएको छ ।

जेन-जी अगुवा, सहिदका परिवार र घाइतेहरूले अख्तियार प्रमुख प्रेम राईसहित सबै आयुक्तहरूले राजीनामा दिनुपर्ने दबाब बढाएसँगै बहुचर्चित लिचीबारी घुस प्रकरणमा भ्रष्टाचार मुद्दा दायर भएको छ । जेन-जी आन्दोलनले निवर्तमान प्रधानमन्त्री केपी ओलीलाई सत्ताच्युत गरेपछि त्यही आन्दोलनको जगमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार बनेको छ । ओली सरकारकै दबाबमा पूर्वमन्त्री अधिकारीलाई उन्मुक्ति दिँदै आएको अख्तियारले अब दोस्रो चरणमा उनीमाथि पनि अनुसन्धान हुने जनाएको छ ।

मुख्य प्रतिवादी कायम गरेको पूर्वमन्त्री गुप्तालाई ७८ लाख बिगो दाबी गरेको छ भने घुस लिएसम्बन्धीको कसुरमा ६ देखि ८ वर्षसम्म कैद माग दाबी गरेको छ । मन्त्रीका रूपमा सरकारको विशिष्ट पदाधिकारी भएकाले थप तीन वर्ष कैद सजाय पनि मागेको छ । त्यस्तै, तत्कालीन भूमि व्यवस्थामन्त्री श्रेष्ठलाई पनि गुप्तासमान बिगो र सजाय माग दाबी गरिएको छ । अर्थात्, ७८ लाख बिगो, घुस लिएसम्बन्धी कसुरमा ६ देखि आठ वर्षसम्म कैद र तत्कालीन सांसद (विशिष्ट पदाधिकारी) भएकाले थप तीन वर्ष कैद सजायको माग छ ।

त्यस्तै, अख्तियारले मालपोत कार्यालय कास्कीका तत्कालीन प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारीसँग ५३ लाख बिगो तथा ६ देखि आठ वर्षसम्म कैद सजायको माग दाबी गरेको छ । घरजग्गा व्यवसायी (बिचौलिया) सुजन लामा (तामाङ)विरुद्ध ७८ लाख बिगो तथा ६ देखि आठ वर्ष कैद सजायको दाबी गरिएको छ । त्यस्तै, यामकुमारी गुरुङ र तुल्सीराम बुढाविरुद्ध पनि लामासमान जनही ७८ लाख बिगो तथा ६ देखि आठ वर्ष कैद सजायको माग दाबी भएको छ । खेमबहादुर पुन पनि मुद्दाका प्रतिवादी छन् । एमाले गण्डकी प्रदेश सदस्य पुनलाई भूमि आयोग कास्कीको अध्यक्षमा नियुक्त गर्न बिचौलियाले २५ लाख घुस प्रस्ताव गरेका थिए । त्यही रकमलाई उनीविरुद्धको बिगो कायम गरेर दुईदेखि चार वर्षसम्म कैदको माग दाबी भएको छ ।

वर्षौँदेखि दुई पक्षबिच विवाद रहेको लिचीबारीको करिब १३५ रोपनी जग्गामा बिचौलिया प्रवेश गरेर आफ्नो मुनाफासमेत सुनिश्चित गरी कर्मचारी र मन्त्रीसम्मै चलखेल गरेको थियो । आफ्नो पक्षमा विभिन्न तहका अदालतको फैसलासमेत रहेको भन्दै जग्गा आफ्नो स्वामित्वमा ल्याउन खोजेको समूहसँग मिलेमतो गरेर त्यसका लागि अनुकूलका मालपोत अधिकृत लाने र जग्गा पास गराउने कसरत भएका थिए । यही क्रममा सुजनसहितको बिचौलिया समूहले मन्त्रीदेखि कर्मचारीलाई प्रयोग गरेका थिए । भूमि आयोगको कास्की जिल्ला अध्यक्षको नियुक्तिको विषयलाई पनि बिचौलिया समूहले सँगसँगै अघि बढाएको थियो । यसैका लागि ७८ लाख रुपैयाँको घुस डिल भएको थियो ।

२८ पुस ०८१ मा तत्कालीन सामान्य प्रशासनमन्त्री गुप्तासँग बिचौलिया सुजन र पूर्वभूमिसुधारमन्त्री श्रेष्ठसहितले घुसको बार्गेनिङ गरेका थिए । मालपोत कार्यालय कास्कीका तत्कालीन प्रमुखको सरुवा रोक्न ५३ लाख र भूमि आयोग कास्कीको अध्यक्ष नियुक्त गरिदिन २५ लाख घुसको डिल भएको अडियो सार्वजनिक भएको थियो । यसबारे नयाँ पत्रिकाले शृंखलाबद्ध समाचार प्रकाशित गरेको थियो । चर्को आलोचनापछि तत्कालीन मन्त्री गुप्ता पदबाट राजीनामा दिन बाध्य भएका थिए । गत ३१ असोजमा मन्त्री पदबाटै राजीनामा दिएका थिए ।

लिचीबारीमा यसरी छिरेका थिए बिचौलिया

पोखरा महानगरपालिका- १६ (साबिक बाटुलेचौर- १ मा) रहेको दीप बिर्ता (लिची बगैँचा)मा रहेको भनिएको नक्सा नं. २५, २६ र २८ को जग्गाका सम्बन्धमा अदालतको फैसलाबमोजिम दुर्गादेवी शाहको हकवाला सुरज शाह ठकुरीलगायतको नाममा दाखिला खारेज तथा नामसारी गर्ने कार्य अघि बढाउन खोजिएको थियो । यसका लागि ठकुरीले मालपोत कार्यालय कास्कीमा निवेदन दिएका थिए । तर, मालपोत प्रमुख रामचन्द्र अधिकारीले अस्वाभाविक रूपमा विलम्ब गरिदिए ।

काम नभएपछि ठकुरी घरजग्गा व्यवसायी तथा बिचौलिया सुजनको सम्पर्कमा पुगेका थिए । सुजनले यामकुमारी गुरुङ र तुल्सीराम बुढा मगरसँग मिलेमतो गरेर योजना बनाए । नक्सा नं. २५, २६ र २८ को जग्गाको दाखिला खारेज, नामसारी गरे/गराएबापत दुर्गादेवीको हकवालाहरूको नाममा दर्ता हुन आउने एकमुस्ट जग्गाको ४० प्रतिशत जग्गा आफूसमेतले लिने/खाने गरी योजना बनाइएको थियो । २० जेठ ०८१ मा दुई पक्षबिच करारनामा कागज सम्झौतासमेत भएको थियो । जग्गा सम्बन्धमा भएको यस्तो करार सम्झौता बदनियतयुक्त रहेको अख्तियारको ठहर छ ।

करारनामा सम्झौतापश्चात् काम गर्न बिचौलिया सुजनले मालपोत प्रमुख अधिकारीसँग सम्बन्ध गाँस्न थाले । उनीहरूबिच काम गर्ने गरी मिलेमतो भयो । मिलेमतोमा सहमति भएपछि दुर्गादेवीका हकवाला ठकुरीले दिएको निवेदनउपर अधिकारीले कारबाही अघि बढाए । उनले कास्कीको नापी कार्यालय, जिल्ला अदालत र वडा कार्यालयमा पत्राचार गरे । यो मालपोतबाट प्राप्त कागजातबाट देखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ । बदनियतपूर्वक भएको करार सम्झौताबमोजिम बिचौलिया लामासँगको मिलेमतोमा अधिकारीले काम गरिरहेका थिए । तर, काम सम्पन्न हुनुपूर्व नै १८ पुस ०८१ मा भूमि व्यवस्था मन्त्रालयले सचिवस्तरीय निर्णयबाट अधिकारीको सरुवा गरिदियो । उनलाई मालपोत कार्यालय लमजुङ सरुवा गरेर त्यहाँका चिरञ्जीवी पौडेललाई कास्की मालपोतमा पदस्थापन गरियो ।

अधिकारीको सरुवा भएपछि करार सम्झौता कार्यान्वयन गर्न असहज बन्यो । यसपछि सुजन, गुरुङ, बुढामगर र अधिकारी मिलेर सरुवा स्थगित/थमौती गर्न उच्च अदालत पाटनमा उत्प्रेषणसमेतको रिट निवेदन दर्ता गरे । तर, अदालतबाट उनीहरूको मागबमोजिम आदेश आएन । यसपछि उनीहरूले मन्त्रालयसँग साँठगाँठ गरे । कास्की मालपोतमा पदस्थापन भएका पौडेललाई मन्त्रालयबाट अन्य मन्त्रालयमा सरुवा गरी अधिकारीलाई थमौती/पुनः सरुवा गर्ने योजना अगाडि बढाएका थिए ।

त्यसै समयमा मन्त्रालयले कास्कीको जिल्ला भूमि समस्या समाधान आयोगको अध्यक्षको नियुक्ति गर्न लागेको थियो । मन्त्रालयबाट यससम्बन्धी निर्णय हुन लागेको मेसो पाएपछि आफूअनुकूलका व्यक्ति खमबहादुर पुनलाई नियुक्त गराउन सुजन अघि सरे । लामाले आफूलाई कहिले घरजग्गा व्यवसायी त कहिले सुकुम्बासी भनेर चिनाउँथे ।

यसरी जोडिएकी थिइन् रञ्जिता

बिचौलिया सुजन लिचीबारी जग्गासम्बन्धीको करार सम्झौता र भूमि आयोगको कास्की जिल्ला अध्यक्षमा अनुकूलको व्यक्ति नियुक्तिका कामलाई फत्ते गराउन चाहन्थे । यसमध्ये पहिलो काम कास्की मालपोत प्रमुखमा रामचन्द्र अधिकारीको थमौती थियो । निजामती सेवा ऐन, २०४९ लगायतको प्रचलित कानुनले सामान्य प्रशासन मन्त्रालयलाई एउटा मन्त्रालयबाट अर्को मन्त्रालय वा अन्तर्गत सरुवा गर्ने अधिकार दिएको छ । यसैअनुसार कास्की मालपोतमा आएका पौडेललाई भूमि व्यवस्था मन्त्रालयबाट अन्य मन्त्रालय वा मातहतको कार्यालयमा सरुवा गर्नुपर्ने थियो ।

यी काम गर्न सजिलो हुने भएपछि सुजनले पूर्वभूमि व्यवस्थामन्त्री रञ्जिता श्रेष्ठलाई साथ लिएका थिए । भूमि व्यवस्था मन्त्रालयसँग सम्बन्धित काम भएकाले त्यही मन्त्रालयमा पूर्वमन्त्री रहेकी रञ्जिता हुँदा उनका लागि सहज अवस्था बन्थ्यो । यी काम लिएर रञ्जितासहित भएर सुजन तत्कालीन सामान्य प्रशासनमन्त्री गुप्ताकोमा पुगेका थिए । यसक्रममा लिचीबारीको जग्गा हेर्न सुजनसहित तत्कालीन मन्त्री गुप्ता र पूर्वमन्त्री रञ्जिता ०८१ पुसमा पोखरा पुगेको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

कास्की मालपोतमा पदस्थापन भएका पौडेललाई भूमि व्यवस्थाबाट अन्य मन्त्रालयमा सरुवा गरी अधिकारीलाई पुनः त्यहाँ ल्याउने गरी सरुवा गर्न मन्त्री गुप्ताले सचिवलाई पटक-पटक निर्देशन दिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ । अख्तियारसँगको सोधपुछ कागजमा सामान्य प्रशासन मन्त्रालयका सचिवले आफूलाई गोप्य कक्षमा बोलाएर रञ्जिताकै अगाडि मन्त्री गुप्ताले अधिकारीको सरुवाका लागि पटक-पटक निर्देशन दिएको बताएका आरोपपत्रमा उल्लेख छ । तर, सचिवले सरुवा गर्न मानेनन् ।

...अनि भयो ७८ लाखको घुस लेनदेन

बिचौलिया सुजन जसरी पनि आफ्नो योजना पूरा गर्ने कार्यमा लागेका थिए । यसका लागि उनी तत्कालीन सामान्य प्रशासनमन्त्री गुप्तासँग बाक्लो सम्बन्धमा थिए । २८ पुस ०८१ मा ललितपुरको भैँसेपाटीस्थित मन्त्री निवासको गुप्ता बस्ने घरमा गुप्ता, सुजन, रञ्जिता र खेमबहादुर पुनबिच भेटघाट भएको अख्तियारको दाबी छ । त्यतिवेला रामचन्द्र अधिकारीसमेत काठमाडौँमै थिए । सुजन र उनको समूहले योजना बनाएर २८ र २९ गते गुप्तालाई सरकारी निवासमा भेटेर ७८ लाख घुस दिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

'२०८१/०९/२८ र २९ गते प्रतिवादी राजकुमार गुप्तालाई ललितपुर, भैँसेपाटीस्थित मन्त्री निवासमा भेटी प्रतिवादी सुजनकुमार तामाङले अन्य प्रतिवादीहरूको मिलेमतो योजनामा राष्ट्रसेवकले आफ्नो पदको दुरुपयोग गरी/गराई निज चिरञ्जीवी पौडेललाई भूमि व्यवस्था मन्त्रालयबाट अन्य मन्त्रालय वा मातहतमा सरुवा गरी रामचन्द्र अधिकारीलाई मालपोत कार्यालय कास्कीमा थमौतीसम्बन्धी कार्यको सहजीकरण गर्न-गराउनका लागि रु. ५३ लाख र प्रतिवादी खेमबहादुर पुनलाई भूमि समस्या समाधान आयोगको कास्की अध्यक्ष पदमा नियुक्ति गर्न सहजीकरण गर्न-गराउन रु. २५ लाख गरी जम्मा रु. ७८ लाख घुस रिसवत प्रतिवादीहरूबिच लिने-दिने कार्य विभिन्न प्राप्त विवरणबाट स्थापित भएको' अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

खातामा पौने दुई करोड जोहो, त्यसैबाट गरिएको थियो घुस व्यवस्थापन

अख्तियारको आरोपपत्र हेर्दा ठुलो रकम घुस लेनदेन भएको अनुमान सहजै गर्न सकिन्छ । लिची बगैँचाको जग्गा सम्बन्धमा दुर्गादेवीका हकवाला र सुजनसहितका व्यक्तिहरूबिच २० जेठ ०८१ करार सम्झौता भएपश्चात् बैंक खाता खोलेर ठुलो रकम जम्मा गरिएको देखिएको छ । सम्झौताको केही दिनमै २८ गते सुजनले चलाउने गरी गरिमा विकास बैंकमा यामकुमारी गुरुङको नाममा खाता खोलिएको थियो । खाता खोलेको भोलिपल्टै एक करोड र ३२ गते अरू ७५ लाखसहित कुल एक करोड ७५ लाख तुल्सीराम बुढामगरले जम्मा गरिदिएका अख्तियारको आरोपपत्रमा उल्लेख छ । 'उक्त खाताबाट घुस रिसवत लेनदेन भएको अवधिमा घुस रिसवत दिन पुग्ने पर्याप्त रकम खाताबाट निकालेको देखिएको स्थापित भयो,' अख्तियारको आरोपपत्रमा उल्लेख छ । यो कुरा बैंक स्टेटमेन्टको विवरणबाट समेत पुष्टि भएको अख्तियारको दाबी छ ।

घुस बार्गेनिङको अडियो र फोटा सत्य भएकोसमेत अख्तियारले बताएको छ । श्रव्य/दृश्यमा रहेको स्वर (भिएसए) नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग डिजिटल फरेन्सिक ल्याबमा परीक्षण गर्दा प्रतिवादीहरूसँग मेल खाएको प्रतिवेदन प्राप्त भएको आरोपपत्रमा उल्लेख छ । 'घुस रिसवतसँग सम्बन्धित संवाद प्रतिवादीहरूले घुस रिसवत लिनेदिने क्रममा गरेको संवाद हो भन्ने तथ्य थप स्थापित भएको छ,' आरोपपत्रमा उल्लेख छ ।

रञ्जिताको ११ लाख र मालपोत प्रमुख पौडेलको ७० लाखबारे पनि थप अनुसन्धान हुने

घुस प्रकरणसँग जोडिएर पूर्वमन्त्री रञ्जितामाथि थप अनुसन्धान गर्नेसमेतको निर्णय अख्तियारले गरेको छ । यामकुमारी गुरुङको नाममा गरिमा विकास बैंकमा खोलिएको खातामा रञ्जिताका पिएसओ प्रहरी सहायक निरीक्षक रोशन लोहनीले २९ माघ ०८१ मा ११ लाख जम्मा गरेको देखिएको छ । यसमाथि पनि छुट्टै मिसिल खडा गरी अनुसन्धान अधिकृत तोकी थप अनुसन्धान गर्ने निर्णय अख्तियारले गरेको छ ।

यही प्रकरणसँग जोडिएको ७० लाख घुसको अर्को विषयमा पनि अख्तियारले थप अनुसन्धान गर्ने भएको छ । अडियो संवादमा कास्की मालपोतका नासु दीपक सुवेदीले ७० लाख खर्च गरी चिरञ्जीवी पौडेललाई ल्याएको भनेका छन् । त्यस्तै, पौडेलले सेवाग्राहीसँग चारपटक हवाई टिकट किन्न लगाएको सम्बन्धमा पनि छुट्टै मिसिल खडा गरी अनुसन्धान अधिकृत तोकी थप अनुसन्धान गर्ने निर्णय अख्तियारले गरेको छ ।

सर्वसाधारणलाई...

पृष्ठ १ बाट क्रमशः

स्रेस्ता बनाउने प्रक्रिया अघि बढाइएको छ । 'धेरै जग्गाको स्रेस्ता डिजिटलाइज भइसकेको छ, कतिपयको बाँकी नै थियो,' उनी भन्छन्, 'डिजिटलाइज भएको हकमा नयाँ स्रेस्ता बनाउन सहज हुन्छ, अन्यको हकमा प्रक्रिया लामो हुन सक्छ ।'

मालपोत कार्यालय, कलंकी, कास्कीलगायतले ११ थरी कागजपत्रसहित निवेदन दिन सूचना निकालेका छन् । नागरिकताको प्रतिलिपि, स्थानीय तहको सिफारिस, सक्कल पुर्जा, सक्कल लिखतको प्रमाणित प्रति, फिल्डबुक नक्सा, मालपोत बुझाएको रसिद, रोक्का रहेकोमा रोक्का राख्ने संस्थाको सहमति, आवश्यकताअनुसार स्थलगत सर्जमिन, आवश्यकताअनुसार ३५ दिने सूचना, गुठी जग्गाको हकमा गुठी संस्थाको सहमतिपत्र र अन्य प्रमाणहरूसहित निवेदन दिन भनिएको छ ।

विभिन्न मालपोत कार्यालयले ११ वटा कागजपत्रसम्बन्धी उपस्थित हुन सूचना जारी गरेपछि सर्वसाधारण तनावमा छन् । विभागका निर्देशक आचार्यका अनुसार यस विषयमा धेरैले फोन गर्दै चासो र चिन्तासमेत व्यक्त गरिरहेका छन् । निर्देशक आचार्यका अनुसार डिजिटल रेकर्ड भएका जग्गाधनीको हकमा भने यति लामो प्रक्रिया आवश्यक पर्नेछैन ।

'डिजिटल रेकर्ड भएकाहरूको हकमा प्रक्रिया सरल बनाउनेसम्बन्धी प्रस्ताव मन्त्रालयमा पठाएका छौँ,' उनले भने, 'अन्यको हकमा भने आवश्यकताअनुसार सर्जमिनदेखि ३५ दिने सूचनासम्मको प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ ।' कसैले नक्कली लालपुर्जा बनाएर दाबी गर्न सक्ने तथा एउटै जग्गा धेरैले दाबी गर्न सक्ने जोखिम भएकाले पनि यो प्रक्रिया पूरा गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ । हालै सुकुम्बासीलगायतलाई सरकारले सरकारी जग्गाको लालपुर्जा वितरण गरेको छ । मालपोत कार्यालयको स्रेस्ता जलेको अवस्थामा कसैले नक्कली लालपुर्जा बनाएर दाबी गर्न सक्ने भएकाले त्यसमा छानबिन गर्न निर्देशन दिइएको छ ।

१० मालपोत कार्यालयमा धेरै क्षति

आन्दोलनका क्रममा देशभरिका २१ मालपोत कार्यालयमा क्षति पुगेकोमा १० कार्यालयमा ठुलो क्षति भएको छ । काठमाडौँको कलंकीसहित कास्की, भरतपुर, बाँके, घोराही, तुलसीपुर, मोरङ, बुटवल, धनगढी र खैरहनी मालपोतमा आगजनी र तोडफोडका कारण ठुलो क्षति भएको छ । धेरै क्षति भएका मालपोत कार्यालयमा तत्काल सेवा सुरु गर्न कठिन भएको छ । क्षति भएका २१ बाहेक अन्य मालपोत कार्यालयले भने सेवा सुरु गरिसकेका छन् ।

नेतृत्व हस्तान्तरण गर्न शीर्ष नेतामाथि चौतर्फी दबाब

क्षमायाचनासहित राजीनामा दिएर स्वेच्छिक अवकाश लिन नागरिक अगुवाको सुझाव, नयाँ नेतृत्व र नयाँ नीतिको आधारमा निर्वाचनमा सहभागी हुन आह्वान

प्रेम गौतम/नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि विकसित घटनाक्रमका बिच प्रमुख राजनीतिक दलका शीर्ष नेतृत्वमाथि पार्टीभित्र र बाहिरबाट पद त्याग गर्न दबाब बढ्दै गएको छ। पुराना नेताले विश्राम लिएर नयाँलाई अवसर दिनुपर्ने आवाज चौतर्फी उठे पनि शीर्ष नेता तयार देखिएका छैनन्।

खास गरेर प्रमुख तीन दल कांग्रेस, एमाले र माओवादीमा आन्तरिक रूपमा नेतृत्व हस्तान्तरणको बहस चलेको छ। तीनवटै पार्टी महाधिवेशनको तयारीमा लाग्न खोजे पनि शीर्ष नेताले नेतृत्व हस्तान्तरणको प्रतिबद्धता भने जनाएका छैनन्। तर, पार्टीबाहिरबाट पनि नेतृत्व छाड्न उनीहरूमाथि दबाब बढ्दै छ। राजनीतिक परिवर्तनको आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेले पनि पटक-पटक सरकार र पार्टी सत्तामा रहेर पनि जनआकांक्षाअनुसार काम गर्न नसकेको भन्दै शीर्ष नेताहरूप्रति आक्रोश बढ्दो छ। यसै सिलसिलामा बुधबार नागरिक समाजका अगुवाहरूले प्रमुख दलका नेतृत्वलाई क्षमायाचनासहित राजीनामा दिएर स्वेच्छिक अवकाश लिन सुझाव दिएका छन्।

'विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने प्रमुख दलको मूल नेतृत्वले हालसम्मको अवस्थाको नैतिक जिम्मेवारी लिँदै क्षमायाचनासहित राजीनामा दिएर स्वेच्छिक अवकाश लिनुपर्छ। यो केवल कुनै दल विशेषको औचित्य र भविष्यका लागि मात्रै होइन, लोकतन्त्र र दलीय प्रणालीको भविष्य तथा दल र दलको नेतृत्वलाई जनताप्रति उत्तरदायी बनाउन राजीनामा र स्वेच्छिक अवकाश अपरिहार्य भएको वास्तविकता स्पष्ट पार्न चाहन्छौँ,' अपिलमा भनिएको छ।

जेन-जी विद्रोहपछि सिर्जना भएको विशेष र असाधारण राजनीतिक परिवेशलाई मध्यनजर गर्दै लोकतान्त्रिक अभ्यासअनुसार विघटित संसद्मा प्रतिनिधित्व गर्ने सबै दलले अविलम्ब विशेष महाधिवेशन गरी नयाँ नेतृत्व चयन गर्नु आवश्यक रहेको उनीहरूको ठम्याइ छ। 'विशेष महाधिवेशनबाट दललाई मौलिक रूपमा पुनर्गठन र रूपान्तरण गर्नु आवश्यक छ। यदि, जनभावनाअनुसार दलले आफूलाई पुनर्गठन, रूपान्तरण र शुद्धीकरण नगरे थप अलोकप्रिय, कमजोर र अनुत्तरदायी हुने भन्ने वास्तविकता स्मरण गराउन चाहन्छौँ,' नागरिक अगुवाहरूले भनेका छन्।

विशेष महाधिवेशनबाट केवल नयाँ नेतृत्व मात्रै होइन, परिवर्तित परिदृश्यमा जनता र विशेष गरी नवयुवा पुस्ताको एजेन्डा, भावना र प्रतिनिधित्वसमेत सुनिश्चित गरी समयसापेक्ष राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक नीति अंगीकार गर्न आवश्यक रहेको पनि उनीहरूले औँल्याएका छन्।

नागरिक अगुवाहरू कृष्ण खनाल, केदारभक्त माथेमा, खगेन्द्र संग्रौला, गेजा शर्मा वाग्ले, चरण प्रसाईं, चन्द्रकिशोर, भोजराज पोखरेल, तुलानारायण साह, लोकराज बराल, विद्याधर मल्लिक, केशव दाहाल, झलक सुवेदी, मुमाराम खनाल, अर्चना थापा, इन्द्र अधिकारी, उद्धव प्याकुरेल, उत्तमबाबु श्रेष्ठ, कसमस विश्वकर्मा, दिनेश त्रिपाठी, दीपेश घिमिरे, दोभान राई, तारानाथ दाहाल, मीना पौडेल, रजनी ढकाल, राजाराम गौतम, विनोद सिजापति, संगीता लामा, सञ्जीव उप्रेती, श्रवण मुकारुङ र युग पाठकले संयुक्त अपिल गरेका हुन्।

नागरिक अगुवाहरूले नयाँ नेतृत्व र नयाँ नीतिको आधारमा निर्वाचनमा सहभागी हुन दलहरूलाई आह्वान गरेका छन्। उनीहरूले राजनीतिक दलहरूलाई यदि, तर केही पनि नभनी निर्वाचनमा भाग लिन पनि अपिल गरेका छन्। संविधानअनुसार ६ महिनाभित्र प्रतिनिधिसभा निर्वाचन नभए अर्को गम्भीर राजनीतिक र संवैधानिक संकट सिर्जना हुनेप्रति दलहरूको ध्यानाकर्षण गराएका छन्। निष्पक्ष, शान्तिपूर्ण र भयरहित निर्वाचनका लागि शान्तिसुरक्षा पहिलो सर्त रहेको भन्दै उनीहरूले सरकारको ध्यानाकर्षण गराएका छन्। राजनीतिक दल र आन्दोलनकारी जेन-जी समूहहरूसँग संवाद गरी सबैलाई विश्वासमा लिएर निर्धारित मितिमै निर्वाचन सम्पन्न गर्न विश्वसनीय वातावरण सिर्जना गर्न सरकारलाई अपिलसमेत गरेका छन्।

राजनीतिक दललाई चुनावमा भाग लिन नदिने अस्वाभाविक र त्रासपूर्ण अभिव्यक्तिप्रति उनीहरूले गम्भीर आपत्ति जनाएका छन्। उनीहरूले भनेका छन्, 'फागुन २१ गतेको निर्वाचनमा उत्साहपूर्वक मतदान हुन सक्ने वातावरण निर्माण गर्नका लागि शान्ति र अमनचयन कायम राख्न विशेष ध्यान पुर्‍याउँदै राजनीतिक दल, जेन-जी प्रतिनिधि र सबै सरोकारवालासँग तत्काल संवाद थाल्न हामी नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छौँ। राजनीतिक दलहरूलाई चुनावमा भाग लिन नदिनेजस्ता अस्वाभाविक र त्रासपूर्ण अभिव्यक्तिप्रति हाम्रो गम्भीर आपत्ति रहेको छ।'

अन्तरिम सरकारले लोकतान्त्रिक मूल्यमान्यता, संविधान, विधिको शासन, मानव अधिकार र नागरिक सर्वोच्चतालाई मार्गनिर्देशक सिद्धान्त मानेर आफ्नो जिम्मेवारी पूरा गर्ने विश्वास उनीहरूको छ। उनीहरूले २३ भदौको सरकारी दमन तथा नवयुवाको हत्या र २४ भदौको विध्वंस, अराजकता, सार्वजनिक र निजी सम्पत्ति र सञ्चारगृहको तोडफोड, आगजनी र आक्रमणको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न सरकारलाई अपिल गरेका छन्।

गृह मन्त्रालयबाट केही दिनअघि सार्वजनिक भएको विज्ञप्तिविरुद्ध पनि उनीहरूले आपत्ति जनाएका छन्। आगजनी तथा तोडफोडमा संलग्न हुनेविरुद्ध कारबाही नगरिने आशय विज्ञप्तिमा उल्लेख भएको भन्दै उनीहरूले विरोध जनाएका हुन्। उनीहरूले भनेका छन्, 'निजीनिवास, सरकारी भवन, राजनीतिक दलका कार्यालय, अदालत, सञ्चारगृह र उद्योग प्रतिष्ठानमाथिका लुटपाट र आगजनी तथा सुरक्षा निकाय र सुरक्षाकर्मीमाथि भएका आक्रमण तथा राज्यपक्षबाट भएको हत्याहिंसाका लागि जिम्मेवार व्यक्तिहरूलाई तुरुन्त छानबिन गरी कानुनको दायरामा ल्याई कारबाही गरिनुपर्दछ। यसक्रममा आगजानी र तोडफोडमा संलग्नलाई तत्काल कारबाही नगरिने आशयको सरकारद्वारा जारी निर्देशन तत्काल खारेज गरिनुपर्दछ।'

ठूला चार दलमा नेतृत्वलाई युवाको दबाब






जेन-जी आन्दोलनले कांग्रेस-एमालेको दुईतिहाइको सरकार ढलेपछि पार्टीभित्रै शीर्ष नेताहरूलाई पद छाड्न दबाब छ। कांग्रेस, एमाले, माओवादी र एकीकृत समाजवादीमा नेतृत्व हस्तान्तरणको बहस सुरु भए पनि पार्टीमा सभापति र अध्यक्षनिकट नेताहरूकै बाहुल्यता छ।

कांग्रेसमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले सभापति शेरबहादुर देउवालाई नेतृत्व छाड्न निरन्तर दबाब दिइरहेका छन्। विशेष महाधिवेशन बोलाएर नेतृत्व हस्तान्तरण गर्नुपर्ने उनीहरूको माग छ। उनीहरूले विशेष महाधिवेशनका लागि महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षर अभियान नै सञ्चालन गरेका छन्। उनीहरूले केन्द्रीय समिति बैठकअघि हस्ताक्षर केन्द्रीय कार्यालयमा बुझाउने तयारी गरेका छन्।

विशेष महाधिवेशन आह्वानका लागि आवश्यक संख्यामा हस्ताक्षर पुगिसकेको उनीहरूको दाबी छ। तर, संस्थापन पक्ष भने विशेष महाधिवेशनको विपक्षमा छ। कांग्रेस विधानअनुसार आगामी मंसिरमा नियमित महाधिवेशन गर्नुपर्ने हुन्छ। तर, एक वर्ष म्याद थप्न मिल्ने विधान छ। विधानको त्यही व्यवस्था प्रयोग गरेर संस्थापन पक्ष कार्यसमितिको म्याद लम्ब्याउने तयारीमा छ। कांग्रेसले आगामी रणनीति तय गर्न आगामी आइतबार केन्द्रीय कार्यसमिति बैठक बोलाएको छ।

एमालेमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली, सचिवहरू योगेश भट्टराई, गोकर्ण विष्टलगायतले नेतृत्व छाड्न अध्यक्ष ओलीमाथि दबाब बढाएका छन्। एमालेले आगामी सोमबार केन्द्रीय समिति बैठक बोलाएको छ। त्यसअघि सचिवालय बैठक बस्नेछ। माओवादीमा वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपमहासचिव जनार्दन शर्मालगायतका नेताहरूले नेतृत्व छाड्न अध्यक्ष प्रचण्डमाथि दबाब बढाएका छन्। माओवादीले आगामी मंसिरको अन्तिम साता विशेष महाधिवेशन आह्वान गरेको छ। एकीकृत समाजवादीमा महासचिव घनश्याम भुसाललगायतका नेताहरूले अध्यक्ष माधवकुमार नेपालमाथि नेतृत्व छाड्न दबाब बढाएका छन्। एकीकृत समाजवादीले आगामी शुक्रबार सचिवालय बैठक बोलाएको छ। सचिवालयले स्थायी समिति, पोलिटब्युरो र केन्द्रीय समिति बैठकको मिति तय गर्नेछ।

सकुन्जेल पार्टीको नेतृत्व गर्छु, तत्काल हस्तान्तरण गर्दिनँ : ओली

एमाले अध्यक्ष केपी ओलीले तत्काल नेतृत्व हस्तान्तरण नगर्ने संकेत गरेका छन्। केन्द्रीय सचिवालय र केन्द्रीय कमिटी बैठकको सँघारमा जिल्ला र प्रदेश अध्यक्षहरूसँग तीन दिनदेखि भर्चुअल संवादमार्फत सुझाव लिइरहेका ओलीले नेतृत्व नछाड्ने संकेत गरेका हुन्। एमालेले २४ र २५ असोजमा केन्द्रीय सचिवालय र २७ असोजमा केन्द्रीय कमिटी बैठक बोलाएको छ। 'पार्टीको शिर निहुरिन कहिल्यै पनि दिन्नँ, सक्रियताका हिसाबले दिन्नँ, विचारका हिसाबले दिन्नँ। जबसम्म सक्छु तबसम्म गर्छु, सकिनँ भने छोडिदिन्छु,' जिल्ला र प्रदेश नेतृत्वहरूसँगको छलफलमा ओलीको भनाइ थियो। जेन-जी आन्दोलनपछिको विकसित राजनीतिक घटनाक्रम र अबको बाटोबारे ब्रिफिङ गर्दै सुझाव लिएका उनले एमाले राष्ट्रियता, देश र जनताको सवालमा कसैसँग नझुकी अगाडि बढ्ने बताए। मानसिक र शारीरिक दुवै हिसाबले पार्टीलाई नेतृत्व गर्न सक्षम रहेको सन्देश दिँदै ओलीले जेन-जी आन्दोलनका क्रममा जे-जस्ता हिंसात्मक घटना भए ती सबै नियोजित षड्यन्त्रका रूपमा भएको दाबीसमेत गरे। आफू, पार्टी र देशविरुद्ध एकैसाथ षड्यन्त्र गरिएको भन्दै उनले नेतृत्व नछोड्ने निर्णय पनि त्यसकै प्रतिक्रियाका रूपमा बैठकबाटै गर्ने योजनामा रहेको संकेत गरेका थिए। पार्टीभित्र पुनर्गठन र पुस्तान्तरणको विषयमा उठेका चर्चाप्रति संकेत गर्दै उनले त्यो 'नचाहिने हल्ला' मात्र भएको भन्दै पार्टीको आन्तरिक छलफलले नै उपयुक्त निर्णय गर्ने भन्दै कोही तरंगित हुन जरुरी नरहेको प्रस्ट्याएका थिए।

सुदूरपश्चिममा फर्किएनन् साढे चार सय कैदीबन्दी

धनगढी/ जेन-जी आन्दोलनका क्रममा सुदूरपश्चिमका विभिन्न जिल्लास्थित कारागारबाट निस्किएका साढे चार सय कैदीबन्दी फर्किएका छैनन्। ६ वटा कारागार र एउटा बाल सुधारगृहबाट फरार भएका ४४८ जना कैदीबन्दी हालसम्म नफर्किएको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीले जानकारी दिएको छ। तीमध्ये ३६ महिला कैदीबन्दी हुन्। आन्दोलनका वेला कैलाली, कञ्चनपुर, डडेल्धुरा, दार्चुला, बझाङ र बैतडी कारागार तथा बाल सुधारगृह डोटीबाट एक हजार ४५८ जना कैदीबन्दी फरार भएका थिए। फरारपछि प्रहरीले नियन्त्रणमा लिएको र आफैँ सम्पर्कमा आएका कैदीबन्दीको संख्या एक हजार पाँच रहेको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए।

गत २४ भदौमा आन्दोलनकारी कारागार पुगेर तोडफोड गर्नुका साथै कैदीबन्दीलाई बाहिर निकालेका थिए। कैलाली कारागारबाट प्रदेशभरमै सबैभन्दा बढी २३ महिलासहित २९७ जना कैदीबन्दी फरार छन्। कैलाली कारागारबाट फरार भएका १९ जना भारतीय नागरिक पनि नफर्किएको कैलाली कारागार प्रमुख चिरञ्जीवी सापकोटाले बताए। आन्दोलनकारीले कैलाली कारागार नियन्त्रणमा लिएपछि त्यहाँ रहेका ६६७ जना कैदीबन्दीमध्ये ६६६ जना निस्किएका थिए।

प्रहरीको दाँत भाँचेको आरोपमा वडाध्यक्ष पक्राउ

सर्लाही/ प्रहरी चौकीमा ढुंगामुढा गरी प्रहरीको दाँत भाँचेको आरोपमा गोडैता नगरपालिका-७ का वडाध्यक्ष पक्राउ परेका छन्। गत १७ असोजमा गोडैता नगरपालिका- ७ का वडाध्यक्ष छोटेलाल भनिने विनेशकुमार दासलगायतको समूहले गोडैता प्रहरी चौकीमा ढुंगामुढा र बाँसको भाटा प्रहार गरेको प्रहरीको आरोप छ। घटनामा गम्भीर घाइते भएका प्रहरी चौकीका प्रहरी नायब निरीक्षक अवधेशप्रसाद यादवको जाहेरीका आधारमा प्रहरीले वडाध्यक्ष दासलाई पक्राउ गरेको हो।वडाध्यक्ष दासविरुद्ध जिल्ला अदालत सर्लाहीले मंगलबार पक्राउ पुर्जी जारी गरेको थियो। घटनाको विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए।

जेन-जी प्रदर्शनको एक महिना

कमजोर हुँदै खास मुद्दा, नयाँ थपिँदै

● **प्रदीप ज्ञवाली**, जेन-जी अभियन्ता



तत्कालीन सरकार हट्नुपर्ने थियो, हटेर अन्तरिम सरकार बनेको छ, जाँचबुझ आयोग बन्नुपर्छ भन्ने थियो, त्यो पनि बनिसकेको छ। भ्रष्टाचारको फाइल खोल्नुपर्छ भन्ने थियो, त्यो अघि बढिरहेको छ। चुनाव हुनुपर्छ भन्ने थियो, चुनाव हुने स्थिति पनि बन्दै छ, त्यसकारण यो एक महिना सन्तोषजनक मानिरहेका छौँ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

भ्रष्टाचार, नेपोबेबी र सामाजिक सञ्जाल बन्दविरुद्ध गरिएको जेन-जी आन्दोलन बिहीबार एक महिना पुगेको छ। २३ भदौमा जेन-जी प्रदर्शनका क्रममा १९ जनाको मृत्यु भयो। माइतीघरमा जम्मा भएर नयाँ बानेश्वर पुगेका युवा संसद् भवन प्रवेश गरेपछि सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाउँदा १९ जना मारिएका थिए। जुन घटनाले २४ भदौमा अर्कै रूप लियो। संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, प्रहरी कार्यालय, व्यक्तिका घर, व्यापारिक प्रतिष्ठानमा तोडफोड र आगजनी भयो।

नेपाल प्रहरीको तथ्यांकअनुसार जेन-जी प्रदर्शनका क्रममा गोली लागेर र अन्य कारणबाट मृत्यु हुनेको संख्या ७५ पुगेको छ। तर एक महिना बितिसक्दा पनि जेन-जीले उठाएको मूल मुद्दा सुशासन, नेताहरूको सम्पत्ति छानबिन, भ्रष्टाचारको अन्त्य र प्रत्यक्ष निर्वाचित कार्यकारीलगायत मुद्दा टुंगोमा पुग्न सकेको छैन।

प्रतिनिधिसभा विघटन भएर पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको अन्तरिम सरकार र जेन-जी समूहबिच दूरी बढ्दै छ। जेन-जीभित्र पनि अनेकौँ द्वन्द्व बढ्न थालेको छ। साथै, जेन-जी आन्दोलनको जस लिन खोज्नेको होडबाजी छ। अन्तरिम सरकार बनाउन जेन-जीको भूमिका प्रमुख रहे पनि सरकारले प्रभावकारी रूपमा काम गर्न नसकेको जेन-जी युवाहरू बताउँछन्। 'भ्रष्टाचारको फाइल अझै खुल्न सकेको छैन, गोली हान्नेलाई कारबाही हुन सकेको छैन, नेताहरू फेरि राजनीतिमा फर्किने गरी चर्को बोल्न थालिसके, उनीहरूको सम्पत्ति छानबिन गर्न ढिलो भइसक्यो,' जेन-जी अभियन्ता उत्तम अधिकारीले भने, 'यो सरकारले खुट्टा कमाउने स्थिति नआओस् भन्ने हाम्रो चाहना हो।'

समयक्रम बित्दै जाँदा जने-जीका माग पनि फेरिँदै छन्। सुरुको दिनमा उनीहरूले जे मुद्दा उठाएका थिए तीसँगै अन्य माग र मुद्दा पछिल्लो समय उठान हुन थालेका छन्। पछिल्लो समय विभिन्न जेन-जी समूहले अख्तियार प्रमुखदेखि प्रधानन्यायाधीशसम्मको राजीनामा माग गरिरहेका छन्। सामाजिक सञ्जालमा तत्कालीन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकलाई पक्राउको ह्यासट्याग अभियान नै चलाइएको छ। तर, त्यसको काउन्टरमा जेन-जी प्रदर्शनमा सिंहदरबार, सर्वोच्चलगायत मुख्य धरोहरमा आगो लगाउनेलाई कारबाही गर्नुपर्ने मागसमेत उठेको छ।

सरकारबाट जेन-जीलक्षित सीमित मात्रै काम

जेन-जी प्रदर्शनपछि बनेको सरकारले जेन-जीलक्षित सीमित मात्रै काम र निर्णय गरेको छ। मुख्यतः उनीहरूलाई तत्कालका लागि अत्यावश्यक निर्णय मात्रै सरकारले गरेको छ। हालसम्म मृतक परिवारका लागि किरिया खर्चबापत पाँच लाख रुपैयाँ र क्षतिपूर्तिबापत दश लाख रुपैयाँ वितरण गरेको छ। शव लैजान सहयोग गर्ने, घाइतेलाई घरसम्म पुर्‍याउने कार्य पनि सरकारले गरेको छ। १२ असोजमा बसेको मन्त्रिपरिषद् बैठकले घाइतेहरूलाई परिचयपत्र वितरण गर्ने, जेन-जी क्लिनिक स्थापना गर्ने, घाइतेको उपचार खर्च निःशुल्क गर्ने निर्णय गरेको थियो। सरकारले जेन-जीको मागअनुसार जाँचबुझ आयोग गठन गरिसकेको छ। गृह मन्त्रालयका विपत् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका प्रमुख गोविन्द रिजालले फलोअप उपचार गर्न आउँदा निःशुल्क गर्ने निर्णय पनि भएर कार्यान्वयन भइरहेको जानकारी दिए। 'सरकारले तत्काल गर्न सक्ने काम गरिरहेको छ, कतिपय कार्यान्वयनमै छन्,' उनले भने, 'जेन-जीका मागमा सरकार जिम्मेवार छ, बाँकी निर्णय र कार्यहरू अवस्था र मागअनुसार हुन्छन्।'

जेन-जी अभियन्ता प्रदीप ज्ञवालीले आन्दोलनको एक महिनामा सन्तोषजनक उपलब्धि भइरहेको बताए। 'तत्कालीन सरकार हट्नुपर्ने थियो, हटेर अन्तरिम सरकार बनेको छ, आन्दोलनको घटनाको आयोग बन्नुपर्छ भन्ने थियो, त्यो बनिसकेको छ,' उनले भने, 'भ्रष्टाचारको फाइल खोल्नुपर्छ भन्ने थियो, फाइल खोल्ने कार्य पनि भइरहेको छ। चुनाव हुनुपर्छ भन्ने थियो, चुनाव हुने स्थिति पनि बन्दै छ, त्यसकारण यो एक महिना सन्तोषजनक मानिरहेका छौँ।'

अर्का जेन-जी अगुवा रिजनराज भण्डारीले पनि एक महिनाको अवधिमा सन्तोषजनक काम भइरहेको र सरकारले जेन-जीका मुद्दालाई अग्रपंक्तिमा राख्नुपर्ने बताए। जेन-जी अभियन्ता नीरज जोशीको भनाइ पनि जेन-जीको माग पूरा गरिनुपर्नेमै केन्द्रित छ। 'जेन-जीले उठाएका माग पूरा हुनैपर्छ, यो सरकार पनि त्यसरी नै आएको हो। आजसम्मको अवस्था हेर्दा ठिकै मानिरहेका छौँ, तर सरकारको गति बढाउनुपर्छ,' उनले भने।

जेन-जी अगुवा आदित्य कर्णले एक महिनामा नयाँ सरकार बने पनि अन्य उपलब्ध भने अझै हुन नसकेको बताए। 'हामी अन्य उपलब्धि र सुधार होस् भन्ने अपेक्षामा छौँ, सोहीअनुसार हामीले सरकारलाई सहयोग पनि गरिरहेका छौँ,' उनले भने, 'अब निर्वाचन हुनैपर्छ, बिस्तारै देशको अवस्था सामान्य र शान्त हुनुपर्छ, प्रत्यक्ष कार्यकारी हाम्रो मुद्दा थिएन, अन्य जेन-जीले उठाएका होलान्, २३ गते गोली हान्ने र आदेश दिनेलाई कारबाही हुनुपर्छ, तर हालसम्म कारबाही भएको छैन, सबैभन्दा दुःखको कुरा यही हो। जेन-जीमध्येकै कतिपयले प्रधानन्यायाधीश र अख्तियार प्रमुखको राजीनामा माग्नुभएको छ। तर, मुद्दाहरू धेरै थरी भए पनि खासखास मुद्दाहरू पूरा हुनुपर्छ।'

चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

काठमाण्डौ महानगरपालिका-२२ खिचापोखरी, काठमाण्डौ

फोन नं. : ५७१४००२, ५७१४०४८ इमेल: info@chitcol.com


ऋण तिर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सार्वजानिक सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०६/२३ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस संस्थाबाट उपभोग गर्नुभएको ऋण रकमको समय समयमा तिर्नु/बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना तथा अन्य दै दस्तुर धनि सहकारी संस्थासंग कर्जा लिदाको वखत गरेको लिखित शर्त सम्झौता बमोजिम समयमा तिर्न बुझाउनु पर्नेमा नबुझाई नतिरी ऋण सम्बन्धि शर्तहरुको उल्लंघन गर्नु भएको र संस्थाबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत कर्जाको सांवा तथा ब्याज तिर्ने बुझाउने तर्फ कुनै ठोस पहल नगरी आलटाल गरी बसेकोले यो **३५ (पैतीस) दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस) दिन भित्र** यस सहकारी संस्थाको कार्यालयमा आई कर्जाको सांवा तथा ब्याजको सम्पूर्ण रकम तिर्न बुझाउन म्याद दिईएको छ। उल्लेखित म्याद भित्र आफुले तिर्नु बुझाउन पर्ने ऋणको सांवा, ब्याज, हर्जाना तथा अन्य दै दस्तुर समेत अनिवार्य रुपले तिर्नु बुझाउनु भई सहकारी संस्था र ऋणी बीच भएको शर्तहरु पालना गर्नुहोला। अन्यथा सहकारी संस्था र ऋणीबीच भए गरेको शर्त सम्झौता तथा ऋण असुली सम्बन्धि प्रचलित ऐन, नियमले संस्थालाई दिएको अधिकार प्रयोग गरि सांवा, ब्याज, हर्जाना तथा अन्य दै दस्तुर समेत असुल उपर गरिने ब्यहोरा जानकारी गराईन्छ। साथै व्यक्तिगत धन जमानी तथा धितो सुरक्षण दिने जमानीकर्ताहरुलाई समेत कर्जा चुक्ता गराउन सूचित गरिन्छ। तोकिएको म्यादमा कर्जा तिर्ने बुझाउने तर्फ कुनै पहल नगरी यस सूचनाको समेत वेवास्ता गरी बसेमा सहकारी ऐन २०७४ तथा नियमावली २०७५ र प्रचलित कानुन बमोजिम म ऋणी तथा धनजमानी दिने व्यक्ति तथा निजको एकाघरको नाममा रहेको सम्पति रोक्का गरि असुली प्रक्रिया अगाडी बढाइने छ। साथै कर्जा सूचना केन्द्रसंग समन्वय गरि कालो सुचिमा समेत राखिने ब्यहोरा जानकारी गराइन्छ।

तपशिल

ऋणीको विवरण	ऋणीको फोटो	व्यक्तिगत धन जमानी दिने	जमानी दिनेको फोटो
१. नाम : अस्मीता स्याङतान ना.प्र.नं. : ५१०/०५१०, जारी मिति र जिल्ला : २०६०/९/२०/१, बारा बाबु : श्री भीम बहादुर स्याङतान बाजे : दुध राज स्याङतान ठेगाना : जिल्ला बारा, निजगढ न.पा.वडा नं. ५, कर्जा शिर्षक : व्यवसायिक कर्जा सदस्य नं. १२१५३ कर्जा खाता नं. ००१३१००१८९२		**१. नाम : खड्ग बहादुर जिम्बा** ना.प्र.नं. : ११०० जारी मिति र जिल्ला : २०६०/०९/१५, मकवानपुर बाबु : कान्छा बहादुर जिम्बा बाजे : मान बहादुर जिम्बा ठेगाना : जिल्ला मकवानपुर, हेटौडा उ.म.न.पा.वडा.नं.१२ **२. नाम : अजिता लामा** ना.प्र.नं. : ३३३०११/२१३३ जारी मिति जिल्ला : २०६३/१०/११, बारा बाबु : भीम बहादुर स्याङतान बाजे : दुध राज स्याङतान ठेगाना : जिल्ला बारा, निजगढ न.पा.वडा.नं. ६	 
२. नाम :रमिता झ्यारी मगर (श्रेष्ठ) ना.प्र.नं.:२२५२०, जारी मिति र जिल्ला : २०७३/०९/ २०, काठमाण्डौ बाबु : माइला झ्यारी मगर बाजे : बल बहादुर मगर ठेगाना : जिल्ला. काठमाण्डौ, का.म.न.पा.वडा नं. १ कर्जा शिर्षक : अन्य कर्जा सदस्य नं. ११७६१ कर्जा खाता नं. ००१४२००००८६		**१. नाम : रमेश दास श्रेष्ठ** ना.प्र.नं. : ९५८१, जारी मिति र जिल्ला : २०५०/०३/१०, काठमाण्डौ बाबु : गाणेश दास श्रेष्ठ बाजे : हरिश चन्द्र श्रेष्ठ ठेगाना : जिल्ला, काठमाण्डौ का.म.न.पा. वडा नं. १ **२. नाम : श्याम सुन्दर श्रेष्ठ** ना.प्र.नं. : ९४०९९, जारी मिति र जिल्ला : २०५५/०३/१९, ललितपुर बाबु : बल राम श्रेष्ठ बाजे : कृष्ण कुमार श्रेष्ठ ठेगाना : जिल्ला, ललितपुर महालक्ष्मी.न.पा. वडा नं. ८	
३. नाम : रमेश दास श्रेष्ठ ना.प्र.नं. : ९५८१, जारी मिति र जिल्ला : २०५०/०३/१०, काठमाण्डौ बाबु : गाणेश दास श्रेष्ठ बाजे : हरिश चन्द्र श्रेष्ठ ठेगाना : जिल्ला, काठमाण्डौ का.म.न.पा. वडा नं. १ कर्जा शिर्षक : अन्य कर्जा सदस्य नं. ११७६२ कर्जा खाता नं. ००१४२००००७८		**१. नाम : रजनिस श्रेष्ठ** ना.प्र.नं. : १३९६६१ जारी मिति जिल्ला : २०६२/०३/०१, काभ्रेपलाञ्चोक बाबु : दुर्गा बहादुर श्रेष्ठ बाजे : भक्त बहादुर श्रेष्ठ ठेगाना : जिल्ला काभ्रेपलाञ्चोक, भुम्लु गा.पा.वडा.नं.१० **२. नाम : रमिता झ्यारी मगर (श्रेष्ठ)** ना.प्र.नं. : २२५२०, जारी मिति र जिल्ला : २०७३/०९/२०, काठमाण्डौ बाबु : माइला झ्यारी मगर बाजे : बल बहादुर मगर ठेगाना : जिल्ला. काठमाण्डौ, का.म.न.पा.वडा नं. १	
४. नाम : रोशन कुमार लामा ना.प्र.नं. : २४३०२५/५३६, जारी मिति जिल्ला : २०६३/११/०८, सिन्धुपाल्चोक बाबु : पेमा लामा बाजे : जगत बहादुर लामा ठेगाना : जिल्ला, सिन्धुपाल्चोक सुनकोशी गा.पा. -६, साविक थुम्पाखर गा.वि.स.वडा नं. -६ कर्जा शिर्षक : व्यवसायिक कर्जा सदस्य नं. ११६०८ कर्जा खाता नं. ००१३१००१५३३		**१. नाम : सुनिता गुरुङ** ना.प्र.नं. : २७१०३६/१०२८५, जारी मिति र जिल्ला : २०६४/००६/०४ काठमाडौ बाबु : कृष्ण बहादुर गुरुङ बाजे : अमर बहादुर गुरुङ ठेगाना : जिल्ला, काठमाण्डौ का.म.न.पा. वडा नं. ७ **२. नाम : रमेश श्रेष्ठ** ना.प्र.नं. : १००४०७, जारी मिति र जिल्ला : २०६२/०२/१७ नुवाकोट बाबु : सुर्य ब. श्रेष्ठ बाजे : प्रेम बहादुर श्रेष्ठ ठेगाना : जिल्ला, नुवाकोट पञ्चकन्या गा.पा. वडा नं. -३ (साविक चौवडा गा.वि.स. वडा.नं. -३)	 
५. नाम : सुनिता गुरुङ ना.प्र.नं. : २७१०३६/१०२८५, जारी मिति र जिल्ला : २०६४/००६/०४ काठमाडौ बाबु : कृष्ण बहादुर गुरुङ बाजे : अमर बहादुर गुरुङ ठेगाना : जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. ७ कर्जा शिर्षक : व्यवसायिक कर्जा सदस्य नं. ११६२८ कर्जा खाता नं. ००१३१००१५३६		**१. नाम : रोशन कुमार लामा** ना.प्र.नं. : २४३०२५/५३६, जारी मिति जिल्ला : २०६३/११/०८, सिन्धुपाल्चोक बाबु : पेमा लामा बाजे : जगत बहादुर लामा ठेगाना : जिल्ला, सिन्धुपाल्चोक सुनकोशी गा.पा. -६, साविक थुम्पाखर गा.वि.स.वडा नं. -६ **२. नाम : जोन गुरुङ** ना.प्र.नं. : ७८६ जारी मिति र जिल्ला : २०५९/४/१४, काठमाडौ बाबु : कृष्ण बहादुर गुरुङ बाजे : धन बहादुर गुरुङ ठेगाना : जिल्ला काठमाण्डौ, का.म.न.पा.वडा.नं.१६ **३. नाम : रमेश श्रेष्ठ** ना.प्र.नं. : १००४०७, जारी मिति र जिल्ला : २०६२/०२/१७ बाबु : सुर्य ब. श्रेष्ठ बाजे : प्रेम बहादुर श्रेष्ठ ठेगाना : जिल्ला, नुवाकोट पञ्चकन्या गा.पा. वडा नं. -३ (साविक चौवडा गा.वि.स. वडा.नं. -३)	  
६. नाम : गोपाल महर्जन ना.प्र.नं. : २९४/२०३३१, जारी मिति र जिल्ला : २०४२/०३/०१ काठमाण्डौ बाबु : गोवीन्द महर्जन बाजे : अशा महर्जन ठेगाना : जिल्ला, काठमाण्डौ का.म.न.पा. वडा नं. २२ कर्जा शिर्षक : व्यवसायिक कर्जा सदस्य नं. १०६६१ कर्जा खाता नं. ००१३१०००४६१		**१. नाम : केशव मान श्रेष्ठ** ना.प्र. नं. : ३३ जारी मिति र जिल्ला : २०४०/४/३, सिन्धुपाल्चोक बाबु : बद्री मान श्रेष्ठ बाजे : दिर्घ मान श्रेष्ठ ठेगाना : जिल्ला सिन्धुपाल्चोक, लामोसाँघु गा.वि.स.वडां.नं.१ (साविक भोटेकोशी गा.पा.वडा.नं.१)	
७. नमा : रोजिना सिं ठकुरी ना.प्र.नं. : ०९१०१०/३२२, जारी मिति र जिल्ला : २०६४/०६/२०, भोजपुर बाबु : मोधव शम्शेर ठकुरी बाजे : प्रेम शम्शेर ठकुरी ठेगाना : जिल्ला, भोजपुर साविक तुङगेछा गा.वि.स. वडा नं.- ५ कर्जा शिर्षक : व्यवसायिक कर्जा सदस्य नं. ११६२५ कर्जा खाता नं. ००१३१००१४८६		**१. नाम : विजय लुईटेल** ना.प्र.नं. : २३९६५ जारी मिति र जिल्ला : २०६२/१२/१८, झापा बाबु : कृष्ण प्रसाद लुईटेल बाजे : शान्ती राम लुईटेल ठेगाना : जिल्ला झापा, दमक न.पा.वडा.नं.७ **२. नाम : सावित्रा देवी सिं ठकुरी** ना.प्र.नं. : २७-०१-७६-०६१४७ जारी मिति र जिल्ला : २०७६-०४-२४, काठमाडौ, बाबु : जित बहादुर शाही ठकुरी बाजे : ललि बुम शाही ठकुरी ठेगाना : जिल्ला काठमाण्डौ, टोखा न.पा.वडा.नं.२	
८. नाम : राजेन्द्र महर्जन ना.प्र.नं. : ७२३/४५९३, जारी मिति र जिल्ला : २०४६/०८/३०, काठमाण्डौ बाबु : नानी बाबु महर्जन बाजे : वेख नारायण महर्जन ठेगाना : जिल्ला, काठमाण्डौ का.म.न.पा. वडा नं. १३ कर्जा शिर्षक : व्यवसायिक कर्जा सदस्य नं. ११२४३ कर्जा खाता नं. ००१३१०००६७५		**१. नाम : अर्जुन कार्की** ना.प्र.नं. : ४५६०/८७८५ जारी मिति र जिल्ला : २०४६/२/३, सिन्धुपाल्चोक बाबु : प्रितम बहादुर कार्की बाजे : गुरु ध्वज कार्की ठेगाना : जिल्ला सिन्धुपाल्चोक, सुनकोशी गा.पा. वडा.नं. ७ (साविक पाङग्रेटार गा.वि.स.वडा.नं.६) **२. नाम : श्याम डंगोल** ना.प्र.नं. : १५१७६ जारी मिति र जिल्ला : काठमाण्डौ बाबु : राम डंगोल बाजे : नारायण डंगोल ठेगाना : जिल्ला काठमाण्डौ, का.म.न.पा.वडा.नं.१०	 
९. नाम : रमेश कपाली ना.प्र.नं. : ६२१९/१७४५, जारी मिति र जिल्ला : २०४७/१०/१८, काठमाण्डौ बाबु : सिद्धि नारायण कपाली बाजे : बैखा नारायण कपाली ठेगाना : जिल्ला, काठमाण्डौ का.म.न.पा. वडा नं. ३० कर्जा शिर्षक : व्यवसायिक कर्जा सदस्य नं. ११३८७ कर्जा खाता नं. ००१३१०००८३४		**१. नाम : कान्छा महर्जन** ना.प्र.नं : ९३४४ जारी मितिर जिल्ला : २०५६/११/०५, काठमाण्डौ बाबु : काले महर्जन बाजे : हिरामान महर्जन ठेगाना : जिल्ला काठमाण्डौ,का.म.न.पा.वडा.नं.३ **२. नाम : अम्बिका राय क्षेत्री** ना.प्र.नं. : ७२१९/७३१ जारी मिति र जिल्ला : २०५८/१०/८, रामेछाप बाबु : कृष्ण बहादुर राय क्षेत्री बाजे : तिलक बहादुर क्षेत्री ठेगाना : जिल्ला रामेछाप, खाडादेवी गा.पा.वडा.नं.९	
१०. नाम : धनमाया थापा ना.प्र.नं. : ६०८५६/१३८९, जारी मिति र जिल्ला : २०५७/१२/१, इलाम बाबु : भिम बहादुर थापा बाजे : मान विर थापा ठेगाना : जिल्ला इलाम माइजोगमाई गा.पा. -१ (साविक प्याङ्ग गा.वि.स.वडा.नं.-१) कर्जा शिर्षक : व्यवसायिक कर्जा सदस्य नं. ११५९० कर्जा खाता नं. ००१३१००११५८		**१. नाम : सुक बहादुर आले** ना.प्र.नं. : १०८६४-२११००५-९४८३ जारी मिति र जिल्ला : २०४३-०९-१६, रामेछाप बाबु : थल बहादुर आले बाजे : धान बहादुर आले ठेगाना : जिल्ला रामेछाप, गोकुलगंगा गा.पा.-२ (साविक ठोसे गा.वि.स.वडा.नं.-२) **२. नाम : सुमित्रा मगर** ना.प्र.नं. : २१-०१-६९-३२८९३ जारी मिति र जिल्ला : २०६९/०६/०८, रामेछाप बाबु : सुक बहादुर आले बाजे : थल बहादुर आले ठेगाना : जिल्ला रामेछाप, गोकुलगंगा गा.पा.-२ (साविक ठोसे गा.वि.स.वडा.नं.-२)	 
११. नाम : विश्व नारायण डंगोल ना.प्र.नं. : २२९५, जारी मिति र जिल्ला : २०३८/०६/०५, काठमाडौ बाबु : हिरा नारायण डंगोल बाजे : हिरा मान डंगोल ठेगाना : जिल्ला, काठमाण्डौ का.म.न.पा.वडा.नं.१८ कर्जा शिर्षक : व्यवसायिक कर्जा सदस्य नं. ११४५३ कर्जा खाता नं. ००१३१००१२३३		**१. नाम : सुमित्रा सिंह** ना.प्र.नं. : १११७-५५४९९ जारी मिति र जिल्ला : २०४७/०५/०७, काठमाण्डौ बाबु : चन्द्रमान सिह बाजे : सिद्धि मान सिह ठेगाना : जिल्ला काठमाण्डौ, का.म.न.पा.वडा.नं.१५ **२. नाम : सुधी सिंह डंगोल** ना.प्र.नं. : २७ १०६०/९११७५ जारी मिति र जिल्ला : २०६८ /११/०२, काठमाण्डौ बाबु : विश्व नारायण डंगोल बाजे : हिरा मान डंगोल ठेगाना : जिल्ला काठमाण्डौ, का.म.न.पा.वडा.नं.१६	 
१२. नाम : नन्द लाल साह ना.प्र.नं. : २३५१२८६५, जारी मिति र जिल्ला : २०६१/१/२८, सर्लाही बाबु : राम स्वर्थ साह बाजे : गेना साह ठेगाना : जिल्ला, सर्लाही चन्द्रनगर गा.पा.-२ (साविक बबरगंज गा.वि.स.वडा.नं.-७) कर्जा शिर्षक : व्यवसायिक कर्जा सदस्य नं. ११९७७ कर्जा खाता नं. ००१३१००१८६७		**१. नाम : रंजु साह** ना.प्र.नं. : १९-०१-७५-०१९७० जारी मिति र जिल्ला : २०७५-०२-१८, सर्लाही बाबु : योगेन्द्र साह बाजे : गोथुल साह ठेगाना : जिल्ला सर्लाही, चन्द्रनगर गा.पा.वडा.नं.२ **२. नाम : बृज नारायण पटेल** ना.प्र.नं. : १७३१००/३३३ जारी मिति र जिल्ला : २०७०/२/१५, धनुषा बाबु : खखीरज सिंह बाजे : शिवराज सिंह ठेगाना : जिल्ला धनुषा, धनुषाधाम न.पा.वडा.नं.३ **३. नाम : ललन प्रसाद साह** ना.प्र.नं. : १०३००६/८४ जारी मिति र जिल्ला : २०६३/१०/१५, सर्लाही बाबु : अच्छे लाल साह बाजे : राम दत्त साह ठेगाना : जिल्ला सर्लाही, रामनगर गा.पा.वडा.नं.-१ (साविक खैर्वा गा.वि.स.वडा.नं-.५)	  

रुपान्तरित हुन किन जरुरी छ कांग्रेस ?

कांग्रेसले अब पार्टीमा रुपान्तरण गरी जनतासित पुनः जोडिन युवा, महिला र नीतिकेन्द्रित कार्यकर्तालाई नेतृत्व तहमा ल्याउनुपर्छ



● निर्मला क्षेत्री

अग्रलेख

नेपाल अहिले पुनः एउटा निर्णायक मोडमा उभिएको छ, जहाँ लोकतन्त्रको भविष्य, जनविश्वास र राष्ट्रिय स्थायित्व एकैसाथ कठोर परीक्षामा छन् । दशकौं लामो संघर्ष, बलिदान र राजनीतिक संक्रमणपछि प्राप्त लोकतन्त्र अहिले व्यवहारगत असफलता, सत्ता-संघर्ष र नैतिक संकटको दलदलमा फसेको छ । संविधानले नागरिक अधिकार सुनिश्चित गरेको भए पनि शासनको चरित्रले जनतालाई निराश तुल्याएको छ । दलगत प्रतिस्पर्धा, गुटगत द्वन्द्व र स्वार्थकेन्द्रित सत्ता खेलले लोकतान्त्रिक मूल्यहरूको आधार ध्वस्त पारेको छ ।

यस्तो सन्दर्भमा नेपाली कांग्रेस पुनः राष्ट्रिय दिशा निर्धारणको केन्द्रमा आइपुगेको छ । कांग्रेस केवल ऐतिहासिक दल होइन, यो नेपालको स्वतन्त्रता, लोकतन्त्र र नागरिक अधिकारको आत्मा पनि हो । तर, इतिहासको गौरवले मात्र भविष्य सुरक्षित गर्न सकिँदैन । आज कांग्रेसको प्रमुख चुनौती भनेकै जनताको भरोसा पुनः आर्जन गर्नु, शासनलाई परिणाममुखी बनाउनु र राज्य सञ्चालनमा जनभावनालाई प्रतिबिम्बित गर्नु हो ।

नेपालको राजनीति अहिले दिशाहीन र मूल्यविहीन बन्दै गएको छ । विचारभन्दा बढी सत्ताको गणितले दलहरूलाई बाँधेको छ । गठबन्धनको राजनीति अब आदर्श र नीति होइन, पद र शक्ति बाँडफाँटको गणनामा सीमित हुँदै गएको छ । बेरोजगारी, युवा पलायन, महँगी, आर्थिक असमानता र भ्रष्टाचारले जनजीवन संकटग्रस्त बनेको छ । यस्ता समस्याले केवल आर्थिक असन्तुलन होइन, राजनीतिक निराशा पनि बढाएको छ ।

विभिन्न अध्ययनले देखाउँछ, युवा पुस्ताको ठुलो हिस्सा अब दलबाट टाढिँदै गएको छ । उनीहरू भाषण होइन, परिणाम खोज्छन् । उनीहरू पारदर्शिता, दक्षता र डिजिटल जवाफदेहिता चाहन्छन् । त्यसैले कांग्रेसले अब पुरानो आन्दोलनकारी छविमा मात्र सीमित नरही नयाँ पुस्ताको आकांक्षा, प्रविधिमैत्री सोचसँग सन्तुलन कायम गर्दै व्यावहारिक सुधारको बाटो रोज्नुपर्छ ।

लोकतन्त्र केवल प्रणाली होइन, यो व्यवहार र संस्कार पनि हो । त्यसैले कांग्रेसले आज आफ्नो ऐतिहासिक मूल्यलाई व्यावहारिक शासनमा रुपान्तरण गर्न जरुरी छ । सिद्धान्तमा स्थिरता र कार्यशैलीमा नवीनताविना जनताको मन जित्न सकिन्न । नेपालको लोकतान्त्रिक इतिहास संघर्ष, सहनशीलता र आदर्शको इतिहास हो । तर, पछिल्ला वर्षमा लोकतन्त्रको नैतिक बल कमजोर हुँदै गएको छ । सत्ता-समीकरणले जनभावनालाई पछाडि पार्दै आएको छ । यसले लोकतन्त्रमा जनविश्वास घटाएको छ र लोकतन्त्र स्वयं 'विश्वासको संकट'मा फसेको छ ।

यस्तो वेला पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वको वर्तमान सरकार नेपालको राजनीतिक इतिहासमा नैतिकता र पारदर्शिताको प्रतीक प्रयोग बनेको छ । दलहरू सत्ता-संघर्षमा डुबिरहेका वेला वर्तमान सरकारले सत्यनिष्ठा र उत्तरदायित्वको सन्देश दिएको छ । आज पनि त्यो सन्देश उत्तिकै सान्दर्भिक छ, लोकतन्त्रको शक्ति बहुमतमा होइन, विश्वास र संयममा हुन्छ ।

कांग्रेसले यही मूल्य आत्मसात् गर्दै शक्ति-साझेदारी होइन, नीति-साझेदारीको संस्कृति विकास गर्नुपर्छ । स्थायित्वको बाटो सत्ताको बाँडफाँडमा होइन, सुशासन र सहकार्यमा खोज्नुपर्छ । बिपी कोइरालाले भनेका थिए, 'लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो ।' यो वाक्य आज पनि नेपालको राजनीतिक चेतनाको केन्द्रमा छ । जनता लोकतन्त्रका हर्ताकर्ताका गलत क्रियाकलापबाट निराश हुन सक्छन्, तर लोकतन्त्रकै विकल्प खोज्न तयार हुनेछैनन् । समस्या लोकतन्त्रमा होइन, लोकतन्त्रको अभ्यासमा छ ।

नेपालको लोकतन्त्र अहिले अधोगतिको सामना गर्दै छ । ढिलासुस्ती, भ्रष्टाचार, असमानता र नीतिगत अन्योलले यसको आत्मा कमजोर बनाएको छ । यसको समाधान अधिनायकवाद होइन, उत्तरदायी र परिणाममुखी लोकतन्त्र नै हो । लोकतन्त्रलाई बलियो बनाउने बाटो जनतासँगको प्रत्यक्ष उत्तरदायित्व र परिणाम आधारित शासन हो । कांग्रेसले यही बाटो रोज्नुपर्छ, जहाँ नागरिकले राज्यको सेवा, न्याय र अवसर प्रत्यक्ष महसुस गर्न सकून् ।

कांग्रेसले अब खुलेर आत्मसमीक्षा गर्नैपर्छ । पार्टीभित्रको गुटबन्दी, निष्क्रियता र नेतृत्व-एकाधिकारले संगठनलाई कमजोर बनाएको छ । यही कारणले जनताको भरोसा घट्दै गएको हो । अबको आवश्यकता हो, आन्तरिक लोकतन्त्र मजबुत बनाउने अभियान र संगठनात्मक पुनर्जागरण । कांग्रेसले अब आफू जनतासित जोडिन युवा, महिला र नीति-केन्द्रित कार्यकर्तालाई नेतृत्व तहमा ल्याउनुपर्छ । नयाँ पुस्ता कांग्रेसको शक्ति मात्र होइन, भविष्य पनि हो । कांग्रेस नयाँ विचार, नयाँ ऊर्जासँग एकाकार हुन सकेन भने लोकतन्त्रप्रतिको विश्वास पुनः जगाउन कठिन हुनेछ ।

जनताको मन जित्ने बाटो अब भावनात्मक नारामा होइन, व्यावहारिक सुधार र सेवामुखी नतिजामा छ । कांग्रेसले



विगतको गौरव होइन, भविष्यको परिणाम प्रस्तुत गर्नुपर्छ । जनताको अपेक्षा स्पष्ट छ, सफा राजनीति, पारदर्शी शासन र नतिजा दिने नेतृत्व । कांग्रेसले अबका दिन आफूलाई यसमा खरो रूपमा प्रस्तुत गर्न सक्नुपर्छ ।

कांग्रेसका तीन आत्मजागरणका स्तम्भ

१. नीति स्पष्टता र वैकल्पिक शासन दृष्टि

कांग्रेसले अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, रोजगारी र सुशासनमा ठोस नीति प्रस्तुत गर्नुपर्छ । केवल विरोध होइन, वैकल्पिक शासन मोडेल प्रस्ताव गर्नुपर्छ । नीति स्पष्ट नभएसम्म जनविश्वास फर्किँदैन । कांग्रेसले निजी क्षेत्रसँग सहकार्य, उत्पादनमुखी अर्थतन्त्र र रोजगारी-केन्द्रित नीति अघि बढाउनुपर्छ ।

> नयाँ पुस्ता कांग्रेसको शक्ति मात्र होइन, भविष्य पनि हो । कांग्रेस नयाँ विचार, नयाँ ऊर्जासँग एकाकार हुन सकेन भने लोकतन्त्रप्रतिको विश्वास पुनः जगाउन कठिन हुनेछ ।

२. नैतिक पुनर्जागरण र शुद्ध राजनीतिक संस्कार

गुटबन्दी, व्यक्तिगत स्वार्थ र राजनीतिक व्यापार अन्त्य गर्नुपर्छ । कांग्रेसले नैतिक राजनीतिलाई आन्दोलनका रूपमा अघि बढाउनुपर्छ, जहाँ पारदर्शिता, जवाफदेहिता र शुद्ध आचरण पार्टीको मूल मूल्य बन्न सकोस् । राजनीतिक शुद्धता नै जनविश्वासको पहिलो सर्त हो ।

३. परिणाममुखी शासन र नागरिक अनुभवको सुधार

जनतालाई प्रत्यक्ष सुधार महसुस गराउने शासन प्रणाली, रोजगारी सिर्जना, स्थानीय सेवा सुधार, भ्रष्टाचार नियन्त्रण र न्यायिक पारदर्शितालगायत विषय कांग्रेस नीतिको केन्द्रमा रहनुपर्छ । परिणामको राजनीति नै जनताको मन जित्ने बाटो हो ।

विश्व राजनीति अहिले पुनः ध्रुवीकरणको दिशामा छ । अमेरिका-चीन प्रतिस्पर्धा, भारतको क्षेत्रीय प्रभाव र रुस-युक्रेन युद्धले शक्ति सन्तुलन फेरिँदै छ । यस्तो अवस्थामा नेपालजस्तो भूराजनीतिक रूपमा अत्यन्त संवेदनशील देशले सन्तुलन, स्वाभिमान र व्यावहारिक कूटनीति अपनाउनुपर्छ ।

नेपालले आफ्नो शासन प्रणालीलाई तीन आधारमा उभ्याउनुपर्छ, १. संविधानको आत्मा व्यवहारमा उतार्ने राजनीतिक संस्कार । संविधान केवल कानुनी दस्ताबेज होइन, नैतिक प्रतिबद्धता हो । दलहरूले यसको भावनाअनुसार शासन गर्नुपर्छ । २. संवैधानिक निकायको स्वतन्त्रता र शक्ति सन्तुलनको सम्मान, न्यायपालिका, निर्वाचन आयोग, अख्तियार र अन्य संवैधानिक संस्थाहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्नुपर्छ । ३. राष्ट्रिय हित-केन्द्रित परराष्ट्र नीति, नेपालले भारत, चीन, अमेरिका वा अन्य शक्तिप्रति झुकाव होइन, समान दूरी र पारस्परिक हितमा आधारित नीति अपनाउनुपर्छ । नेपालको सर्वोच्च प्राथमिकता सधैँ आफ्नो स्वाभिमान र आर्थिक स्थायित्व हुनुपर्छ । कांग्रेसले यी सिद्धान्तलाई नीतिगत तहमा स्पष्ट रूपले स्थापित गर्न सके नेपालको परराष्ट्र नीति सन्तुलित र दीर्घकालीन दिशामा अगाडि बढ्नेछ ।

२१औँ शताब्दीको लोकतन्त्र केवल मतदान र पार्टीगत सदस्यतामा सीमित छैन । आजका नागरिक विशेषगरी युवा पुस्ता नीति निर्माण र निर्णय प्रक्रियामा प्रत्यक्ष सहभागिता चाहन्छन् । त्यसैले कांग्रेसले डिजिटल लोकतन्त्रको अभ्यास सुरु गर्नुपर्छ, जहाँ नागरिकले नीति सुझाव, जनमत संकलन र निर्णय प्रक्रियामा प्रत्यक्ष योगदान दिन सकून् ।

युवा र महिलालाई नेतृत्व तहमा ल्याउनु केवल समावेशिता मात्र होइन, कांग्रेसको भविष्यको सुनिश्चितता पनि हो । कांग्रेसले यदि नयाँ पुस्ताको सोच, प्रविधि र नीतिगत दृष्टि आत्मसात् गर्न सक्यो भने त्यो लोकतन्त्रलाई डिजिटल युगसँग जोड्ने ऐतिहासिक कदम हुनेछ । डिजिटल लोकतन्त्रको अभ्यासले पारदर्शिता र जवाफदेहिता मात्र होइन, जनसहभागिताको नयाँ संस्कार पनि जन्माउनेछ । यसले लोकतन्त्रलाई पुस्तान्तरको भाषा र प्रविधिको गतिसँग जोड्नेछ ।

नेपाल अहिले संकट र सम्भावनाको दोबाटोमा छ । राजनीतिक अविश्वास, आर्थिक कठिनाइ र सामाजिक असन्तुलनबिच पनि जनताको लोकतन्त्रप्रतिको आस्था अझै मरेको छैन । यही आस्थालाई जीवन्त राख्नु कांग्रेसको ऐतिहासिक दायित्व हो । लोकतन्त्रको रक्षा, सुशासनको अभ्यास र राष्ट्रिय हितमा आधारित नीति निर्माण, यी तीन स्तम्भ कांग्रेसको नयाँ पहिचान बन्न सक्छन् । कांग्रेसले यदि आत्मसुधार, पारदर्शी नेतृत्व र परिणाममुखी शासनको अभ्यास गर्न सक्यो भने यसबाट केवल पार्टीको पुनर्जागरण होइन, नेपालको लोकतन्त्रको नयाँ युगको सुरुवात हुनेछ ।

कांग्रेसको इतिहास नेपालकै लोकतन्त्रको इतिहास हो । त्यसैले अहिलेको चुनौती विगतका उपलब्धि जोगाउनु मात्र होइन, नयाँ पुस्तामा लोकतन्त्रप्रतिको विश्वास पुनः जगाउनु पनि हो । लोकतन्त्र केवल शासन प्रणाली होइन, यो जनविश्वास, नैतिकता र उत्तरदायित्वको साझा मूल्य हो ।

नेपाललाई अहिले भाषण होइन, परिणाम चाहिएको छ र त्यो परिणाम दिने शक्ति अझै कांग्रेसमै छ, यदि पार्टीले आत्मजागरण, सुधार र साहसिक निर्णयको बाटो रोज्न सक्यो भने । कांग्रेसको आत्मजागरण केवल पार्टीको पुनर्जीवन होइन, नेपालको लोकतान्त्रिक पुनर्जागरणको पूर्वसर्त पनि हो ।

जनताको आशा पुनः जगाउनु, शासनलाई नैतिक बल दिनु र लोकतन्त्रलाई व्यवहारमा उतार्नु, यही कांग्रेसको ऐतिहासिक जिम्मेवारी हो । विगतको गौरवलाई भविष्यको उपलब्धिमा रुपान्तरण गर्ने समय अब यही हो ।

(क्षेत्री नेपाली कांग्रेस शुभेच्छुक संस्था समन्वय विभागकी सचिव हुन्)

३ प्रश्न

इलामकी प्रमुख जिल्ला अधिकारी **सुनिता नेपाल**लाई



यसपटकको वर्षामा इलाममा सबैभन्दा धेरै क्षति हुनुको कारण के होला ?

क्षतिको मुख्य कारण अत्यधिक वर्षा नै हो । तीन-चार घण्टाको अन्तरालमा ३२२ मिलिमिटर पानी परको देखिएको छ । मैले सुनेअनुसार चिया इलाम टी स्टेटवरपरको भागलाई केन्द्र बनाएर ठुलो वर्षा भयो । जहाँ धेरै क्षति भएको छ, त्यो क्षेत्र माथिल्लो पहाडी भेग छ । झापासँग जोडिएको पालिकामा क्षति भएको छैन । चट्टान नभएको र मलिलो माटो भएको क्षेत्रमा पहिरो गएको छ । रातको समयमा पहिरो गएकाले पनि क्षति बढी भयो । दिउँसो भएको भए मानिस सतर्क हुन्थे, भाग्ने समय हुन्थ्यो ।

क्षतिको अवस्था कस्तो छ ?

हताहतीको कुरा गर्दा मंगलबारसम्म मृतकको संख्या ३९ पुगेको छ । एकजना बेपत्ता छन् । त्यस्तै अहिलेसम्म १०८ घर पूर्ण क्षति भएको तथ्यांक पाइएको छ । अझै थप तथ्यांक आउँदै छ । तर, पालिका तथा जनप्रतिनिधि प्रभावितको सहयोगमा खटिइरहनुभएको छ ।

बागमती प्रदेशमा केन्द्र सरकारले जे-जस्तो पूर्वतयारी गऱ्यो, कोशीले गरेन भन्ने आरोप आइरहेको छ नि ?

त्यस्तो होइन । यहाँ सडक सञ्जाल पूरै टुटेकाले सुरुमा समस्या आएको हो । घटना अति दुर्गम क्षेत्रमा भएको र राजमार्ग बन्द भएकाले झन् राहतमा केही ढिलो भयो । तर, त्यो समस्या पनि समाधान भइरहेको छ । केन्द्र सरकारले घटनाको भोलिपल्टै ७० लाखको सहयोग रकम पठाएको थियो । गृह मन्त्रालयले घाइतेको उद्धारमा हेलिकोप्टर उपलब्ध गराएको थियो । त्यसले सुत्केरीसहित १४ को उद्धार गऱ्यो । घाइतेको सरकारले नै निःशुल्क उपचारको व्यवस्था गरेको छ । यही वेला मौका भनेर यात्रुवाहक गाडीले भाडा बढाएपछि हामीले निःशुल्क वाहन उपलब्ध गराएका छौं । प्रदेश सरकार र पालिकास्तरबाट धेरै काम भइरहेको छ । ती पनि सरकारकै अंग हुन् ।

प्रेरक प्रसंग

बुद्ध र रिसाहा व्यापारी

एक धनी व्यापारी निकै रिसाहा थिए । क्रोधका कारण उनी परिवार, मित्रगण र आफन्तजनमाझ पनि अलोकप्रिय थिए । बाहिरी दुनियाँले पनि उनलाई राम्रो नजरले हेर्दैनथे । उनीसितको बस-उठले उनको परिवारका सदस्य पनि बिस्तारै रिसाहा बन्दै गएका थिए । अहंकारको टकराहटले उनको घरको वातावरण नर्कतुल्य बनेको थियो ।



यो सब महसुस गरिरहेका व्यापारी दुःखी भएर एक दिन भगवान् बुद्धको शरणमा पुगे । आफ्नो अवस्थाबारे सबै यथार्थ बुद्धलाई सुनाइसकेपछि उनले क्षमायाचना गर्दै भने- भगवान्, मलाई यस नरकबाट मुक्ति दिनुहोस् । म पनि भिक्षु बन्न चाहन्छु, मलाई दीक्षा दिनुहोस् । व्यापारीको याचना सुनेपछि गम्भीर हुँदै बुद्धले भने- अहिले भिक्षु बन्ने तिम्रो समय आएको छैन । भिक्षु कहिल्यै पलायनवादी हुनुहुँदैन । तर, तिमी त परिवारभित्रको समस्याबाट भागेर भिक्षु बन्ने बाटो रोजिरहेका छौ । अब तिमी घर जाऊ र आफ्नो गृहस्थी सम्हाल । तिमी अरूबाट जस्तो व्यवहारको अपेक्षा गर्छौ, आफू पनि अरूप्रति त्यस्तै व्यवहार गर । यत्ति गर्न सक्यौ भने तिम्रो घर मन्दिर बन्छ ।

भगवान् बुद्धको उपदेश पाएपछि व्यापारी खुसी मनले घर फर्किए । घर फर्किएपछि उनले बुद्धको उपदेशलाई पूर्णतः अपनाए । उनले आफ्नो रिस नियन्त्रणमा राख्दै गए । परिणामतः उनका परिवारका सदस्यको पनि रिस कम हुँदै गयो । यसले उनको घरको वातावरण पनि स्वतः बदलियो । अब परिवारका सबैले आआफ्नो रिस, राग र अहंकार भुलेर आपसमा प्रेम गर्न थाले । छिटै घरको दूषित वातावरणमा नयाँ उल्लास छायो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

मन्त्रीहरूको सम्पत्ति विवरण कहिले सार्वजनिक हुन्छ ?

जेन-जीहरूका अनेक उद्देश्यमध्ये एक हो, सुशासन र भ्रष्टाचारमुक्त समाज । त्यसका लागि बोलेर मात्र हुँदैन, त्यहीअनुरूपको आचरण र व्यवहार पनि चाहिन्छ । त्यो कुरा साधारण जेन-जीदेखि उनीहरूकै आन्दोलनबाट मन्त्री-प्रधानमन्त्री बनेकासम्मको आचरणबाट देखिनुपर्छ । त्यसको पहिलो पाइला हो, उनीहरूको सम्पत्ति विवरण आमजनताले थाहा पाउने गरी सार्वजनिक गर्ने । जुन अहिले सरकार गठन भएको एक महिना हुन लाग्दासमेत हुन सकेको छैन ।

अधिल्लो ओली सरकारका मन्त्रीले त आफ्नो सम्पत्ति विवरण सार्वजनिक नगरी आफूहरू सुशासनका लागि योग्य नरहेको पुष्टि गरेका थिए । तर, जेन-जीका तर्फबाट मन्त्री बनेकाहरूले पनि सोही पदचाप पछ्याए । त्यो सुशासनविरुद्धको कदम मानिनेछ । यसर्थ, यसमा जेन-जीको आन्दोलनको बलले प्रधानमन्त्री बनेको सुशिला कार्कीको सरकारले विशेष तदारुकता देखाउनुपर्छ । पहिला आफू इमानदार पुष्टि हुनुपर्छ, त्यसपछि मात्र अन्य भ्रष्टलाई कारबाही गर्ने नैतिक शक्ति वर्तमान सरकारलाई प्राप्त हुनेछ । पहिले नयाँ मन्त्री परिषद् गठन भएको महिना दिनभित्रै सबै मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक हुन्थ्यो । तर, ओली सरकारले त्यो प्रचलनलाई बेवास्ता गर्दा भ्रष्टाचार गर्ने बाटोमा झनै बल पुगेको थियो । यसलाई वर्तमान सरकारले सच्चाउनु आवश्यक छ ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं

म्याक्रोंका आगामी कदम

गहिरिँदो राजनीतिक संकटबिच म्याक्रोंलाई आफ्नै सहयोगीले समेत साथ छाड्दै जाँदा उनीमाथि राजीनामासम्मको दबाब परिरहेको छ



देश/विदेश

● शोला लावल

फ्रिलान्स पत्रकार लावल फ्रान्सेली राजनीति, सामाजिक न्याय, महिला मुद्दा र वातावरणीय विषयमा केन्द्रित भएर लेख्छिन् ।

फ्रान्सका प्रधानमन्त्री सेब्याटियन लेकोर्नुले आफ्नो क्याबिनेट विस्तार गरेको एक दिनपछि सोमबार बिहान राजीनामा दिए । यसअघिका प्रधानमन्त्री फ्रान्स्वा बायरोले राजीनामा दिएपछि लेकोर्नुले सेप्टेम्बर ९ मा प्रधानमन्त्रीको पदभार ग्रहण गरेका थिए । उनको कार्यकाल २७ दिन मात्र रह्यो, जुन सन् १९५८ मा फ्रान्सको वर्तमान संविधान लागू भएपछिको सबैभन्दा छोटो समयावधि हो । त्यस्तै उनी सन् २०२२ पछि तीन वर्षको अवधिमा बनेका फ्रान्सका पाँचौं प्रधानमन्त्री थिए भने त्यस्तै गत वर्ष जुनमा म्याक्रोंले मध्यावधि चुनाव गरेपछिका तेस्रा प्रधानमन्त्री थिए । लेकोर्नु सन् २०२२ देखि गत महिनासम्म सैन्य बलमन्त्री थिए ।

विभाजित फ्रान्सेली संसद्का विपक्षी दलले राष्ट्रपति इम्यानुएल म्याक्रोंमाथि राजीनामा दिएर तत्काल राष्ट्रपति चुनाव गर्न दबाब बढाएका छन् । यसपटक म्याक्रोंकै शिविरका राजनीतिज्ञ र सहयोगीले समेत राजीनामाको आह्वान गरेका छन् । विश्लेषकहरूले यसपटक म्याक्रों साँच्चै अप्ठ्यारोमा रहेको औंल्याएका छन् । किनकि, लेकोर्नुलाई लामो राजनीतिक संकटबाट बाहिर निकाल्ने म्याक्रोंका 'अन्तिम विकल्प'का रूपमा हेरिएको थियो । जर्मन काउन्सिल अन फरेन रिलेन्सका फ्रान्स विज्ञ ज्याकब रसले पनि म्याक्रोंका विकल्प समाप्त हुँदै गएको बताए ।

फ्रान्सको गहिरो रूपमा विभाजित वर्तमान संसद्मा सहमतिको सम्भावना निकै कठिन छ । संसद्का ५७७ सिटमध्ये उग्र दक्षिणपन्थी र वामपन्थी दलले कुल ३२० सिट ओगटेका छन् । र, उनीहरूबिच तीव्र घृणा भएकाले मिलेर सरकार बनाउने सम्भावना छैन । सरकार गठनका लागि दक्षिणपन्थी र वामपन्थी समूहको सहयोग गरेका म्याक्रों पक्षधर मध्यपन्थी र रुढिवादी समूहसँग जम्मा २१० सिट छ । यस्तोमा कुनै पनि समूहसँग अहिले सरकार बनाउने बहुमत छैन ।

आइतबार आफ्नो क्याबिनेट विस्तार गरेलगत्तै लेकोर्नुको सरकारलाई ५० सिट भएको दक्षिणपन्थी रिपब्लिकन पार्टी (एलआर)ले समर्थन गरेको थियो । लेकोर्नुले रक्षामन्त्रीका रूपमा चुनेका ब्रुनो ले मायरप्रति एलआर असन्तुष्ट थियो । यसअघिको सरकारमा अर्थमन्त्री रहेका मायरका नीतिप्रति एलआरले त्यति वेला विरोध जनाएको थियो । अहिले लेकोर्नुको बहिर्गमनले बजारसमेत प्रभावित बनेको छ । फ्रान्सको बेन्चमार्क स्टक सूचकांक 'सिएसी ४०'मा प्रमुख फ्रान्सेली कम्पनीको सेयर औसत दुई प्रतिशतसम्मले घटेको देखियो । अहिले विस्तारित क्याबिनेका मन्त्रीहरू अब अर्को सूचना नभएसम्म कार्यवाहकको रूपमा रहनेछन् ।

अहिलेको अस्थिरताको सुरुवात सन् २०२४ मा भएको चुनावपछि भएको थियो । चुनावबाट म्याक्रोंको मध्यमार्गी समूहका अतिरिक्त वामपन्थी र अति-दक्षिणपन्थी समूह सम्मिलित त्रिशंकु संसद् जन्मिएको थियो । म्याक्रोंले आफ्नो समूहको सिट बढाउन समयअघि नै चुनाव घोषणा गरे पनि बहुमत प्राप्त गर्न असफल भए । त्यसपछिको संसद्मा म्याक्रों सरकार आफ्ना नीति पारित गर्न कठोर अवरोधको सामना गर्दै आएको छ ।

एकातर्फ राजनीतिक गतिरोध बढिरहँदा म्याक्रोंले कोभिड-१९ कालको खर्च वृद्धिबाट उत्पन्न बढ्दो घाटालाई कम गर्न खर्च कटौती प्रयास गर्दा समस्या झन्



फोटो क्रेडिट : मोहम्मद बाद्रा/रोयटर्स

थपिएको छ । ती प्रयासका कारण पछिल्ला मतसर्वेक्षणमा फ्रान्सेली राष्ट्रपतिको लोकप्रियता रेकर्डस्तरमा घटेको छ । घट्दो लोकप्रियताले अप्रिल २०२७ सम्म कार्यकाल रहेका म्याक्रोंमाथि अहिले उच्च दबाब छ । उनी आफ्नै समूहभित्रसमेत एक्लिएको बताइन्छ ।

म्याक्रोंका प्रमुख सहयोगी र सन् २०१७ देखि २०२० सम्म प्रधानमन्त्री रहेका एडुअर्ड फिलिपले एक रेडियो अन्तर्वार्तामा म्याक्रोंले कामचलाउ प्रधानमन्त्री नियुक्त गर्नुपर्ने र त्यसपछि चाँडै राष्ट्रपति चुनावका लागि आह्वान गर्नुपर्ने बताए । मध्यमार्गी 'होराइजन्स पार्टी'बाट सन् २०२७ को चुनावमा राष्ट्रपति उठ्न लागेका फिलिपले 'राष्ट्रपति चुनावका लागि अर्को १८ महिना धेरै लामो भएको' प्रतिक्रिया दिएका थिए । पछिल्लो संकटबाट हालसम्म कुनै सार्वजनिक बयान नदिएका म्याक्रों सोमबार सुरक्षाकर्मीलाई साथ लिएर सेन नदीको किनारमा एक्लै हिँडिरहेका देखिएको थियो ।

आफ्नै शिविरले राजनीतिक भार सम्झिँदा विपक्षी समूहले म्याक्रोंमाथि दबाब बढाउनु स्वाभाविक हो । आप्रवासीविरोधी र इयूविरोधी राष्ट्रिय ऱ्याली (आरएन) ले सोमबार म्याक्रोंलाई चुनाव गराउन वा राजीनामा दिन आग्रह गरेको छ । अहिले नै चुनाव भएमा आरएनले संसद्मा सिट बढाउने अपेक्षा गरिएको छ । यस्तै आह्वान वामपन्थी समूहबाट आइरहेको छ । उग्र वामपन्थी दल 'फ्रान्स अनबोड पार्टी'का सदस्यले म्याक्रोंको बहिर्गमनका लागि आग्रह गरेका थिए । आफ्नै सहयोगी दलले समेत साथ छाडेकोजस्तो लागेकाले पछिल्लो समय फ्रान्सेलीहरू नै म्याक्रोंले पद छोड्न सक्ने कुरालाई गम्भीरतापूर्वक लिन थालेको विश्लेषक रसले पनि बताए ।

अब म्याक्रोंसँग तीन विकल्प रहेको रसको ठम्याइ छ । एक- प्रधानमन्त्रीको चयन गर्ने । तर, नयाँ प्रधानमन्त्रीले पनि संसद्मा कुनै नीति पारित गर्न सहमति हासिल गर्न संघर्ष गर्नुपर्ने हुन सक्छ । अर्को विकल्प- राष्ट्रपतिबाट राजीनामा दिने । तेस्रोमा- फेरि संसद्को अर्को चुनाव आह्वान गर्ने विकल्प पनि उनीसामु छ । तथापि, अर्को चुनावबाट पनि कुनै दलले बहुमतको सरकार बन्ने अवस्था सिर्जना नगर्न सक्छ । तीनै विकल्पको आफ्नै चुनौती हुनेछन् । संकट गहिरिँदै जाँदा युरोपेली संघको दोस्रो सबैभन्दा बढी जनसंख्या भएको देशका प्रमुखको रूपमा म्याक्रोंले अन्तर्राष्ट्रिय मोर्चामा अडानलाई समेत प्रभावित बनाउन सक्छन् ?

अलजजिराबाट

सबै नेपालीले आन्दोलन र तोडफोड गर्ने अनि बालेनले मात्र सबै कुरा रोक्नुपर्ने हो ? कि ऊभन्दा अर्को मान्छे छैन ?

● मदन शर्मा



महानगरको दमकललाई आन्दोलनकारीबाट अवरोध भयो

नेपालमा मान्छेको मूल्यभन्दा पनि भवन-दरबारको मूल्य बढी हुने रहेछ । त्यही भएर युवा भाइ-बहिनी, कसैको पछि लागेर आफ्नो ज्यान फाल्ने काम नगर्नू । जहाँ मानव जीवनको महत्त्व एउटा भवनको भन्दा पनि कम हुन्छ, त्यो देशका लागि आफ्नो ज्यान दिनु बेकार हो । सचेत होऔं, आफ्नो अमूल्य जीवन खेर नफालौं, युवाहरूले ।

● राम मल्ल

पर्दापछाडि बसेर भिड चलाएर आन्दोलन गराउन सक्ने, आन्दोलन भइरहँदा मिनरल वाटर बाँड्न सक्ने, भिडको नेता भएर प्रधानमन्त्री बनाउन भूमिका खेल्न सक्ने, गृहमन्त्री बनाउन सक्ने, भिडकै समर्थनमा सरकारमा को बस्ने, को नबस्ने भनेर निर्णय गर्न सक्ने, अनि त्यही भिड पन्छाएर सिंहदरबार र सर्वोच्चको आगो निभाउन नसक्ने ?

● सालिकराम पौडेल

बालेनलाई आन्दोलनकारीले भगवान् मानेका थिए । त्यतिवेला उनले चाहेको भए दमकल जसरी पनि पुग्थ्यो, आगो निभाउन । बाँकी सबै कुरा अहिले बहाना मात्र हो ।

● गोविन्द घलान

यही कुरा भन्न पनि एक महिना लागेछ । मेरोबारे धेरै विरोध आउन थाल्यो भनेर बल्ल सोचेर पोस्ट गरेजस्तो छ ।

● सइत थापा

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

तीन वैज्ञानिकलाई रसायनशास्त्रतर्फको नोबेल पुरस्कार



कितागावा रोबसन याघी

एजेन्सी / यस वषको रसायनशास्त्रतर्फको नोबेल पुरस्कार जापान, अस्ट्रेलिया र संयुक्त राज्य अमेरिकाका तीन वैज्ञानिकलाई संयुक्त रूपमा प्रदान गरिने भएको छ। नोबेल पुरस्कार समितिले बुधबार उक्त घोषणा गरेको हो। जापानका सुसुमु कितागावा, अस्ट्रेलियाका रिचर्ड रोबसन र अमेरिकाका ओमर एम याघीलाई धातु-जैविक ढाँचामा उनीहरूको कामका लागि पुरस्कार प्रदान गरिने भएको हो। उनीहरूले 'मलिक्युलर आर्किटेक्चर'को नयाँ शैली विकास गरेका छन्। यो पर्यावरण शुद्धीकरणसहित विभिन्न प्रयोजनमा प्रयोग हुन सक्ने विज्ञहरू बताउँछन्। वैज्ञानिकहरूको काम अणुहरूलाई संरचना वा धातु-जैविक ढाँचा (एमओएफएस) मा कसरी निर्माण गर्न सकिन्छ भन्नेबारे हो। नोबेल समितिले यसलाई 'आणविक वास्तुकला' भनेको छ।

जापानको क्योटो विश्वविद्यालयबाट हाइड्रोकार्बन रसायन विज्ञानमा विद्यावारिधि गरेका कितागावा यसअघि हम्बोल्ट अनुसन्धान पुरस्कार (२००८) र डे जेनेस पुरस्कारबाट सम्मानित भइसकेका छन्। उनी हाल क्योटो विश्वविद्यालयमा अध्यापन गर्छन्। 'म आज निकै खुसी छु। समितिलाई धेरै-धेरै धन्यवाद,' पुरस्कारबाट सम्मानित भएपछि उनले भने। कितागावाको जन्म सन् १९५१ मा जापानमा भएको हो।

बेलायतमा जन्मिएका र अक्सफोर्ड विश्वविद्यालयमा रसायनशास्त्र अध्ययन गरेका रोबसन अहिले मेलबर्न विश्वविद्यालयमा पढाउँछन्। याघीको जन्म जोर्डनको अम्मानमा भएको थियो। उनले अमेरिकाको युनिभर्सिटी अफ इलिनोइस अर्बाना-च्याम्पेनबाट आफ्नो पिएचडी पूरा गरेका छन् र अहिले अमेरिकाको बर्कलेस्थित क्यालिफोर्निया विश्वविद्यालयमा पढाइरहेका छन्।

तीन विजेताहरूले ११ मिलियन स्विडिस क्रोनर (आठ लाख ७२ हजार युरो) पुरस्कार रकम बाँड्नेछन्। यसअघि नोबेल पुरस्कार समितिले सोमबार चिकित्साशास्त्रतर्फ र मंगलबार भौतिकशास्त्रतर्फका विजेताहरूको नाम घोषणा गरेको थियो।

इतिहासमा आज

अक्टोबर ९



सन् १९८३ : म्यानमारको राजधानी यांगुनको भ्रमणमा रहेका दक्षिण कोरियाली राष्ट्रपति चुन दु ह्वानमाथि उत्तर कोरियाली जासुसले बम प्रहार गरे। चुन बाँच्न सफल भए पनि आक्रमणमा २१ जनाको मृत्यु भयो भने ४६ जना घाइते भए।

सन् १४४६ : कोरियाली वर्णमालासमेत भनिने हानगुल पहिलोपटक राजा सेजोङले प्रकाशित गरे।

सन् १६६५ : लन्डनमा प्लेगको महामारी फैलिएपछि ब्रिटिस संसद्को बैठक पहिलोपटक अक्सफोर्ड विश्वविद्यालयमा बस्यो।

सन् १७८१ : जर्ज वासिंटन नेतृत्वको अमेरिकी फौज र कोम्ट ड रोचम्बोको नेतृत्वमा रहेको फ्रान्सेली सेनाले अमेरिकी स्वतन्त्रता संग्रामअन्तर्गतको अन्तिम संघर्ष भएको योर्कटाउनमा बमबारी सुरु गरे।

सन् १९४१ : अमेरिकी राष्ट्रपति फ्र्यांकलिन डी रुजवेल्टले एक गोप्य आणविक कार्यक्रमलाई स्वीकृति प्रदान गरे।

सन् १९४२ : अस्ट्रेलियाको संसद्ले पारित गरेको 'स्ट्याचुएट अफ वेस्टमिनिस्टर १९३१' ले अस्ट्रेलियालाई बेलायती शासनबाट स्वयत्तता प्रदान गर्‍यो।

सन् २००४ : अमेरिकी आक्रमणपछि तालिबान शासन अन्त्य भएसँगै पहिलो आमनिर्वाचन सम्पन्न भयो। निर्वाचनमा सन् २००१ देखि आन्तरिक राष्ट्रपति रहेका हमिद कार्जाई राष्ट्रपति चुनिए।

सन् २००६ : उत्तर कोरियाले पहिलो आणविक परीक्षण गर्‍यो।

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको
धितोमा रहेको घर/जग्गा लिलाम बिक्री तथा
गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी ७ (सात) दिने सूचना
(प्रकाशित मिति , २०८२/०६/२३, नयाँ पत्रिका)

तपसिलमा उल्लिखित ऋणीहरूले यस बैंकबाट प्राप्त गर्नुभएको व्यावसायिक कर्जा सम्बन्धी शर्तबन्देजहरू अनुसार यस बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याज आदि रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्नुका साथै सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आवश्यक रकम नतिरी नबुझाई बैंकसँग मञ्जुर गर्नु भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको हुँदा उक्त ऋणकर्जाको सुरक्षण वापत बैंकको नाउँमा घरजग्गा धनीले धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित घर/जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा, बैंक तथा वित्तीय सम्बन्धी ऐन, २०७३, प्रचलित कानून तथा बैंकको नियमानुसार लिलाम बिक्री गरिने भएको हुँदा सबैको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्रको आह्वान गरिएको छ ।

अतः धितोमा रहेको उक्त सम्पत्ति सकार गरी लिन ईच्छुक व्यक्ति /फर्म /कम्पनी वा अन्य संगठित सघ सस्थांले यस बैंकको नयाँ बानेश्वर, काठमाडौ स्थित केन्द्रिय कार्यालय ऋण असुली विभाग तथा आदर्शनगर, वीरगंज, पर्सा, स्थित शाखा कार्यालय, न्युरोड, पोखरा, कास्की स्थित शाखा कार्यालय, नारायणगढ, भरतपुर, चितवन स्थित शाखा कार्यालयबाट प्राप्त हुने गोप्य शिलबन्दी बोलपत्र फारम रीतपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सोही विभागमा बुझाउन सक्नु हुनेछ । गोप्य शिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिएको छ । उक्त बोलपत्र यो सूचना प्रकाशित भएको ८(आठ) औं दिनमा खोलिने छ । (बोलपत्र बुझाउने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ ।) बोलपत्र पेश गर्नुहुने ईच्छुक व्यक्ति /फर्म /कम्पनी तथा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरूलाई समेत उक्त दिन बैंकमा उपस्थित हुन समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिलमा उल्लिखित घर/जग्गा लिलाम बिक्री हुन नसकेमा अन्य प्रक्रियाबाट बिक्री गर्न सक्ने वा सो धितो बैंक अन्य जुनसुकै व्यवस्था गरी बिकी गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । साथै लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय सस्थां सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, तथा सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरू तथा सम्बन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ । ऋणी तथा सम्बद्ध व्यक्ति समेतले यो सूचनाको अवधि भित्रमा नै सम्पूर्ण ऋण कर्जा, ब्याज, जरिवाना तथा हर्जाना रकम समेत चुक्ता गरेमा लिलाम बिकी सम्बन्धी प्रकिया तत्कालै रद्द गर्न सकिने जानकारी गराईन्छ ।

तपसिल

सि.नं. | ऋणी/प्रोप्राइटर/धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ता को नाम, थर र वतन | धितोको विवरण

१.

ऋणीः नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं ६६१९६/०६१/०६६ कायम भै मिति २०६१/०४/०४ मा दर्ता भएको कास्की जिल्ला पोखरा वडा नं. ०९ स्थित फर्मको ठेगाना रहेको **श्री अमृत ब्रदर्श ट्रेडिङ्ग**

प्रोप्राइटर/धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः श्री गणेश प्रसाद नेउपानेको नाती, श्री माधव प्रसाद नेउपानेको छोरा, मोरङ्ग जिल्ला विराटनगर वडा नं. ११ स्थायी ठेगाना भै हाल कास्की जिल्ला, पोखरा वडा नं. ०९ बस्ने वर्ष ५६ को **श्री रोशन कुमार नेउपाने** (ना.प्र.नं. ४३५६, जारी मिति २०४३।०३।१६, जि.प्र.का. मोरङ्ग)

सि.नं.	जग्गाधनीको नाम	ठेगाना (जिल्ला/न.पा./गा.पा.)	वडा नं.	कित्ता नं.	क्षेत्रफल/वर्ग.मि.
१.	श्री रोशन कुमार नेउपाने	कास्की/पोखरा	०९	१८०	९२.३० व.मि.
२.	श्री रोशन कुमार नेउपाने	कास्की/पोखरा	०९	२१४	३९.०० व.मि.

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२.

ऋणीः नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. १३५०९५/०७३/०७४ कायम भै मिति २०७४/०२/२१ मा दर्ता भएको काठमाण्डौ जिल्ला का.म.न.पा, वडा नं. १६, स्थित फर्मको ठेगाना रहेको **श्री सुप्रल सप्लायर्स-१**

प्रोप्राइटर/धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः श्री चन्द्र कान्त खनालको नाती, श्री ऋषी प्रसाद खनालको छोरा गोरखा जिल्ला आरूपोखरी वडा नं. ७ स्थायी ठेगाना भै हाल काठमाण्डौ जिल्ला, नागार्जुन न.पा. वडा नं. ०१ बस्ने वर्ष ४४ को **श्री सुजन खनाल** (ना.प्र.नं. ७१६४७, जारी मिति २०५६।०४।१२, जि.प्र.का. गोरखा)

सि.नं.	जग्गाधनीको नाम	ठेगाना (जिल्ला/न.पा./गा.पा.)	वडा नं.	कित्ता नं.	क्षेत्रफल/वर्ग.मि.
१.	श्री सुजन खनाल	चितवन /देवौली	०६	१०२३	७४५.०० व.मि.

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३.

ऋणीः नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २२६१४६/०७६/०७७ कायम भै मिति २०७६/०६/१२ मा दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा वडा नं. २१ पार्वतीपुर स्थित कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना रहेको **श्री ओम श्री पोल्ट्री फर्म प्रा.लि.**

शेयरधनी/व्यक्तिगत जमानतकर्ताः श्री तिलक प्रसाद पोखरेलको नाति, श्री चिरञ्जीवी पोखरेलको छोरा, चितवन जिल्ला, साबिक पार्वतीपुर वडा नं. ०८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा वडा नं. १२ बस्ने वर्ष ४८ को **श्री पोखरेल, मदन चिरञ्जीवी** (ना.प्र.नं. ३५२६७/०३५, जारी मिति २०५०/०८/०३, जि.प्र.का. चितवन)

धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः श्री तिलक प्रसाद पोखरेलको बुहारी, श्री चिरन्जीवी पोखरेलको पत्नी चितवन जिल्ला, साबिक पार्वतीपुर वडा नं. ०८ स्थायी ठेगाना भै हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १२ बस्ने वर्ष ६८ की **श्रीमती भवानी देवी पोखेल** (ना.प्र.नं. २८८, जारी मितिः २०४४/१२/१९, जि.प्र.का. चितवन)

सम्पत्ति - १

सि.नं.	जग्गाधनीको नाम	ठेगाना (जिल्ला/न.पा./गा.पा.)	वड नं.	कित्ता नं.	क्षेत्रफल (व.मि.)
१.	श्रीमती भवानी देवी पोखेल	चितवन/जगतपुर	०१	१८६२	१३७७.३६
२.	श्रीमती भवानी देवी पोखेल	चितवन/जगतपुर	०१	१८६०	१६७०.२८
३.	श्री पोखरेल, मदन चिरञ्जीवी	चितवन/जगतपुर	०१	५३८	३३८.६३
४.	श्री पोखरेल, मदन चिरञ्जीवी	चितवन/जगतपुर	०१	५३७	३३८.६३
५.	श्री पोखरेल, मदन चिरञ्जीवी	चितवन/जगतपुर	०१	१८५९	२१७७.३९
६.	श्री पोखरेल, मदन चिरञ्जीवी	चितवन/जगतपुर	०१	१८६१	१५४७.५४

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

सम्पत्ति - २

सि.नं.	जग्गाधनीको नाम	जिल्ला/न.पा.	वडा नं.	कित्ता नं.	क्षेत्रफल (व.मि.)
१.	श्री पोखरेल, मदन चिरञ्जीवी	चितवन/भरतपुर	०४	४१६७	२०३.१६

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

४.

ऋणीः नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. ८२५२९/०६५/६६ कायम भै मिति २०६५/०५/२६ मा दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ०९ सिनामंगल, स्थित फर्मको ठेगाना रहेको **श्री संस्कार ट्रेडर्स-१**

प्रोप्राइटर/व्यक्तिगत जमानतकर्ताः श्री यज्ञ निधि चालिसेको नाती, श्री खिल प्रसाद चालिसेको छोरा, सिन्धुपाल्चोक जिल्ला, बाँडेगाउँ वडा नं. ०३, स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ०९ सिनामंगल, बस्ने वर्ष ४८ को **श्री होम प्रसाद चालिसे** (ना.प्र.नं. २१६६/८०८२६, जारी मिति २०५३/०७/१५, जि.प्र.का. सिन्धुपाल्चोक)

धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः श्री खिल प्रसाद चालिसेकी बुहारी, श्री शम्भु प्रसाद कोईरालाकी छोरी, श्री होम प्रसाद चालिसेकी पत्नी, सिन्धुपाल्चोक जिल्ला, बाँडेगाउँ वडा नं. ०३, स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ०९ सिनामंगल, बस्ने वर्ष ४० की **श्रीमती शसि चालिसे (कोइराला)** (ना.प्र.नं. १४४८९१, जारी मिति २०६२/०४/०५, जि.प्र.का. सिन्धुपाल्चोक)

सम्पत्ति - १

सि.नं.	जग्गाधनीको नाम	ठेगाना (जिल्ला/न.पा./गा.पा.)	वडा नं.	कित्ता नं.	क्षेत्रफल (रो-आ-पै-दा)/वर्ग.मि.
१.	श्रीमती शसि चालिसे (कोइराला)	भक्तपुर/सुडाल	६	१८५	३–५–३–०/१७०९.०२ व.मि.
२.	श्रीमती शसि चालिसे (कोइराला)	भक्तपुर/सुडाल	६	२	१–६–३–०/७२३.३३ व.मि.
३.	श्रीमती शसि चालिसे (कोइराला)	भक्तपुर/सुडाल	६	१	४–१५–०–०/२५११.८१ व.मि.

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

सम्पत्ति - २

सि.नं.	जग्गाधनीको नाम	ठेगाना (जिल्ला/साविक न.पा./गा.पा./क्षेत्र)	वडा नं.	कित्ता नं.	क्षेत्रफल/वर्ग.मि.
१.	श्रीमती शसि चालिसे (कोइराला)	काठमाडौं/मुलपानी	८	१३४०	२१४.०९ व.मि

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

सम्पत्ति - ३

सि.नं.	जग्गाधनीको नाम	ठेगाना (जिल्ला/साविक न.पा./गा.पा./क्षेत्र)	वडा नं.	कित्ता नं.	क्षेत्रफल (रो-आ-पै-दा)/वर्ग.मि
१.	श्रीमती शसि चालिसे (कोइराला)	काठमाडौं/का.म.न.पा	१०	१२९	०–२–०–१/६५.५७ व.मि.

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

५.

ऋणीः नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २१३२७७/७५/०७६ कायम भै २०७६/०१/०४ मा दर्ता भएको काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ०१ नयाँपाटी स्थित कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना रहेको **श्री ओजस्वी एकीकृत कृषि फार्म –१**

प्रोप्राइटर/व्यक्तिगत जमानतकर्ताः श्री रत्न बहादुर कार्कीको नाती, श्री राम बहादुर कार्कीको छोरा, ओखलढुङ्गा जिल्ला, साविक रातमाटे वडा नं. ०२, स्थायी ठेगाना भै हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६, बस्ने वर्ष ४९ को **श्री बाबुराम कार्की** (ना.प्र.नं. २७६३९४/१६२९/२०२०९, जारी मितिः २०५१/०६/१७, जि.प्र.का. काठमाडौं)

धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताः श्री राम बहादुर कार्कीकी बुहारी, श्री तेज बहादुर पौडेलकी छोरी, श्री बाबुराम कार्कीकी पत्नी भोजपुर जिल्ला, साविक च्याङग्रे वडा नं. ०४ , स्थायी ठेगाना भै हाल काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ६ बस्ने वर्ष ४३ की **श्रीमती अनिता पौडेल** (ना.प्र.नं. २७–०१–७३–१०६७७, जारी मितिः २०७३/०७/२९, जि.प्र.का. काठमाडौं)

सि.नं.	जग्गाधनीको नाम	ठेगाना (जिल्ला/साविकन.पा./गा.पा./क्षेत्र)	वडा नं.	कित्ता नं.	क्षेत्रफल(रो-आ-पै-दा)/वर्ग.मि
१.	अनिता पौडेल कार्की	भक्तपुर/छालिङ्ग	७	७००	१–४–२–२ /६५५.७८ व.मि.

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

६.

ऋणीः श्री नेपाल सरकार (तत्कालिन श्री ५ को सरकार), उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.नं १२५८०/०५७/०५८ कायम भै मिति २०५७/०१/०२ मा दर्ता भएको काठमाडौं जिल्ला का.म.न.पा, वडा नं. ३०, स्थित कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना रहेको **श्री हारती कम्प्युटर सर्भिसेज प्रा.लि.–१**

संचालक/व्यक्तिगत जमानतकर्ताः जगत लाल श्रेष्ठको नाति, भिम रूद्र श्रेष्ठको छोरा, काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ३०, स्थायी ठेगाना भै हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. ०२ बस्ने वर्ष ४९ को **श्री विजेश रूद्र श्रेष्ठ** (ना.प्र.नं. ४६२२, जारी मितिः २०४८/०८/२२, जि.प्र.का. काठमाडौं)

धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः भिम रूद्र श्रेष्ठकी बुहारी, रविचरण श्रेष्ठकी छोरी, विजेश रूद्र श्रेष्ठकी पत्नी, काठमाडौं जिल्ला का.म.न.पा वडा नं. २३, स्थायी ठेगाना भै हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. ०२ बस्ने वर्ष ४१ की **श्रीमती यचु श्रेष्ठ** (ना.प्र.नं. १८४४, जारी मितिः २०५९/०५/२०, जि.प्र.का. काठमाडौं)

धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः जगत लाल श्रेष्ठकी बुहारी, तविकेशर श्रेष्ठकी छोरी, भिम रूद्र श्रेष्ठकी पत्नी, काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ३०, स्थायी ठेगाना भै हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. ०२ बस्ने वर्ष ७६ की **श्रीमती सरोजिनी श्रेष्ठ** (ना.प्र.नं. १२८७४, जारी मितिः २०४२/११/१२, जि.प्र.का. काठमाडौं)

सम्पत्ति - १

सि.नं.	जग्गाधनीको नाम	ठेगाना (जिल्ला/साविक न.पा./गा.पा./क्षेत्र)	वडा नं.	कित्ता नं.	क्षेत्रफल(रो-आ-पै-द)/वर्ग.मि
१.	सरोजिनी श्रेष्ठ	ललितपुर	२	१४४६	०-८-३-०/२७८.१७ व.मि.

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

सम्पत्ति - २

सि.नं.	जग्गाधनीको नाम	ठेगाना (जिल्ला/न.पा./गा.पा.)	वडा नं.	कित्ता नं.	क्षेत्रफल/वर्ग.मि.
१.	यचु श्रेष्ठ	मातातिथ	८	१९६	०-१२-१-०/३८९.४३ व.मि.
२.	यचु श्रेष्ठ	मातातिथ	८	१९५	१-१५-३-०/१००९.४४ व.मि.
३.	यचु श्रेष्ठ	मातातिथ	८	१९९	०-२-०-३/६९.५५ व.मि.
४.	यचु श्रेष्ठ	मातातिथ	८	२००	०-२-२-१/८१.४७ व.मि.
५.	यचु श्रेष्ठ	मातातिथ	८	१९७	०-३-१-१/१०५.३१ व.मि.
६.	यचु श्रेष्ठ	मातातिथ	८	१६०	०-१४-२-०/४६०.९६ व.मि.
७.	यचु श्रेष्ठ	मातातिथ	८	१६६	०-३-१-०/१०३.३२ व.मि.
८.	यचु श्रेष्ठ	मातातिथ	८	१९८	०-४-२-३/१४९.०३ व.मि.

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

७.

ऋणी/धितो जमानीकर्ताः नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १४२२१३/०७२/०७३ कायम भै मिति २०७२/०८/१६ मा दर्ता भएको काठमाडौं जिल्ला साबिक का.म.न.पा. वडा नं. ३४ शान्तिनगर स्थित कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना रहेको **श्री सर्बदा मार्केटिङ्ग प्रा.लि.**

शेयरधनी/व्यक्तिगत जमानीकर्ताः श्री हेम राज श्रेष्ठको नाति, श्री सुर्य बहादुर श्रेष्ठको छोरा, दोलखा जिल्ला, चरीकोट वडा नं. ०२ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ०९ बस्ने वर्ष ६७ को **श्री रोहित बहादुर श्रेष्ठ** (ना.प्र.नं. २७१२०६५/८३३, जारी मिति २०३१/०३/१४, जि.प्र.का. काठमाडौं)

शेयरधनी/व्यक्तिगत जमानीकर्ताः श्री मङ्गलाल कायस्थको नाति, श्री मानकाजी कायस्थको छोरा, दोलखा जिल्ला, सुरी वडा नं. ०३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ०९ बस्ने वर्ष ६७ को **श्री रामेश्वर कायस्थ** (ना.प्र.नं. २२/७६६, जारी मिति २०३८/१०/२७, जि.प्र.का. दोलखा)

सम्पत्ति - १

सि.नं.	जग्गाधनीको नाम	ठेगाना(जिल्ला/न.पा./गा.पा.)	वडा नं.	कित्ता नं.	क्षेत्रफल/वर्ग.मि.
१.	श्री सर्बदा मार्केटिङ्ग प्रा.लि.	काठमाडौं/गोठाटार	०९	९२	१७५.४७

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

सम्पत्ति - २

सि.नं.	जग्गाधनीको नाम	ठेगाना (जिल्ला/न.पा./गा.पा.)	वडा नं.	कित्ता नं.	क्षेत्रफल/वर्ग.मि.
१.	श्री सर्बदा मार्केटिङ्ग प्रा.लि.	काठमाडौं/गोठाटार	०९	१८०	१९०.७७
२.	श्री सर्बदा मार्केटिङ्ग प्रा.लि.	काठमाडौं/गोठाटार	०९	२१४	२८६.४०

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

८.

ऋणीः नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.नं. २७१३५९/०७८/०७९ कायम भै २०७८/०५/२५ मा दर्ता भएको ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं. १४, स्थित कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना रहेको **श्री कम्पिलिट ट्रेड सोलुसन प्रा.लि.–१**

प्रोप्राइटर/धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः श्री गोर्भधन बस्नेतको नाती, श्री ज्ञान बहादुर बस्नेतको छोरा, ललितपुर जिल्ला चापाँगाउ वडा नं. ६ स्थायी ठेगाना भै हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १४ सातदोबाटो बस्ने वर्ष ४७ को **श्री पुरूषोत्तम बस्नेत** (ना.प्र.नं. ८६८५३, जारी मितिः २०५४/०१/३१, जि.प्र.का. ललितपुर)

सि.नं.	जग्गाधनीको नाम	ठेगाना (जिल्ला/न.पा./गा.पा.)	वडा नं.	कित्ता नं.	क्षेत्रफल/वर्ग.मि.
१.	पुरूषोत्तम बस्नेत	ललितपुर/चापागाँउ	०६	४३१	१–६–०–० /६९९.४८ व.मि.

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

९.

ऋणीः नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २६७५६२/०७८/०७९ कायम भै मिति २०७८/०४/२६ मा दर्ता भएको पर्सा जिल्ला, वीरगंज म.न.पा वडा नं. १० आदर्शनगर स्थित कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना रहेको **श्री राज स्टिल उड इन्टरनेशनल प्रा.लि.–१**

धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः श्री जगरनाथ प्रसाद बढईको नाति, श्री शिव प्रसाद बढईको छोरा, पर्सा जिल्ला, साबिक वीरगंज वडा नं. १० स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, साबिक वीरगंज वडा नं. १३ बस्ने वर्ष ५३ की **श्री गोपाल जी शर्मा बढई** (ना.प्र.नं. १६०३११६२२, जारी मितिः २०४८/०१/१०, जि.प्र.का. पर्सा)

धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ताः श्री शिव प्रसाद बढईकी बुहारी, श्री गोपाल जी शर्मा बढईकी पत्नी, पर्सा जिल्ला, वीरगंज वडा नं. १० स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज वडा नं. १३ बस्ने वर्ष ५१ की **श्रीमती रिना शर्मा** (ना.प्र.नं. ३४१०२२/१८८०, जारी मितिः २०६४/०८/२१, जि.प्र.का. पर्सा)

सम्पत्ति - १

सि.नं.	जग्गाधनीको नाम	ठेगाना (जिल्ला/न.पा./गा.पा.)	वडा नं.	कित्ता नं.	क्षेत्रफल(व.मि.)
१.	श्रीमती रिना शर्मा	पर्सा/वीरगंज	१३	६६	३१४.००
२.	श्रीमती रिना शर्मा	पर्सा/वीरगंज	१३	५९	१४.४
३.	श्रीमती रिना शर्मा	पर्सा/वीरगंज	१३	६७	३३०.४

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

सम्पत्ति - २

सि.नं.	जग्गाधनीको नाम	ठेगाना (जिल्ला/न.पा./गा.पा.)	वडा नं.	कित्ता नं.	क्षेत्रफल/वर्ग.मि.
१.	श्री गोपाल जी शर्मा बढई	पर्सा/वीरगंज	१३	११८	१८.६५
२.	श्री गोपाल जी शर्मा बढई	पर्सा/वीरगंज	१३	११४	५१४.६५

घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

माथि उल्लेखित धितोमा रहेको सम्पत्ति सकार गरी लिन ईच्छुक महानुभावहरूले सबै या कुनै एक सम्पत्तिमा मात्र पनि बोलपत्र फारम पेश गर्न सक्नुहुनेछ ।

लिलाम बिक्री सम्बन्धी शर्तहरू:

१. बोलपत्र आह्वान तथा लिलाम बिक्रीको सूचना प्रकाशित भएको ८(आठ) औं दिन अर्थात मिति २०८२/०६/३० गते बिहिबारका दिन दिनको ठीक ०३:०० बजे बैंकको निम्न शाखा कार्यालयहरूमा खोलिने छ ।
- सि.नं. १ अन्तरगत प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू यस बैंकको न्युरोड, पोखरा, कास्की स्थित शाखा कार्यालयमा खोलिने छ ।
- सि.नं. २ र ३ अन्तरगत प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू यस बैंकको इन्द्रदेव मार्ग, नारायणगढ, भरतपुर, चितवन स्थित शाखा कार्यालयमा खोलिने छ ।
- सि.नं. ४, ५, ६, ७ र ८ अन्तरगत प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू यस बैंकको काठमाडौं स्थित केन्द्रिय कार्यालय ऋण असुली विभागमा खोलिने छ ।
- सि.नं. ९ अन्तरगत प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू यस बैंकको आर्दशनगर, विरगंज, स्थित शाखा कार्यालयमा खोलिने छ ।

२. बैंकलाई प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू बोलपत्रदाता र/वा निजको प्रतिनिधि, सरकारी निकायका प्रतिनिधिहरू र अन्य उपस्थित साक्षीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि वा साक्षीहरू अनुपस्थित हुदैंमा बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन ।

३. बैंकलाई प्राप्त हुने गोप्य शिलबन्दी बोलपत्रहरूमा उल्लिखित सबै वा कुनै धितो बैंकले पूर्ण वा आंशिक रूपमा समेत स्वीकार गर्न सक्नेछ, र बोलपत्र सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

४. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम प्रकिया रोक्का वा बदर हुनेछ । बोलपत्र सदर भएपश्चात ऋणीले सम्पूर्ण रकम बुझाएको अवस्थामा समेत कुनै कारणवश बोलपत्र रद्द गर्नुपर्ने भएमा बोलपत्र रद्द गरी सम्पूर्ण रकम फिर्ता गर्न सकिनेछ ।

५. अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २३ असोज ०८२

जेन-जी आन्दोलनका सहिद परिवारलाई रोजगारी दिने चौधरी ग्रुपको घोषणा

मीनराज बसन्त/नयाँ पत्रिका

व्यापारिक घराना चौधरी ग्रुप (सिजी)ले जेन-जी आन्दोलनमा सहिद भएका परिवारलाई रोजगारी दिने घोषणा गरेको छ। सिजी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले बुधबार सामाजिक सञ्जालमार्फत प्रत्येक सहिद परिवारका एक सदस्यलाई रोजगारी प्रदान गर्ने घोषणा गरेका हुन्।

२३ र २४ भदौमा देशभर भएको आन्दोलनका क्रममा ७६ जनाको मृत्यु पुष्टि भइसकेको छ। आन्दोलनपछि गठित अन्तरिम सरकारले मृत्यु भएका सबैलाई सहिद घोषणा गरिसकेको छ। चौधरी ग्रूपले सबै जेन-जी आन्दोलनका सबै सहिद परिवारका एक सदस्यलाई रोजगारी दिने भएको हो।

जेन-जी आन्दोलनका क्रममा अराजक भिडले सरकारी संरचनाका साथै निजी उद्योग-व्यवसायमा तोडफोड, लुटपाट र आगजनी गरेका थिए। सोही क्रममा चौधरी ग्रुपको सतुंगलस्थित सिजी डिजिटल पार्क, ग्रुपका अध्यक्ष विनोद चौधरीको निजी आवास, सोरुमलगायतमा समेत आक्रमण भएको थियो। अर्बौंको क्षति व्यहोरेको चौधरी ग्रुपले आफ्नो पीडालाई बिर्सिँदै सहिद परिवारको पीडामा मलम लगाउने प्रयास गरेको छ।

ग्रुपका प्रबन्ध निर्देशक चौधरीले आफूहरूको निजी निवास, कार्यालय, सोरुम र कारखानामा ठुलो क्षति भएको र यो विध्वंशले गहिरो पीडा दिए पनि सहिद परिवारलाई रोजगारी दिनु ग्रुपको कर्तव्य भएको उल्लेख गरेका छन्। 'यो पीडादायी घडीमा पनि हामी दृढ आत्मविश्वासका साथ पुनर्निर्माणको यात्रामा अघि बढेका छौं,' उनले भने, 'सहिद परिवारलाई रोजगारी दिने आफूहरूको वाचा मात्र नभई कर्तव्य र श्रद्धा पनि हो।'

चौधरीका अनुसार सिजीको टिमले सम्पूर्ण सहिद परिवारलाई सम्पर्क गरिरहेको छ। साथै सम्पर्कमा आउन नसकेकाहरूलाई भने चौधरी ग्रुपको कर्पोरेट कम्युनिकेसन विभागमा सम्पर्क गराउन पनि चौधरीले सार्वजनिक अनुरोध गरेका छन्। यता, कम्युनिकेसन विभाग प्रमुख मधुसुदन पौड्यालले सहिद परिवारलाई रोजगारीका लागि उनीहरूको योग्यता र रुचिअनुसार छनोट गरिने बताए। 'अहिले सहिद परिवारको योग्यता र रुचि के छ हामीलाई थाहा छैन,' पौड्यालले भने, 'उहाँहरू कोही टेक्निकल फिल्डको हुनुहोला, कोही इन्जिनियरिङ फिल्डको हुनुहोला। कोही हाइलेभल वा कोही सामान्य क्षेत्रको पनि हुनुहोला। जो जुन क्षेत्रमा योग्य हुनुहुन्छ र रुचि छ सोही क्षेत्रमा रोजगारी प्रदान गरिनेछ।' साथै, विशेष योग्यता नभएको सहिद परिवार भए पनि सोही प्रकृतिको रोजगारी सिर्जना गरिने पौड्यालको भनाइ छ।

प्रबन्ध निर्देशक चौधरीले सामाजिक सञ्जालमा गरेको घोषणालगत्तै केही सहिद परिवार रोजगारीका लागि सम्पर्कमा आइसकेको उनले बताए। कम्पनीले आधिकारिक सूचना प्रकाशित गरी रोजगारीसम्बन्धी थप प्रस्ट्याउने पौड्यालले जानकारी दिए।

आन्दोलनका क्रममा सिजीको सतुंगलस्थित डिजिटल पार्कमा तोडफोड एवं आगजनी भएको थियो। एक हजारभन्दा बढी कर्मचारी कार्यरत रहेकामा कसैको पनि रोजगारी प्रभावित नभएको पौड्यालले जानकारी दिए। 'प्रदर्शनका क्रममा सिजी प्रभावित भएको हो। आगजनीले अफिस पनि छैन। तर, एक हजारभन्दा बढी कर्मचारी रहेकामा कसैको पनि रोजगारी प्रभावित भएको छैन, हुन पनि दिन्नौं,' पौड्यालले भने।

● चौधरी ग्रुपका प्रबन्ध निर्देशक **निर्वाण चौधरी** भन्छन्-



यो पीडादायी घडीमा पनि हामी दृढ आत्मविश्वासका साथ पुनर्निर्माणको यात्रामा अघि बढेका छौं, सहिद परिवारलाई रोजगारी दिने आफूहरूको वाचा मात्र नभई कर्तव्य र श्रद्धा पनि हो।

दुई दिनमा १०३.९१ अंकले घट्यो नेप्से, राष्ट्र बैंकले हटायो २५ करोडको सीमा

बढ्दो राजनीतिक अन्योल र बाढीपहिरोले लगानीकर्ताको मनोबल कमजोर



पवन तिमिल्सिना/नयाँ पत्रिका

दसैँपछि खुलेको नेपाल स्टक एक्सचेन्ज (नेप्से)को बजार परिसूचक लगातार दुई दिन फराकिलो अंकले घटेपछि नेपाल राष्ट्र बैंकले सेयर धितो (मार्जिन प्रकृतिको) कर्जासम्बन्धी एकल ग्राहक सीमा हटाएको छ। बैंक तथा वित्तीय संस्थाले कुनै एक ग्राहकलाई सेयर धितोमा बढीमा २५ करोड रुपैयाँसम्म मात्र कर्जा दिन सक्ने व्यवस्था थियो। वित्तीय संस्थालाई परिपत्र जारी गर्दै यस्तो सीमा हटाउने व्यवस्था गरेको हो।

मंगलबार परिसूचक ५८.५५ अंकले घटेको थियो भने बुधबार ४५.३६ अंकले घटेको छ। दुई दिनमा खुलेको बजारमा परिसूचक १०३.९१ अंकले घटेर २५५९.५९ विन्दुमा पुगेको छ। बुधबार पाँच अर्ब ७६ करोड रुपैयाँको सेयर कारोबार भएको छ। त्यस्तै, बजार पुँजीकरण ४२ खर्ब ७८ अर्ब रुपैयाँ कायम छ। जेन-जी आन्दोलनपछि नेप्से परिसूचक एक सय १२ अंकले घटिसकेको छ।

दसैँअघि जेन-जी आन्दोलनपछि बजार खुलेलगत्तै सर्किट ब्रेक लाग्ने गरी परिसूचक घटेपछि अर्थमन्त्री रामेश्वर खनालले तत्काल अध्ययन कार्यदल गठन गरेका थिए। कार्यदल गठन गरेपछि पुँजीबजारका समस्या तत्काल समाधान हुने अपेक्षामा लगानीकर्ताको मनोबल बढ्ने अनुमान गरिएको थियो। सोहीकारण दसैँअघि बजार परिसूचकमा झिनो अंकको वृद्धि पनि भएको थियो।

त्यस्तै, संगठित संस्था आफूले खरिद गरेको सेयरमध्येको कम्तीमा एक वर्ष पुरानो लगानी मात्र बिक्री गर्न सक्ने र त्यसमा पनि एक आर्थिक वर्षमा आफ्नो प्राथमिक पुँजीको २० प्रतिशतभन्दा बढी बिक्री गर्न नपाउने प्रावधान पनि हटाइएको छ। अर्थमन्त्री खनालको निर्देशनमा गठित अध्ययन कार्यदलले दिएको सुझावका आधारमा केन्द्रीय बैंकले यस्तो निर्देशन जारी गरेको हो।

त्यस्तै, बढ्दो राजनीतिक अन्योल र पछिल्लो समय पूर्वी नेपालमा गएको भीषण बाढीपहिरोले जलविद्युत् आयोजना क्षतिग्रस्त भएर बन्द भएपछि सेयरबजार परिसूचक फराकिलोअन्तरले खस्किएको जानकारहरू बताउँछन्। पछिल्लो समय जेन-जी समूहका अगुवा र राजनीतिक दलका भ्रातृ संगठनबिच तनावको स्थिति बढ्दै गएपछि राजनीतिक स्थायित्वबारे सर्वसाधारण अन्योलमा परेका छन्। राजनीतिक अन्योलले सेयरबजारका लगानीकर्ताको मनोबल कमजोर हुँदा बजार परिसूचक खस्किएको छ। भारी वर्षाका कारण आएको बाढी तथा पहिरोले १० जिल्लामा रहेका विभिन्न निजी क्षेत्रका ३२ जलविद्युत आयोजना प्रभावित भएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले जनाएको छ।

स्टक ब्रोकर एसोसिएसन अफ नेपाल (एसबान)ले मंगलबार नै पुँजीबजार सुधार कार्यदललले बुझाएको प्रतिवेदन कार्यान्वयनमा लैजान माग गरेको थियो। एसबानका अध्यक्ष सागर ढकालले कार्यदललले अहिलेको अवस्थामा पुँजी बजारको वृद्धि र विकासका लागि सेयर धितो कर्जाको लिमिट हटाउने, सेयर खरिद-बिक्रीमा बैंक तथा वित्तीय संस्थामाथि लगाइएको बन्देज हटाउने लगायतका सुझाव स्वागतयोग्य भएकाले सरोकारवाला निकायले तत्काल कार्यान्वयनमा लैजानुपर्ने बताए।

निःशुल्क सेयर मागिएको घटनाले लगानीकर्तामा त्रास

४५ मेगावाटको माथिल्लो भोटेकोशी जलविद्युत् आयोजनाको १० प्रतिशत सेयर पुरानो सम्झौताअनुसार स्थानीय सर्वसाधारणलाई उपलब्ध गराउनुपर्ने माग राख्दै जेन-जी समूहले २५ भदौबाट विद्युत् उत्पादन बन्द गराएका छन्। सो घटनाले लगानीकर्तामा त्रास बढेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले बताए। सोही विषयलाई लिएर बुधबार इप्पानको नेतृत्वमा पीडित जलविद्युत् आयोजनाका प्रतिनिधिसहितको टोलीले गृहमन्त्री ओमप्रकाश अर्याललाई घटनाबारे जानकारी गराएका थिए। अध्यक्ष कार्कीले जेन-जी युवाहरूको नाममा आयोजना बन्द गराउनु अराजकता भएको भन्दै यथाशीघ्र सञ्चालन हुने वातावरण बनाउन गृहमन्त्री अर्यालसँग माग राखेका थिए। इप्पानका कुरा सुनेलगत्तै गृहमन्त्री अर्यालले सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलालाई टेलिफोन गरी भोटेकोशी जलविद्युत् आयोजना तत्काल सञ्चालनमा ल्याउन निर्देशन दिएका छन्।

पूर्णक्षमतामा विद्युत् उत्पादन हुने वर्षायाममा आयोजनाले दैनिक ९८ लाख रुपैयाँबराबरको विद्युत् उत्पादन गर्दै आएको थियो। पछिल्लो २८ दिनदेखि आयोजना बन्द हुँदा २७ करोडभन्दा बढी आम्दानी गुमाउनुपरेको आयोजना प्रवर्द्धक भोटेकोशी पावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत विक्रम स्थापितले जानकारी दिए।

जेन-जी युवाहरूले स्थानीयलाई १० प्रतिशत निःशुल्क सेयर नदिएसम्म भोटेकोशीबाट विद्युत् उत्पादन गर्न नदिने चेतावनी पत्र कम्पनीमा पठाएका थिए। यही मौकामा अरु स्थानीयले पनि सिन्धुपाल्चोकका अन्य जलविद्युत् आयोजनामा पनि १० प्रतिशत निःशुल्क सेयर दिनुपर्ने माग राखी पत्र पठाएका छन्।

इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले जलविद्युत् आयोजना राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना भएकाले जस्तोसुकै परिस्थितिमा पनि सुरक्षा दिनुपर्ने बताए। निजी क्षेत्रले १५ खर्ब रुपैयाँभन्दा बढी लगानी गरेर तीन हजार मेगावाट विद्युत् उत्पादन गरिरहेको भन्दै राज्यले सुरक्षाको प्रत्याभूति गर्न नसके काम गर्न नसकिने डाँगीले बताए।

माथिल्लो बलेफीका सञ्चालक मोहनविक्रम कार्कीले जलविद्युत् उत्पादकको मनोबल गिराउने काम भएकाले यस्तो वातावरणमा कुनै पनि प्रवर्द्धकले थप लगानी गर्न नसक्ने बताए।



जेन-जी युवाहरूले सञ्चालनमा आइसकेको २२.२ मेगावाटको माथिल्लो चाकु ए जलविद्युत् आयोजनाले १० प्रतिशत फ्री सेयर स्थानीयलाई नदिए यही असोज ३० गतेदेखि आयोजनाको विद्युत् उत्पादन बन्द गराउने पनि चेतावनी दिएका छन्।

अहिले सिन्धुपाल्चोकमा सञ्चालनमा आइसकेका ३६ मेगावाटको माथिल्लो बलेफी ए, ७.२ मेगावाटको याम्बालिङ खोला, ९९० किलोवाटका सोलाङ खोला र घट्टेखोला जलविद्युत् आयोजनामा पनि स्थानीयलाई १० प्रतिशत निःशुल्क सेयर माग गरिएको छ।

त्यस्तै, अन्य निर्माणाधीन जलविद्युत् आयोजनामा २२.१४ मेगावाटको बलेफी ए, १.५ मेगावाटको तल्लो सेलाङ, ४६ मेगावाटको माथिल्लो बलेफी, ३५ मेगावाटको न्यासिम खोला, ६५ मेगावाटको दुधखोलालगायतका आयोजनामा पनि सर्वसाधारणलाई १० प्रतिशत फ्री सेयर माग्दै जेन-जी र स्थानीय युवाहरूको नामबाट पत्र काटिएको इप्पानले जनाएको छ।

पोखराका व्यवसायीको प्रश्न- रिस्क मोलेर लगानी गर्नु अपराध हो ?

कास्की/ जेन-जीको २३ र २४ भदौको प्रदर्शनका क्रममा उद्योग र व्यावसायिक प्रतिष्ठानमाथिको आक्रमणलाई लिएर पोखराका व्यवसायीले रिस्क मोलेर लगानी गर्नु, रोजगारी सिर्जना गर्नु एवं राज्यलाई कर तिर्नु अपराध हो ? भनी प्रश्न गरेका छन्। पोखरा उद्योग वाणिज्य संघले बुधबार आयोजना गरेको एक अन्तर्क्रिया कार्यक्रमका वक्ताहरूले सो प्रश्न गरेका हुन्। कार्यक्रममा संघका अध्यक्ष गोकर्ण कार्कीले व्यवसायीमा नाफाको भोक जाग्नुलाई अपराध करार गर्न नमिल्ने बताएका छन्। प्रदर्शनको नाममा निजी क्षेत्रका संरचनामाथि आगजनी, लुटपाट र तोडफोड हुनु अपराध रहेको उनको भनाइ थियो।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले जेन-जीको प्रदर्शनपछि गठन भएको नयाँ सरकारले देशमा निषेधको राजनीति सुरु गरेको जिकिर गर्दै चिन्ता व्यक्त गरेका छन्। हाल निजी क्षेत्रका लागि बोलिदिने र दया देखाउने कुनै वर्ग नै नरहेको भनाइ उनको थियो। लेखनाथ उद्योग वाणिज्य संघकी अध्यक्ष जानुका पराजुलीले युवाको नाममा अपराधमा संलग्नहरूलाई कानुनी दायरामा ल्याउनुपर्ने बताइन्। होटेल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले निजी क्षेत्रमाथि सुनियोजित तरिकाले आक्रमण हुँदा पनि आफूहरू निरीह बन्नुपरेको भन्दै अपराधीमाथि कडा कारबाहीको माग गरेका छन्।

बाढीपहिरोबाट क्षतिग्रस्त सडकको पुनर्निर्माणमा १२ अर्ब लाग्ने

नयाँ पत्रिका

गत १८, १९ र २० असोजमा आएको बाढीपहिरोका कारण क्षति पुगेका सडक संरचना पुनर्निर्माण गर्न १० अर्ब ६८ करोड लाग्ने सरकारी अनुमान छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले यस वर्षको मनसुनजन्य विपत्बाट क्षति पुगेका मुख्य राजमार्ग, वैकल्पिक सडक, बेलिब्रिज र स्थायी पुल पुनर्निर्माणका लागि सो लागत अनुमान गरेको हो। गत वर्ष १२ असोजमै आएको विपत्बाट क्षति पुगेका संरचना पुनर्निर्माणका लागि एक अर्ब ७० करोड रुपैयाँ थप खर्च हुने अनुमान छ। यसरी बाढीपहिरोबाट क्षतिग्रस्त संरचना पुनर्निर्माणका लागि कुल १२ अर्ब ३८ करोड रुपैयाँ लागत अनुमान गरिएको छ।

भौतिक पूर्वाधार र सहरी विकासमन्त्री कुलमान घिसिङले बाढीपहिरोबाट क्षति पुगेर अवरुद्ध भएका सडक सञ्चालन उच्च प्राथमिकतामा रहेको बताए। उनले वर्षा रोकिनासाथ क्षतिग्रस्त सडक पुनर्निर्माणको काममा मातहतका निकायले काम गरिरहेको जानकारी दिए। अवरुद्ध सडक जतिसक्दो चाँडो सञ्चालनका लागि उपकरण र जनशक्ति परिचालन गरिएको उनले बताए। 'अहिले भइरहेको पुनर्निर्माण सम्बनधी कामको निममित अनुगमनसमेत भइरहेको छ,' मन्त्री घिसिङले भने।

यस वर्षको मनसुनजन्य विपत्बाट सबैभन्दा बढी क्षति पुगेको मेची राजमार्ग पुनर्निर्माणका लागि डेढ अर्ब रुपैयाँ लाग्ने अनुमान छ। क्षति भएका कोशी, मध्यपहाडी, हुलाकी, अरनिको, कान्ति, नारायणगढ–मुग्लिङलगायतका राजमार्गको पुनर्निर्माणका लागि झन्डै तीन अर्ब ७७ करोड रुपैयाँ लाग्ने अनुमान छ।

त्यस्तै, १७ वटा स्थायी पुल पुनर्निर्माणमा चार अर्ब ५२ करोड रुपैयाँ लाग्ने अनुमान छ। क्षति पुगेका र सडक सञ्चालनका लागि राख्नुपर्ने नयाँ बेलिब्रिजका लागि ८० करोड रुपैयाँ लागत अनुमान छ। वैकल्पिक सडक पुनर्निर्माणका लागि एक अर्ब ५९ करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ।

क्षतिग्रस्त एक सय तीन सरकारी भवनको पुनर्निर्माण पनि सुरु

जेन-जी आन्दोलनका क्रममा आगजनी र तोडफोडबाट क्षति पुगेका एक सय तीन मुख्य सरकारी भवनको पुनर्निर्माणको प्रक्रिया अघि बढाएको छ। सहरी विकास मन्त्रालयले संघीय प्रशासनिक केन्द्र सिंहदरबारका भवनसहित देशभरका प्रमुख कार्यालयहरूको पुनर्निर्माण सुरु गर्ने भएको छ। दुई महिनाभित्र डिजाइन तयार गर्न पुल्चोक इन्जिनियरिङ क्याम्पस, विद्युत् प्राधिकरण र चिलिमे इन्जिनियरिङलाई जिम्मा दिइएको छ।

क्षतिग्रस्त संरचना रेट्रोफिट गर्ने कि भत्काएर नयाँ बनाउने भन्ने विषयमा अध्ययन गरी डिजाइन तयार गर्ने जिम्मेवारी तीनवटा संस्थालाई दिएको सहरी विकास मन्त्रालयका प्रवक्ता नारायणप्रसाद मैनालीले जानकारी दिए। मन्त्रालयका अनुसार सिंहदरबारभित्रका क्षतिग्रस्त भवनसहित देशभरका कुल ३८ वटा भवन पुल्चोक इन्जिनियरिङ क्याम्पसलाई डिजाइनको जिम्मेवारी दिइएको छ।

विद्युत् प्राधिकरणलाई विराटनगर उच्च अदालत, जिल्ला प्रशासनहरू, मालपोत, भन्सार र सरकारी वकिललगायतका ३३ भवन र चिलिमे इन्जिनियरिङ एन्ड सर्भिसेजलाई ललितपुरको भैंसेपाटीस्थित मन्त्री क्वार्टरसहित ३२ सरकारी भवन पुनर्निर्माणको अध्ययन र डिजाइनको जिम्मेवारी दिइएको छ।

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०६/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।


तपसिल

क्र.सं.	शाखा कार्यालय : फापरवारी, मकवानपुर	
	ऋणीको नाम, ठेगाना	जमानतकर्ताको विवरण
१.	नाम : डोर बहादुर राई ना.प्र.नं. २४८९/३७१३८, जि.प्र.का. सिन्धुली जारी मिति : २०६१/०३/०७ बाबुको नाम : बुद्धी बहादुर राई बाजेको नाम : मान बहादुर ठेगाना : सिन्धुली जिल्ला, पिपलमाडी गा.वि.स. वडा नं. ९ हाल : सिन्धुली जिल्ला, हरिहरपुरगढी गा.पा. वडा नं. २	नाम : बिमला कुमारी राई ना.प्र.नं. २०२०१०३३/२४९, जि.प्र.का. सिन्धुली जारी मिति : २०६८/०२/१२ पतिको नाम : डोर बहादुर राई ससुराको नाम : बुद्धी बहादुर राई ठेगाना : सिन्धुली जिल्ला, पिपलमाडी गा.वि.स. वडा नं. ९ हाल : सिन्धुली जिल्ला, हरिहरपुरगढी गा.पा. वडा नं. २
	धितोको विवरण	
	डोर बहादुर राईको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, हरिहरपुरगढी वडा नं. १ स्थित कित्ता नं. १९१ को क्षेत्रफल ०-१-० (वि.क.धु.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
क्र.सं.	शाखा कार्यालय : रुपनी, सप्तरी	
	ऋणीको नाम, ठेगाना	जमानतकर्ताको विवरण
१.	नाम : विनिता देवी यादव ना.प्र.नं. १६-०१-७१-०१०१६, जि.प्र.का. सप्तरी जारी मिति : २०७१/०२/१३ पतिको नाम : हरि नारायण यादव ससुराको नाम : बौवा यादव ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. १०	नाम : हरेराम यादव ना.प्र.नं. १६३०४९/११२, जि.प्र.का. सप्तरी जारी मिति : २०६३/१०/०८ बाबुको नाम : नथु यादव बाजेका नाम : बौवा यादव ठेगाना : सप्तरी जिल्ला, बोरीया गा.वि.स. वडा नं. ३ हाल : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. १
	धितोको विवरण	
	विनिता देवी यादवको नाममा मालपोत कार्यालय सप्तरी राजविराजमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी विष्णुपुर गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १२५२ को क्षेत्रफल क्रमशः ०-०-१८ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
	ऋणीको नाम, ठेगाना	जमानतकर्ताको विवरण
२.	नाम : मिना खातुन ना.प्र.नं. ३१८३/६९५०, जि.प्र.का. सप्तरी जारी मिति : २०५५/०८/०४ पतिको नाम : सफिउल्लाह ससुराको नाम : अब्दुल मियाँ ठेगाना : सप्तरी जिल्ला, रुपनगर गा.वि.स. वडा नं. ४ हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. १२	नाम : सफिउल्लाह ना.प्र.नं. ८०१६२१०४, जि.प्र.का. सप्तरी जारी मिति : २०४५/०१/११ बाबुको नाम : अब्दुल मियाँ बाजेको नाम : अन्धालाल मियाँ ठेगाना : सप्तरी जिल्ला, रुपनगर गा.वि.स. वडा नं. ४ हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. १२
	धितोको विवरण	
	मिना खातुन को नाममा मालपोत कार्यालय सप्तरी कञ्चनपुरमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, रुपनगर गा.वि.स. वडा नं. ४/घ स्थित कित्ता नं. ४०३ र क्षेत्रफल ०-१-८½ (बिगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
	ऋणीको नाम, ठेगाना	जमानतकर्ताको विवरण
३.	नाम : राजेश कुमार साह ना.प्र.नं. १६१०६०/२६४, जि.प्र.का. सप्तरी जारी मिति : २०६७/११/१७ बाबुको नाम : दुखी साह हलुवाई बाजेको नाम : चौधरी साह ठेगाना : सप्तरी जिल्ला, कटैया गा.वि.स. वडा नं. ३ हाल : सप्तरी जिल्ला, रुपनी ग.पा. वडा नं. ३	नाम : रामकली हलुवाइनी ना.प्र.नं. ८११६३३५०, जि.प्र.का. सप्तरी जारी मिति : २०३५/१२/२० पतिको नाम : दुखी साह हलुवाई ससुराको नाम : चौधरी साह ठेगाना : सप्तरी जिल्ला, पथरगाडा गा.वि.स. वडा नं. ५ हाल : सप्तरी जिल्ला, रुपनी ग.पा. वडा नं. ३
	धितोको विवरण	
	रामकली हलुवाईनीको नाममा मालपोत कार्यालय सप्तरी राजविराजमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, नकटीरायपुर गा.वि.स. वडा नं. ५ क स्थित कित्ता नं. २५५ को क्षेत्रफल ०-६-३ (बिगाहा) र भंगाह गा.वि.स. वडा नं. ८ किता नं. ९५५ को क्षेत्रफल ०-०-५ (बिगाहा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : फापरवारी, मकवानपुर, फोन नं. ०५७-४२००१५
रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

हार्दिक श्रद्धाञ्जली



जन्म:
५ डिसेम्बर १९५२

स्वर्गारोहण:
२५ सेप्टेम्बर २०२५

स्व. हेमन्त कुमार योन्जन

यस विद्यालय परिवारका निर्देशक श्री **हेमन्त कुमार योन्जन**ज्यूको असामयिक निधनले अत्यन्त दुःखी र स्तब्ध भएका छौं। उहाँको अतुलनीय योगदान, समर्पण र नेतृत्वले विद्यालयलाई आजको अवस्थामा ल्याउन महत्वपूर्ण भूमिका खेलेको हामी सबैको मानसपटलमा रहिरहनेछ। यस दुःखद क्षणमा उहाँको १४औं दिनको पूण्य तिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं। परमेश्वरले दिवंगत आत्मालाई चिरशान्ति र परिवारजनलाई धैर्यधारणा गर्न सक्ने शक्ति प्रदान गरून भन्ने कामना गर्दछौं।

ग्रीन पीस को-एड स्कुल परिवार
हनुमानस्थान मार्ग, गणवहाल, काठमाडौं।

सिद्धार्थ बैंकद्वारा १०.५३ प्रतिशत लाभांश घोषणा

काठमाडौं/ सिद्धार्थ बैंक लिमिटेडले सेयरधनीलाई दिने लाभांश घोषणा गरेको छ। २१ असोजमा बसेको बैंकको सञ्चालक समिति बैठकले गत आर्थिक वर्षको वितरणयोग्य मुनाफाबाट ५ प्रतिशत बोनस शेयर र ५.५३ प्रतिशत नगद लाभांश (कर प्रयोजनसमेत) गरी कुल १०.५३ प्रतिशत लाभांश वितरणको प्रस्ताव गरेको छ।

हाल बैंकको चुक्ता पुँजी १४ अर्ब आठ करोड ९९ लाखभन्दा बढी छ। यसमध्ये ५ प्रतिशत अर्थात् ७० करोड ४४ लाख ९९ हजारबराबरको बोनस सेयर तथा ५.५३ प्रतिशत अर्थात् ७७ करोड ९१ लाख ७५ हजारबराबरको नगद लाभांश प्रस्ताव गरेको हो। उक्त लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत भएपश्चात् तथा बैंकको आगामी साधारणसभाबाट पारित भएपछि मात्र वितरण हुनेछ।

'दसैं–तिहारको ठुलो हर्ष, क्रम्पटनको आकर्षक उपहार' अफर

काठमाडौं/ नेपालको लोकप्रिय इलेक्ट्रोनिक्स वितरक सिजी इलेक्ट्रोनिक्सले चाडबाडलक्षित आकर्षक योजना ल्याएको छ। कम्पनीले 'दसैं-तिहार ठुलो हर्ष, क्रम्पटनको आकर्षक उपहार' योजना ल्याएको हो। क्रम्पटनका उत्पादन खरिद गर्ने उपभोक्ताले आकर्षक उपहारका साथै भाग्यशाली पुरस्कार जित्न सक्नेछन्।



योजनामा बम्पर लक्की ड्रअन्तर्गत ग्राहकले माइडियाको ४८२ लिटरको रेफ्रिजेरेटर जित्न सक्नेछन्। त्यस्तै, मासिक लक्की ड्रमा माइडिया १०० सिरिजको वासिङ मेसिन र साप्ताहिक रूपमा क्रम्पटनको मिक्सर ग्राइन्डर प्राप्त गर्न सकिनेछ।

यसमा सजिलो किस्ताबन्दी, निःशुल्क होम डेलिभरी, निःशुल्क इन्स्टलेनस तथा प्रडक्टअनुसार ६० महिनासम्मको वारेन्टी पाइनेछ। योजनामा सहभागी हुन ग्राहकले सामान खरिद गरेपछि क्युआर स्क्यान गरी आफ्नो विवरण दर्ता गर्नुपर्नेछ। क्रम्पटन भारतीय इलेक्ट्रोनिक्स ब्रान्ड हो। यसले फ्यान, एयर कन्डिसनर, वाटर हिटर, मिक्सर ग्राइन्डरलगायत घरायसी सामान उत्पादन तथा बिक्री गर्दै आइरहेको छ। त्यस्तै, सिजी इलेक्ट्रोनिक्स नेपालमा कन्जुमर डुराबल्स र होम अप्लायन्स वितरण गर्ने कम्पनी हो।

पुनर्निर्माण कोषमा सूर्यज्योति लाइफको डेढ करोड सहयोग

काठमाडौं/ सूर्यज्योति लाइफ इन्स्योरेन्सले सरकारले स्थापना गरेको 'भौतिक पूर्वाधार पुनर्निर्माण कोष'मा एक करोड ५० लाख रुपैयाँ सहयोग गरेको छ।

जेन-जी आन्दोलनको क्रममा क्षति भएको सार्वजनिक तथा सरकारी भौतिक संरचनाको पुनर्निर्माण, आर्थिक पुनरुत्थान र राहतलगायतका कार्यका लागि कम्पनीका सञ्चालक चूडामणि देवकोटा तथा प्रमुख कार्यकारी अधिकृत प्रकाशविक्रम खत्रीले अर्थमन्त्री रामेश्वर खनालसमक्ष सो रकमबराबरको चेक हस्तान्तरण गरेका हुन्।



कम्पनीले विगतमा समेत विशेष गरी शिक्षा र स्वास्थ्यको क्षेत्रमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विविध प्रकारको सहयोग गर्दै आइरहेको छ। हालै सरकारले स्थापना गरेको उक्त कोषमा कम्पनीबाट भएको सहयोगले क्षति भएको भौतिक संरचनाको पुनर्निर्माण, आर्थिक पुनरुत्थान र राहतलगायतका कार्यका निम्ति सहयोग पुग्ने कम्पनीको विश्वास छ। यस प्रकारका अभियानमा सूर्यज्योति लाइफको निरन्तर साथ रहने प्रतिबद्धता कम्पनीका प्रमुख कार्यकारी अधिकृत खत्रीले व्यक्त गरे।

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्वद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताहरु
१)	**१) ऋणी फर्म : न्यु अनलाइन कम्प्युटर, प्रोप्राईटर तथा जमानीकर्ता : गणेश बहादुर धिमाल** दर्ता नं. : वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगरमा प्रा.फा.र.नं. २६३४२, दर्ता मिति : २०७१/०२/२९, ठेगाना : जिल्ला झापा, दमक न.पा. वडा नं. ६	१) गणेश बहादुर धिमाल २) सुरज धिमाल ३) नेत्र कुमारी धिमाल
	२) ऋणी फर्म : दर्शिल कृषि फार्म, प्रोप्राईटर तथा जमानीकर्ता : नेत्र कुमारी धिमाल दर्ता नं.: भद्रपुर नगर कार्यपालिका, उद्योग विकास शाखा भद्रपुर झापामा प्रा.फा.नं. १७३/९८०/१३५० ९, दर्ता मिति : २०७४/०६/२३, ठेगाना : जिल्ला झापा, दमक न.पा. वडा नं. ४	१) गणेश बहादुर धिमाल २) सुरज धिमाल ३) नेत्र कुमारी धिमाल
	३) ऋणी फर्म : अनलाइन कम्प्युटर, प्रोप्राईटर तथा जमानीकर्ता : सुरज धिमाल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, झापामा, प्रा.फ.र.नं. २०५/३६१३/२०६९/६/२४, दर्ता मिति : २०६९/०६/२४, ठेगाना : जिल्ला झापा, दमक न.पा. वडा नं.१३	१) गणेश बहादुर धिमाल २) सुरज धिमाल ३) नेत्र कुमारी धिमाल
	४) ऋणी : सुरज धिमाल स्थायी ठेगाना : झापा जिल्ला, दमक न.पा. वडा नं.१६, हालको ठेगाना : झापा जिल्ला, दमक न.पा. वडा नं.४, बाबु : गणेश बहादुर धिमाल, बाजे : तेलपाने धिमाल	१) गणेश बहादुर धिमाल २) नेत्र कुमारी धिमाल
	५) ऋणी : नेत्र कुमारी धिमाल स्थायी ठेगाना : मोरङ्ग जिल्ला, केरौन गा.वि.स. वडा नं.१, हालको ठेगाना : झापा जिल्ला, दमक न.पा. वडा नं.४, बाबु : विश्व बहादुर धिमाल, ससुरा : गणेश बहादुर धिमाल, पति : सुरज धिमाल	१) गणेश बहादुर धिमाल २) सुरज धिमाल
	६) ऋणी कम्पनी : चुलाचुली बहुउद्देशीय पशुपालन फार्म प्रा.लि., सञ्चालक तथा जमानीकर्ता : १) सुरज धिमाल, २) फर्सुराम लावती दर्ता नं. : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा, दर्ता नं. १८९८८९/७४/०७५, दर्ता मिति : २०७५/०२/०८, ठेगाना : जिल्ला इलाम, चुलाचुली गा.पा. वडा नं.१	१) गणेश बहादुर धिमाल २) सुरज धिमाल ३) नेत्र कुमारी धिमाल ४) फर्सुराम लावती ५) माया लावती

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
ताहाचल, काठमाण्डौ
फोन: ०१-४९५८०१३/१४, **इमेल:** info@aepc.gov.np **वेवसाइट**: www.aepc.gov.np

ऊर्जा परीक्षक (Energy Auditor) तालिमको लागि माग संकलन सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २३ असोज २०८२

नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आ.व.०८२/८३ को लागि ऊर्जा परीक्षक (Energy Auditor) तालिम संचालन कार्यलाई निरन्तरता दिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ। यस तालिमको उद्देश्य विभिन्न उद्योग तथा व्यावसायिक संस्थाहरूमा ऊर्जा लेखापरीक्षण गर्दै ऊर्जा दक्षता सुधार गर्न सक्षम जनशक्ति विकास गर्नु हो। यस तालिममा सहभागी हुन इक्छुक उम्मेदवारहरुले निर्धारित समय भित्र निम्न उल्लेखित गुगल फर्म मार्फत आवेदन बुझाउनु हुन जानकारी गराइन्छ।

माग संकलन फारम बुझाउने समय सिमा : यस सूचना प्रकासित भएको मितिले ३० दिन भित्र।

गुगल फर्म को लिङ्क: https://forms.gle/dqg52xx7D8fb4tq2A

यो सूचना केन्द्रको वेबसाइट धधधाबभउआनयखालउ बाट समेत हेर्न सकिने छ।

अन्य जानकारीका लागि केन्द्रको ऊर्जा दक्षता शाखामा सम्पर्क गर्न सकिनेछ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८२/०६/२३)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४१२
फोन न.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

यस बैंक (साबिक नेपाल इन्भेष्टमेष्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुत्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको** माध्यमबाट लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०७/०९

बोलपत्र खोलिने मिति २०८२/०७/११ दिउँसो ३ बजे

तपसिल

क्र.सं.	ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : किस्मोन स्टोर्स (विविध कर्जा) -शाखा कार्यालय रजहर** प्रा.फ.र.नं. : ३४४/०७७/०७८, ठेगाना : भरतपुर १०, चितवन **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. ममता श्रेष्ठ -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ०४३४६१, मिति २०६५/१२/०४ मा जि.प्र.का. चितवनबाट जारी भएको), पति : किशोर घिमिरे, ससुरा : कृष्ण मुरारी घिमिरे **२. किशोर घिमिरे -जमानीकर्ता** (ना.प्र.नं. ०४७६४०, मिति २०६६/०७/२२ मा जि.प्र.का. चितवनबाट जारी भएको), बाबु : कृष्ण मुरारी घिमिरे, बाजे : सानु पशुपति घिमिरे **३. सरिता घिमिरे -जमानीकर्ता** (ना.प्र.नं. ५८१, मिति २०४५/०४/२६ मा जि.प्र.का. चितवनबाट जारी भएको), पति : कृष्ण मुरारी घिमिरे, ससुरा : सानु पशुपति घिमिरे	१. सरिता घिमिरेको नाममा चितवन जिल्ला मालपोत कार्यालय चनौली, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, रातापुर गा.वि.स./न.पा. वडा नं. ०२ (क) स्थित कि.नं. ८५५ (०-०-५-० विगाहा) र कि.नं. ८५१ (०-५-१५-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : चनौली, चितवन २. यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन : कम्पनीको नाम : Skoda Auto Volkswagen सवारी मोडेल : Rapid 1.0 Active निर्माण वर्ष : 2021 ईन्जिन नं. : DSH010214 च्यासिस नं. : TMBBRKNA31G104666 सवारी दर्ता नं. : प्रदेश ३-०१-०२४ च ७३९४ **नोट :** बोलपत्र खोलिने स्थान : राईजिङ्ग मल, कमलादी स्थित कर्जा असुली विभाग
२.	**ऋणी : आँधिखोला एग्रो फर्म एण्ड पोल्ट्री सप्लायर्स (आवधिक कर्जा) -शाखा कार्यालय स्याङ्जा,** प्रा.फ.र.नं. : ६६/०७४/०७५, ठेगाना : पुतलिबजार न.पा. ०३, स्याङ्जा **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. लव विक्रम शाह -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं ७१७३८, मिति २०६०/०४/११ मा जि.प्र.का. स्याङ्जाबाट जारी भएको), बाबु : छिम बहादुर शाह, बाजे : टिका बहादुर शाह **२. तुलसा शाह -जमानीकर्ता** (ना.प्र.नं ३८५२, मिति २०४४/१०/१८ मा जि.प्र.का.स्याङ्जाबाट जारी भएको), पति : छिम बहादुर शाह, ससुरा : टिका बहादुर शाह **३. प्रमिला नेम्वाङ -जमानीकर्ता** (ना.प्र.नं २७३/२२, मिति २०६३/०३/१८ मा जि.प्र.का. पाँचथरबाट जारी भएको), पति : लव विक्रम शाह, ससुरा : छिम बहादुर शाह **४. रोशन शर्मा -जमानीकर्ता** (ना.प्र.नं ४२१०६२-९३०६७, मिति २०६४/१२/२२ मा जि.प्र.का. स्याङ्जाबाट जारी भएको), बाबु : खगेन्द्र शर्मा, बाजे : थम नारायण उपाध्याय **५. मनोज मल्ल -जमानीकर्ता** (ना.प्र.नं ३९६१२, मिति २०५४/०३/३० मा जि.प्र.का.स्याङ्जाबाट जारी भएको), बाबु : गेम बहादुर मल्ल, बाजे : जित बहादुर मल्ल	१. लव विक्रम शाहको नाममा स्याङ्जा जिल्ला मालपोत कार्यालय स्याङ्जामा दर्ता कायम रहेको स्याङ्जा जिल्ला, बहाकोट गा.वि.स./न.पा. वडा नं. ९ स्थित कि.नं. १०३१ (१६-९-३-३ रोपनी) र कि.नं.२२८६ (८-७-३-१ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २.तुलसा शाहको नाममा स्याङ्जा जिल्ला मालपोत कार्यालय स्याङ्जामा दर्ता कायम रहेको स्याङ्जा जिल्ला, पुतलीबजार गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं.२८३६ (१-६-०-१ रोपनी) र कि.नं.२३१३ (०-१०-१-३ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय स्याङ्जा
३.	**ऋणी : वाईबा इन्टरप्राइजेज (लघु आवधिक कर्जा) -शाखा कार्यालय हेटौडा,** प्रा.फ.र.नं. : १३५/१००/२०७९/०८०, ठेगाना : भिमफेदी गा.पा. ०१, बयलवास **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. सानुमाया वाईबा -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ५९२/३०४६, मिति २०४४/११/२० मा जि.प्र.का.मकवानपुरबाट जारी भएको), पति: राम बहादुर वाईवा, ससुरा: चक्र बहादुर वाईवा **२. सुरेश वाईबा -जमानीकर्ता** (ना.प्र.नं. ३११०४४/८७०५५, मिति २०६८/०४/२२ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको), बाबु : राम बहादुर वाईवा, बाजे : चक्र बहादुर वाईवा **३. राम बहादुर वाईबा -जमानीकर्ता** (ना.प्र.नं. १७, मिति २०४६/१०/१२ मा जि.प्र.का.मकवानपुरबाट जारी भएको), बाबु : चक्र बहादुर वाईवा, बाजे : पठच बहादुर वाईवा	१. सानुमाया वाईबाको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय हेटौडा, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, भैसे गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ७४७ (०-१-३-१ रोपनी), कि.नं. ८२९ (०-४-०-० रोपनी) र कि.नं. ८३० (०-१-०-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. सुरेश वाईवाको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय हेटौडा, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, भैसे गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ८२८ (०-५-२-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय हेटौडा, मकवानपुरमा
४.	**ऋणीहरु :** **क) सुदिप ट्रेड एण्ड सप्लायर्स (विविध कर्जा) -शाखा कार्यालय हेटौडा** प्रा.फ.र.नं. : ६३८९/३६१/२०७३/२०७४, ठेगाना : भैसे ०७, मकवानपुर **ख) सुजिना स्टोर्स (आवधिक कर्जा) -शाखा कार्यालय हेटौडा,** प्रा.फ.र.नं. : २३६९/१४४७/०७७/०७८, ठेगाना : भिमफेदी गा.पा. ०१, मकवानपुर **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. सोम बहादुर वाईबा -प्रोप्राईटर (सुदिप ट्रेड एण्ड सप्लायर्स)/जमानीकर्ता,** (ना.प्र.नं. ४/२४९७, मिति २०५९/१०/२८ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको) बाबु : राम बहादुर वाईवा, बाजे : चक्र बहादुर वाईवा **२. सुनिता वाईबा -प्रोप्राईटर (सुजिना स्टोर्स)/जमानीकर्ता** (ना.प्र.नं. ३१-०१-७०-०९९९८, मिति २०७०/०९/२२ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको) पति : सोम बहादुर वाईवा, ससुरा : राम बहादुर वाईवा	१. सोम बहादुर वाईवाको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय हेटौडा, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, भैसे गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ८२७ (०-४-१-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. सुनिता वाईवाको नाममा मकवानपुर जिल्ला मालपोत कार्यालय हेटौडा, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. १२३४ (०-२-१४-० विगाहा) र कि.नं. ९०१ (०-३-९-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय हेटौडा, मकवानपुर ३. यस बैंकको नाममा दर्ता रहेका तपसिल बमोजिमको सवारी साधन : कम्पनीको नाम : Hyundai सवारीको मोडेल : Venue 1.5 S Petrol निर्माण वर्ष : २०२१ च्यासिस नं. : MALFC81BLMM206797*C ईन्जिन नं. : G4LAMM901983 सवारी दर्ता नं. : बागमती प्रदेश ०१ ०२५ च ४८६५ **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय हेटौडा, मकवानपुर/सम्बन्धित यातायात नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनावाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकवाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सर्म्वन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट :
क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु १०००/(तिरी लिन सकिने छ।
ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुने छ।

कृषि विकास बैंक लि.
शाखा कार्यालय, गठ्ठाघर, भक्तपुरका लागि

घर भाडामा लिनेसम्बन्धी १५ दिने सूचना

प्रथमपटक प्रकाशित मिति : २०८२/०६/२३ गते

कृषि विकास बैंक लि., शाखा कार्यालय, गठ्ठाघरको प्रयोजनका लागि घर भाडामा लिन आवश्यक भएकाले भक्तपुर जिल्ला, मध्यपुर थिमि नगरपालिका वडा नं. ३, गठ्ठाघर चोकबाट पश्चिम कौशलटार चोकसम्म अरनिको राजमार्गबाट १०० मिटर दाँया, बाँया रहेको व्यावसायिक भवनको भुइँ तल्ला वा पहिलो तल्ला र वरिपरि मोहडा भएको तथा पर्याप्त पार्किङ्गको सुविधा रहेको उपयुक्त स्थान र सडक मापदण्डभन्दा बाहिर, कम्पाउन्ड पर्खाल भएको घर कम्तीमा १० वर्ष वा सो भन्दा बढी अवधिका लागि भाडामा दिन इच्छुक घरधनीहरूले निम्न शर्त/सुविधाको अधिनमा रही घर भाडामा दिन प्रस्ताव आव्हान गरिन्छ।

शर्त तथा सुविधाहरू

१. भक्तपुर जिल्ला, मध्यपुर थिमि नगरपालिका वडा नं. ३, गठ्ठाघरबाट पश्चिम कौशलटार चोकसम्म अरनिको राजमार्गबाट करिब १०० मिटर दाँया, बाँया रहेको व्यवसायिक भवनको भुइँ तल्ला वा पहिलो तल्ला र वरिपरि पर्खाल भएको तथा पर्याप्त पार्किङ्गको सुविधा रहेको उपयुक्त स्थान र सडक मापदण्डभन्दा बाहिर रहेको, २०७२ सालको भूकम्पपछि निर्माण भएको, भूकम्प प्रतिरोधी भवनको नक्सा पास भई भवन निर्माण कार्य सम्पन्न भएको व्यवसायिक भवनमा एकै तल्लामा कम्तिमा २५००-३००० वर्गफिट क्षेत्रफल भएको घर हुनुपर्ने छ।
२. प्रस्तावित घर आर.सि.सी. फ्रेम स्ट्रक्चरमा निर्माण भएको र स्थानीय निकायबाट नक्सा पास भएको प्रमाणपत्र पेश गर्नु पर्नेछ।
३. प्रस्तावित घरमा पानी, बत्तिबिजुली (थ्रि फेज समेत), टेलिफोन र इन्टरनेटको पहँच हुनुपर्नेछ। प्रस्तावित तल्लामा पर्याप्त शौचालयको व्यवस्था समेत हुनुपर्नेछ। भाडामा दिन प्रस्ताव गरिएको घरमा पर्याप्त पार्किङ्गस्थल, जेनेरेटर तथा ए.टि.एम. राख्ने स्थानको व्यवस्था भएको हुनुपर्ने छ।
४. बैंकलाई घरको भित्री संरचना परिवर्तन गर्न आवश्यक भएमा उक्त कार्य गर्न घरधनी मञ्जुर हुनुपर्ने छ।
५. मासिक के, कति रकममा घरभाडा दिन चाहेको हो, सो को प्रस्ट रूपमा अङ्क र अक्षर दुवैमा खुलाउनुपर्ने छ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई स्वीकार गरिनेछ।
६. घरभाडा रकममा नियमानुसार लाग्ने कर कट्टी गरी बाँकी रकम महिनाको अन्त्यमा घरधनीलाई भुक्तानी गरिनेछ। घर भाडामा लिएपश्चात् घरबहाल कर परिवर्तन भएमा परिवर्तित दरका आधारमा बहाल कर कट्टी गरिनेछ।
७. घर भाडासम्बन्धी गोप्य सिलबन्दी प्रस्ताव शाखा गठ्ठाघर वा बागमती प्रदेश कार्यालय, गौशाला, काठमाडौंमा यो सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयभित्र दर्ता गरिसक्नुपर्नेछ।
८. घर भाडामा दिनेसम्बन्धी प्राप्त प्रस्तावहरू यो सूचना प्रकाशित मितिले १६ औं दिनको ११.०० बजे प्रस्तावक वा निजको प्रतिनिधि र बैंकका पदाधिकारीहरूको उपस्थितिमा प्रदेश कार्यालय, काठमाडौंमा खोलिनेछ। उक्त दिन सावर्जनिक बिदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन दिनको ११.०० बजे खोलिने छ। प्रस्ताव खोल्ने समयमा कारणवश कुनै वा सबै प्रस्तावक वा निजको प्रतिनिधि अनुपस्थित भए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन।
९. आवश्यकताअनुसार घरभाडा लिने स्थानमा गई निरीक्षण गरी घर रहेको स्थान, बाटोको अवस्था, घरको बनावट, क्षेत्रफल, भौतिक सुविधा, प्रस्ताव गरेको भाडा रकमलगायत अन्य कुराहरूमा विश्लेषण गरी आवश्यक निर्णय गरिनेछ।
१०. घरभाडासम्बन्धी प्राप्त प्रस्ताव कारण खोली वा नखोली स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार यस बैंकमा निहित रहने छ।
११. अन्य कुराको हकमा यस बैंकको आर्थिक प्रशासन विनियमावली २०६४ (संशोधनसहित) र घरभाडा लिनेसम्बन्धी निर्देशिका २०७१ बमोजिम हुनेछ।
१२. भाडामा दिने घरसम्बन्धी कुनै मुद्दामामिला नभएको हुनुपर्नेछ।
१३. यस विषयमा थप जानकारी आवश्यक परेमा शाखा गठ्ठाघर वा बैंकको बागमती प्रदेश कार्यालय, गौशाला, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लिमिटेड
बागमती प्रदेश कार्यालय, काठमाडौं

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६९/०७०
बिहीबार २३ असोज ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ एसियन टी-२० विश्वकप छनोट

कुवेतमाथि नेपालको सानदार जित

नेपालले दिएको १४२ रन पछ्याएको कुवेत १८.१ ओभरमा ८३ रनमै समेटियो



श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीले कुवेतलाई ५८ रनले हराउँदै आइसिसी टी-२० विश्वकपअन्तर्गत एसियन छनोटमा सानदार सुरुवात गरेको छ। ओमान क्रिकेट एकेडेमी १ मा बुधबार पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा ६ विकेट गुमाएर १४१ रनको मध्यम योगफल खडा गरेको थियो। प्रत्युत्तरमा १४२ रनको लक्ष्य पछ्याएको कुवेत १८.१ ओभरमा ८३ रनमा समेटिँदा नेपाल ५८ रनले विजयी भयो।



नेपाल लगातार दोस्रोपटक र समग्रमा तेस्रोपटक आइसिसी टी-२० विश्वकप खेल्ने लक्ष्यका साथ ओमान पुगेको हो। नेपालले समूह 'बी'मा महत्त्वपूर्ण २ अंक जोडेको छ। अब नेपालले जापानविरुद्ध शुक्रबार अन्तिम खेल खेल्नेछ। यस खेलमा जित निकाल्दा समूह विजेताका रूपमा नेपाल सुपर सिक्समा पुग्नेछ।

लक्ष्य रक्षा गर्ने क्रममा सोमपाल कामी, नन्दन यादव, ललितनारायण राजवंशी, कुशल भुर्तेल तथा रोहितकुमार पौडेलले उत्कृष्ट बलिङ गरेका थिए। सोमपालले दुई ओभरमा ३ रन खर्चेर एक विकेट लिए। नन्दनले पनि दुई ओभरमा ११ रन दिँदै एक विकेट हात पारे। ललित राजवंशी, सन्दीप लामिछाने र रोहित पौडेलले समान दुई विकेट लिए। अलराउन्डर दीपेन्द्रसिंह ऐरीले तीन ओभरमा १० रन खर्चेका थिए। सन्दीपले आफ्नो बलिङ स्पेलमा एक मेडन फ्याँकेका थिए।

कुवेतको मध्य तथा पुछारका ब्याट्सम्यान चल्न नसक्दा नेपाली बलर हाबी भए। इनिङ्सको एक समय कुवेत ५६-४ को स्थितिमा थियो। त्यसपछि थप २७ रन जोड्दा कुवेतले बाँकी विकेट गुमाउँदा ८३ रनमा अलआउट भयो। ओमानमा चलिरहेको छनोटबाट तीन राष्ट्रले आगामी वर्षको फेब्रुअरी-मार्चमा भारत र श्रीलंकामा हुने आइसिसी टी-२० विश्वकप २०२६ मा स्थान बनाउनेछन्। सुपर सिक्सका शीर्ष तीन टोलीले विश्वकपमा स्थान बनाउनेछन्। एसिया छनोटमा नेपालसहित मलेसिया, कतार, युएई, ओमान, पपुवा न्युगनी र सामोआले प्रतिस्पर्धा गरिरहेका छन्। अर्को वर्ष आयोजना हुने विश्वकपमा १७ राष्ट्रले स्थान पक्का गरिसकेका छन्।

भुर्तेलको १२औँ अर्धशतकीय इनिङ्स

कमजोर सुरुवात गरेको नेपालले ओपनर कुशल भुर्तेलको अर्धशतकीय योगदान पाएको थियो। इनिङ्सको १९.५ ओभरमा आफ्नो विकेट गुमाउनुअघि भुर्तेलले ५६ बलको सामना गरी समान तीन चौका र छक्का प्रहार गरी ६६ रनको योगदान दिएका थिए। टी-२० आईमा उनको यो १२औँ अर्धशतक हो। उनले अहिलेसम्म नेपालबाट ६५ टी-२० आई खेलेका छन्। मध्यक्रमका ब्याट्सम्यानले गतिलो योगदान दिन नसक्दा नेपालको ब्याटिङ कमजोर देखिएको थियो। तल्लो क्रमका गुल्सन झाले ६ बलमा तीन छक्काको सहयोगमा २० रन जोडेपछि नेपालले कुवेतलाई मध्यम योगफल दिएको हो। भरपर्दा ब्याट्सम्यान ओपनर आसिफ कप्तान रोहित पौडेल १६ र दीपेन्द्रसिंह ऐरीले २० रनको योगदान दिए। जोरा ५ र कुशल मल्ल ४ रनमा आउट भए।

शेख २, सन्दीप ओमानको कुवेतको २७ रन

क्रिकेट एकेडेमी १ मैदानमा नेपालका कुनै पनि ब्याट्सम्यानले बलिङविरुद्ध खुलेर सामना गर्न सकेनन्। नेपालले १९औँ ओभरमा जोडेको थियो। कुवेतका नवीन राजेन्द्रनको ओभरमा गुल्सनले तीन छक्का र भुर्तेलले दुई चौका प्रहार गरेका थिए। यस ओभरबाट नेपालको रनरेट बढेको थियो। कुवेतका तीव्र गतिका बलर मोहम्मद अकिफ फारुकले तेस्रो ओभरमा आसिफलाई एलबिडब्लू आउट गरे। लेग स्पिनर नवीन राजेन्द्रनले कप्तान पौडेललाई बोल्ड गरे। नेपालको इनिङ्स एक समय ७.२ ओभरमा ४६-२ को अवस्थामा थियो। मल्ल र जोरालाई गुमाउँदा नेपाल ११.४ ओभरमा ६३-४ को नाजुक अवस्थामा पुगेको थियो। कुवेतका नवीन राजेन्द्रनले ४ ओभरमा ४० रन खर्चेर दुई विकेट लिए। अनुपदीपले पनि दुई विकेट हात पारे।

युएई सात विकटले विजयी

युएईले समूह 'ए'मा कतारमाथि सात विकेटको जित निकालेको छ। पहिलो ब्याटिङ गरेको कतारले २० ओभरमा आठ विकेट गुमाउँदै ११८ रनको मध्यम योगफल बनायो। प्रत्युत्तरमा युएईले १८.३ ओभरमा तीन विकेटको नोक्सानीमा ११९ रन जोड्दै जित हात पाऱ्यो। युएईको जितमा तेस्रो क्रमका ब्याट्सम्यान अलिसान साराफुले अर्धशतकीय योगदान दिएका थिए। उनले ४२ बलमा चार चौका र दुई छक्का प्रहार गरी सर्वाधिक ५१ रन बनाए। यसैगरी हर्षित कौशिकले ३० बलमा तीन छक्काको सहयोगमा ३७ रन बनाएका थिए।

यसअघि कतारको ब्याटिङमा ओपनरद्वय इमाल लियानागे र जुविर अली शून्यमा आउट भएका थिए। मोहमद असिम पनि शून्यमै पेभेलियन फर्कंदा कतारले १.३ ओभरमा तीन विकेट गुमाएर ५ रन जोडेको थियो। त्यसपछि कप्तान मिर्जा मोहमदले ३० तथा सहजैव जमिलले २० रन जोडे। बलिङमा युएईका मुहमद रोहिदले १३ रन खर्चेर दुई विकेट लिए। जाहिद अलीले पनि दुई विकेट हात पारे।

नवप्रवेशी सामोआ पराजित

ओमानले समूह 'सी'को विश्वकप छनोटको नवप्रवेशी राष्ट्र सामोआलाई पाँच विकेटले हराएको छ। पहिलो ब्याटिङ गरेको सामोआले २० ओभरमा ९ विकेटको क्षतिमा ९२ रनको मध्यम योगफल खडा गरेको थियो। ओमानले १७ ओभरमा पाँच विकेट गुमाएर ९६ रन जोडेको थियो। खेलमा ओमानका साह फैसल म्यान अफ दी म्याच भए। उनले १२ रन खर्चेर दुई विकेट लिएका थिए। ९३ रनको सहज लक्ष्य पछ्याएको ओमानका लागि हमाद मिर्जाले २८ बलमा १८, आर्यानले १७ बलमा १४ तथा मोहमद नदिमले २२ बलमा २१ रनको योगदान दिएका थिए। ओमानको बलिङमा फैसलबाहेक नदिम र आमिर कलिमले समान दुई विकेट हात पारेका थिए।

महिला टोलीले पनि जित्यो मलेसियाविरुद्धको सिरिज



काठमाडौं/ नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीले मलेसियाविरुद्धको टी-२० अन्तर्राष्ट्रिय सिरिज ३-२ ले हात पारेको छ। क्वालालम्पुरस्थित बायोमास क्रिकेट ओभलमा बुधबार अन्तिम खेल भएको थियो। यसअघि नेपाल र मलेसियाले सिरिजमा समान दुई खेल जितेका थिए। पाँचौं खेलमा विजयी हुने टोली सिरिजको विजेता बन्ने थियो। बायोमास मैदानमा भएको निर्णायक खेलमा नेपालले मलेसियालाई पाँच विकेटले हरायो।

टस जितेर ब्याटिङ गरेको मलेसियाले २० ओभरमा सात विकेट गुमाउँदै १०३ रनको योगफल बनाएको थियो। प्रत्युत्तरमा नेपालले १८ ओभरमा पाँच विकेट गुमाएर १०४ रन जोड्दै सिरिजमाथि कब्जा जमाएको हो। अन्तिम खेलमा पनि नेपाली खेलाडीले बलिङ र फिल्डिङमा कमजोर प्रदर्शन गरेका थिए।

सन् २०२३ मा पनि नेपाली महिला टोलीले मलेसिया भ्रमणको सिरिज ३-२ ले नै जितेको थियो। मलेसियन भूमिमा नेपाली टोली ब्याक टु ब्याक सिरिज जित्न सफल भयो। यसअघि पाँच खेलको सिरिजमा मलेसियाले पहिलो खेलमा नेपालमाथि ३ रनको रोमाञ्चक जित निकालेको थियो। दोस्रो खेलमा नेपालले मलेसियालाई ६ विकेटले हरायो। तेस्रो खेलमा मलेसिया १३ रनले विजयी भयो। चौथो खेल ६ विकेटले जित्दै नेपाल सिरिज २-२ को बराबरी गर्न सफल भयो। निर्णायक खेलमा नेपालकी बलर राजमती ऐरीले घातक बलिङ गरेकी थिइन्। उनले १५ रन खर्चेर मलेसियाका तीन खेलाडीलाई आउट गरिन्। यसै प्रदर्शनका कारण उनी खेलकै म्यान अफ दी म्याच भइन्।

शीर्ष र मध्यक्रमको सन्तुलित ब्याटिङ

नेपालले १०४ रनको लक्ष्य पछ्याउँदा शीर्ष तथा मध्यक्रमका ब्याट्सम्यानले सन्तुलित प्रदर्शन गरेका थिए। स्कोर बोर्डमा धेरै योगदान नगरे पनि उनीहरूले आवश्यक रन भने बटुलेका थिए। सम्झना खड्का र रुवि पोद्दारले २.३ ओभरमा १६ रनको साझेदारी गरे। सम्झनाले १० बलमा एक चौका प्रहार गरी १३ रन बनाइन्। त्यसपछि रुवि र कविता कुँवरबिच दोस्रो विकेटका लागि ३८ रनको महत्त्वपूर्ण साझेदारी भयो। ओपनर रुविले आफ्नो विकेट ८.२ ओभरमा गुमाउँदा नेपाल ५४-२ को स्थितिमा रह्यो। रुविले २५ बलमा दुई चौकाको सहयोगमा सर्वाधिक २६ रनको योगदान दिइन्।

कविताले १९ बलमा १४ रन जोडिन्। पूजा महतो र कप्तान इन्दु बर्माले चौथो विकेटका लागि १६ रनको साझेदारी गरे। इन्दुले १३ बलको सामना गरी ८ रन बनाइन्। पूजा र पूर्वकप्तान रुविना क्षेत्रबिच पाँचौं विकेटका लागि २८ रनको साझेदारी भयो। यही साझेदारी नै नेपालको जित आधार बन्यो। पूजा इनिङ्सको १७.३ ओभरमा आउट भइन्। उनले २४ बलमा एक चौकाको सहयोगमा २३ रनको योगदान दिइन्। रुविनाले १५ रनको नटआउट इनिङ्स खेलिन्।

नेपालको कसिलो बलिङ

पहिलो ब्याटिङ गरेको मलेसियाले स्कोर बोर्डमा ठुलो योगफल बनाउन सकेन्। विशेषगरी कविता कुँवर र राजमतीले घातक बलिङ गर्दा मलेसियाले निरन्तर विकेट गुमायो। कविताले चार ओभरमा १३ रन खर्चेर तीन विकेट लिइन्। रचना चौधरीले एक विकेट आफ्नो नाममा लेखाइन्। मलेसियाले पहिलो विकेटका लागि गतिलो साझेदारी पाएको थियो। अना हमिजा र विनिफ्रेडले ६.४ ओभरमा ३९ रन बनाएका थिए। अनाले १९ बलमा १५ रन जोड्इन्। ओपनर विनिफ्रेडले सर्वाधिक ४० रन बनाइन्। उनले आफ्नो इनिङ्समा पाँच चौका प्रहार गरेकी थिइन्। यसैगरी, माहिरा इज्जतीले १९ र नुर डानियाले ११ रन बनाएका थिए।

खेल संक्षेप

कर्णालीको कन्सल्ट्यान्ट प्रशिक्षकमा बस्नेत

काठमाडौं/ कर्णाली याक्स स्पोर्ट्सले कन्सल्ट्यान्ट प्रशिक्षकका रूपमा राजु बस्नेतलाई नियुक्त गरेको छ। कर्णालीका अध्यक्ष झनकदत्त खनालले बुधबार पूर्वराष्ट्रिय खेलाडीसमेत रहेका बस्नेतलाई दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल)का लागि कन्सल्ट्यान्ट प्रशिक्षकमा नियुक्त गरेका हुन्। दोस्रो संस्करणको एनपिएल आगामी १ देखि २७ मंसिरसम्म हुनेछ। यसअघि कर्णालीले मुख्य प्रशिक्षकको जिम्मेवारी पूर्वकप्तान ज्ञानेन्द्र मल्ललाई दिएको थियो।

नेम्वाङ र श्रेष्ठ फिफाको कमिटीमा

काठमाडौं/ अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष पंकजविक्रम नेम्वाङ तथा महिला सदस्य सरिला श्रेष्ठ मलेकु फिफाको विभिन्न कमिटीमा मनोनीत भएका छन्। फुटबल सामाजिक उत्तरदायित्व कमिटीमा नेम्वाङ तथा श्रेष्ठ युथ महिला कम्पिटिसन कमिटीका मनोनीत भएको एन्फाले जनाएको छ।

एसियाली टेबुलटेनिसमा ६ नेपाली खेलाडीले खेल्दै

काठमाडौं/ भारतमा हुने २८औँ एसियाली टेबुलटेनिस च्याम्पियनसिपमा नेपालबाट ६ खेलाडीले भाग लिनेछन्। प्रतियोगितामा सहभागी हुने ६ खेलाडीसहित आठ सदस्यीय नेपाली टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले बुधबार बिदाइ गरेका छन्। ११ देखि १५ अक्टोबरसम्म भारतको उडिसामा हुने प्रतियोगितामा संयोग कपाली, रुविन महर्जन, राजीव चिकन्बज्जार, नविता श्रेष्ठ, वियंका राई र इभाना थापाले प्रतिस्पर्धा गर्नेछन्। यसैगरी टोली प्रमुखमा कुवेरप्रकाश सिंह र प्रशिक्षकमा मोहनदास वासुकला छन्।

अल्बाले लिए सन्न्यास

एजेन्सी/ स्पेनिस राष्ट्रिय फुटबल टोलीका पूर्वखेलाडी जोर्डी अल्बाले बुधबार व्यावसायिक खेलबाट सन्न्यास घोषणा गरेका छन्। अल्बा अहिले अमेरिकाको इन्टर मियामीमा आबद्ध छन्। मेजर सकर लिग (एमएलएस)को सिजन समाप्तिसँगै अल्बाले फुटबल करिअरबाट सन्न्यास घोषणा गरेका हुन्। केही दिनअघि मात्रै स्पेनकै सर्जियो बुस्केट्सले सन्न्यास लिएका थिए। अल्बाले इन्स्टाग्रामबाट सन्न्यासबारे जानकारी दिएका हुन्।

'फुटबल करिअर अन्त्य गर्ने समय आएको छ। यो सिजनको अन्त्यसँगै व्यावसायिक फुटबल करिअरलाई समाप्त गर्ने निर्णयमा पुगेको छु। शान्त र आनन्दसाथ यो निर्णय लिएको हुँ,' उनले भनेका छन्। ३६ वर्षीय अल्बाले स्पेनका लागि २०१२ को युरोकप जितेका थिए। युरोकप विजेता भएको केही महिनापछि नै उनी बार्सिलोनामा आबद्ध भए। बार्सिलोनामा रहँदा उनले ६ पटक स्पेनिस ला लिगा, पाँचपटक कोपा डेल रे र चारपटक स्पेनिस सुपर कप हात पारे। यसैगरी अल्बाले बार्सिलोनबाट समान एकपटक च्याम्पियन्स लिग, क्लब फिफा विश्वकप र युइएफए सुपर कप जितेका थिए।

भियतनामलाई हराउनैपर्ने दबाबमा नेपाल

रमेश सुवेदी/नयाँ पत्रिका

एएफसी एसिया कप छनोटको तेस्रो चरणमा नेपालले बिहीबार घरेलु टोली भियतनामको सामना गर्दै छ। घरेलु टोली भियतनामविरुद्ध सकारात्मक नतिजा निकाल्नेमा नेपाली खेलाडी विश्वस्त छन्। समूह 'एफ'मा दुईवटै खेलमा पराजित नेपाल स्पष्ट ३ अंक बटुल्न चाहन्छ। भियतनामको मैदानमा नेपालको होम एन्ड अवे खेल हुनेछ। अस्ट्रेलियन नागरिक म्याट रोसको प्रशिक्षणमा रहेको नेपालले १४ अक्टोबरमा घरेलु मैदानका रूपमा भियतनाविरुद्ध उसैको रंगशालामा खेल्नेछ।

दुई खेल गुमाएको नेपालले एसिया कपमा छनोटको आशा जीवितै राख्न दुवै लेगमा भियतनामलाई हराउनुपर्ने

१४ अक्टोबरको खेल दशरथ रंगशालामै हुनुपर्ने थियो। तर, एएफसीले रंगशालालाई 'अयोग्य' घोषणा गरेको छ। अखिल नेपाल फुटबल संघले भियतनामको मैदानमा आफ्नो घरेलु मैदान बनाएको हो। भियतनामविरुद्ध प्रतिस्पर्धा गर्नुअघि नेपाललाई एक पक्षले फाइदा गरेको छ। नेपालविरुद्ध खेलेको मलेसिया फिफाको निलम्बनमा छ। सात खेलाडीले कागजात किर्ते गरेको आरोपपछि मलेसियाले यसअघि दुई खेलबाट बटुलेको अंक खोसिने सम्भावना छ। फिफाले मलेसियन सात खेलाडीलाई एक वर्षसम्म कुनै खेलमा सहभागी हुन नपाउने गरी निलम्बन गरेको छ।

भियतनामपछि पनि नेपालले मलेसियासँग खेल्दै छ। भियतनामविरुद्ध नेपालले दुवै खेल जिते एसिया कपमा छनोटको सम्भावना पनि उच्च छ। गत जुनमा नेपाल कमजोर लाओसविरुद्ध २-१ ले पराजित भएको थियो। त्यही खेलको नतिजाले नेपाली टोलीलाई सताएको छ। छनोट चरणको पहिलो खेलमा नेपाल मलेसियासँग २-० ले पराजित भएको थियो। समूहको शीर्ष स्थानमा रहने टोलीले अर्को वर्ष साउदी अरेबियामा हुने एसियन कपमा स्थान बनाउनेछ।



■ २२ वर्षपछि आमनेसामने

नेपालले २२ वर्षपछि भियतनामको राष्ट्रिय फुटबल टोलीविरुद्ध प्रतिस्पर्धा गर्न लागेको हो। सन् २००३ मा नेपालले एसिया कप छनोटको दोस्रो चरणमा भियतनामविरुद्ध खेलेको थियो। त्यसयता एएफसीले आयोजना गरेको प्रतियोगितामा नेपाल र भियतनामबिच खेल भएको थिएन। २२ वर्षअघि दक्षिण कोरियाको इन्चोनमा भएको एसिया कप छनोटको दोस्रो चरणमा नेपाल भियतनामबाट पहिलो लेगमा ५-० ले पराजित भएको थियो। त्यसपछि ओमानको मस्कटमा भएको दोस्रो लेगमा नेपाल भियतनामबाटै २-० ले पराजित भयो। यसबिच भियतनाम दुईपटक एसिया कपमा छनोट भइसकेको टोली हो। दक्षिण-पूर्वी देशमध्ये भियतनामको फुटबल माथिल्लो दर्जाको मानिन्छ। फेरि भियतनाम आसियान च्याम्पियनसिप २०२४ को विजेता पनि हो। दक्षिण-पूर्वी राष्ट्रहरूका सबैभन्दा ठ्ठो ओसियानामाथि भियतनामले तीनपल्ट कब्जा जमाएको छ।

■ दुई साताको प्रशिक्षण

भियतनाम भ्रमणअघि नेपाली टोलीले दुई साताको अभ्यास गऱ्यो। बंगलादेशको शीर्ष डिभिजन लिगमा आबद्ध कप्तान किरणकुमार लिम्बू बुधबार मात्रै भियतनाम पुगेका छन्। किरणसँगै यस सिजन बंगलादेशको लिग खेल्न लागेका अन्य सात खेलाडी अभ्यासका लागि नेपाल नै आएका थिए। प्रशिक्षक रोसले पहिलो चरणमा ३३ खेलाडीलाई प्रशिक्षणमा राखेका थिए। दोस्रोपटकको क्याम्पबाट राष्ट्रिय टोलीमा ६ खेलाडीले पुनरागमन गरेका थिए। गोलरक्षक विशाल सुनार, डिफेन्डर विमल पाण्डे, सनिश श्रेष्ठ र सुमित श्रेष्ठ तथा मिडफिल्डरद्वय कृतिशरत्न छुन्जू र आयुष घलानले पुनरागमन गरेका हुन्। गत ६ सेप्टेम्बरमा बंगलादेशविरुद्ध मैत्रीपूर्ण खेलमा अमित लामा, आदित्य शाक्य, रन्दीप पौडेल, समिर तामाङ, सृजनराज गौतम र टिकेन्द्र थापाबाट बाहिर भएका हुन्।

CG CHAUDHARY GROUP
Touching life everyday

जेन-जी आन्दोलनका शहिद परिवारलाई रोजगारी दिने सम्बन्धमा

चौधरी ग्रुप, सानेपा, ललितपुरको सुचना

२०८२ साल भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा शहादत प्राप्त गर्नुभएका प्रत्येक शहिद परिवारका एक सदस्यलाई रोजगारी प्रदान गर्ने चौधरी ग्रुपको घोषणाअनुसार इच्छुक शहिद परिवारका सदस्यले आवश्यक कागजातसहित इमेल (cggenzsupport@chaudharygroup.com) मार्फत् सम्पर्क गर्नहुन अनुरोध गर्दछौं ।

पेश गर्नुपर्ने आवश्यक कागजातहरू :

१. नेपाल सरकारद्वारा प्रदान गरिएको शहिद प्रमाण-पत्रको (जेन-जी आन्दोलनका क्रममा) प्रतिलिपि
२. शहिदसँगको नाता खुल्ने स्थानीय तह वा अन्य आधिकारिक निकायबाट जारी भएको आधिकारिक प्रमाण-पत्रको प्रतिलिपि
३. शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि
४. विशेषज्ञता तथा अनुभव भएमा सो प्रमाण-पत्रको प्रतिलिपि
५. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
६. बायोडाटा

थप जानकारी आवश्यक भएमा:
मधुसूदन पौड्याल
(जनरल म्यानेजर)
कर्पोरेट कम्यूनिकेशन/
पब्लिक रिलेसन डिपार्टमेन्ट
मोबाइल: ९८५१२२४०००
इमेल: cggenzsupport@chaudharygroup.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com